# अध्याय - एक

# परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **'पश्चिम गुल्मीका लोकगीतको अध्ययन'** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत पाटन संयुक्त क्याम्पस, नेपाली शिक्षण समिति स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनार्थ तयार पारिएको हो ।

## १.३ समस्याकथन

लोकगीतको दृष्टिले गुल्मी जिल्ला अत्यन्त धनी मानिन्छ । तर पनि यहाँका लोकगीतको अध्ययन ज्यादै न्यूनरूपमा भएको पाइन्छ । त्यसमा पनि पश्चिम गुल्मीका लोकगीतको उच्च स्थान भएकोले यस शोधपत्रमा लोकगीतको अध्ययन गर्दा निम्नलिखित समस्यालाई आधार बनाइएको छ :

क) पश्चिम गुल्मीमा के-कस्ता लोकगीत प्रचलित छन् ?

ख) पश्चिम गुल्मीमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण के कसरी गर्न सकिन्छ ?

ग) पश्चिम गुल्मीमा प्रचलित लोकगीतको अध्ययन र मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

घ) पश्चिम गुल्मीमा प्रचलित लोकगीतका विशेषता के कस्ता रहेका छन् ?

## १.४. शोधकार्यका उद्देश्य

प्रस्तुत शोधपत्रमा शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन :

क) पश्चिम गुल्मीमा प्रचलित लोकगीतहरूको पहिचान गर्नु,

ख) पश्चिम गुल्मीमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण गर्नु,

ग) पश्चिम गुल्मीमा प्रचलित लोकगीतको अध्ययन र मूल्याङ्कन गर्नु,

घ) पश्चिम गुल्मीमा प्रचलित लोकगीतका विशेषताहरूको निर्क्योल गर्नु ।

## १.५. पूर्वकार्यको समीक्षा

लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण राष्ट्रिय तथा क्षेत्रीयस्तरबाट केही हदसम्म भएको पाइन्छ । पश्चिम गुल्मीमा प्रचलित लोकगीतका बारेमा भने हालसम्म कुनै अध्ययन विश्लेषण भएको पाइँदैंन तापनि यस क्षेत्रमा गाइने कतिपय लोकगीत सङ्कलन गरी रेकर्ड गराएर रेडियो नेपाल तथा विभिन्न एफ.एम. रेडियोबाट बजाउने काम कतिपय लोक कलाकारहरूबाट भएको छ । यस्ता ख्यातिप्राप्त लोककलाकारहरूमा बमबहादुर कार्की, एकनारायण भण्डारी लगायतका छन् । यसक्रममा नेपाली भाषा र लोकसाहित्यका विभिन्न पाटामा लेखक, सम्पादक, सङ्कलक र अध्येताहरूबाट भए गरेका उल्लेख्य पूर्वकार्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) वि.सं २००७ सालमा रेडियो नेपालको स्थापना भएपछि गुल्मी जिल्लामा प्रचलित लोकगीतहरू प्रसारण मात्र भएका छन् तर यस जिल्लाका लोकगीतको व्यापक सङ्कलन अध्ययन र विश्लेषण भएको पाईंदैन ।

ख) वि.सं. २०१६ सालमा धर्मराज थापाले **'मेरो नेपाल भ्रमण'** नामक पुस्तक लेखका छन् तर यस पुस्तकमा पश्चिम गुल्मीमा प्रचलित सबै लोकगीत समावेश भएका छैनन् ।

ग) वि.सं २०२५ सालमा गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालयको मुख पत्रको रूपमा वि.स. २०३० सालदेखि **'हाम्रो पुरूषार्थ'** नामक साहित्यिक पत्रिकाको प्रकाशन भयो । यसले लोकसाहित्यका विविध पाटामा सामग्री प्रकाशित गरी नेपाली भाषा र साहित्यको विकासमा सहयोग पु¥याए पनि पश्चिम गुल्मीका लोकरचनाको यथेष्ट प्रकाशन देखिँदैन ।

घ) वि.सं २०३० सालमा धर्मराज थापाले नै लेखेको **'गण्डकीका सुसेली'** नामक पुस्तकमा गण्डकी, लुम्बिनी र धौलागिरि अञ्चलका लोकगीतका भेदहरूका बारेमा विस्तृत विवरण दिने काम गरेका छन् तर पश्चिम गुल्मीका लोकगीतको विवरणसम्म दिएको देखिँदैन ।

ङ) वि.सं २०३७ सालमा गुल्मी जिल्लामैं हीरामणि अर्यालको सम्पादकत्वमा **'किरण पत्रिका'** को प्रकाशन भए पनि यसले लोकगीतको क्षेत्रमा उल्लेख्य सामग्री पस्केको पाइँदैन ।

च) वि.स. २०३९ सालमा होमनाथ सापकोटाले **फोक्सिङ पञ्चायतमा पाइने लोकसाहित्यको सङ्कलन र वर्गीकृत सर्वेक्षण** - २०३९ भन्ने भिलेज प्रोफाइलमा

लोकगीतका केही झलक प्रस्तुत गरेका छन् तापनि यो एउटा गा.वि.स.को सीमामा रहेकोले पश्चिम गुल्मीका लोकगीतमा खासै सम्बन्ध राखेको देखिँदैन ।

छ) वि.सं २०४१ सालमा धर्मराज थापा र हंशपुरे सुवेदीले **'नेपाली लोकसाहित्यको विवेचना'** नामक पुस्तक लेखी लोकगीतको वर्गीकरण गरेका छन् । यस पुस्तकमा पनि उनीहरूले गुल्मीका लोकगीतका बारेमा यथेष्ट सामग्री दिएको देखिँदैन ।

ज) वि.सं २०५२ सालको विष्णुहरि ज्ञवालीको एम.ए शोधपत्र **'नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान'** मा गुल्मी जिल्लाको लोकसाहित्यको संक्षिप्त चर्चा गरेका छन् तर पश्चिम गुल्मीका लोकगीतलाई खासै समेट्न सकेको पाइँदैन ।

झ) वि.सं २०५७ सालमा कृष्णप्रसाद पराजुलीले लेखेको **'नेपाली लोकगीतको आलोक'** नामक पुस्तकमा नेपाली लोकगीतको व्यापक अध्ययन गरिएको छ । यसमा उनले पनि पश्चिम गुल्मीका लोकगीतलाई समेट्न सकेका छैनन् ।

ञ) वि.सं २०५८ सालमा चूडामणि बन्धुले लेखेको **'नेपाली लोकसाहित्य'** नामक पुस्तकमा नेपाली लोकगीतको व्यापक अध्ययन विश्लेषण गरिएको छ । यस पुस्तकमा पनि गुल्मेली लोकगीतको खासै अध्ययन गरिएको छैन ।

ट) वि.सं २०६० सालमा झविन्द्र महतले **'गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन'** शीर्षकमा शोधपत्र तयार गरेका छन् । यसमा पनि पश्चिम गुल्मीका लोकगीतलाई खासै समेट्न सकेका छैनन् ।

ठ) वि.सं २०६३ सालमा दीपककुमार शर्माले **'गुल्मी जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन वर्गीकरण र विश्लेषण'** शीर्षकमा शोधपत्र तयार गरेका छन् । यसमा गुल्मी जिल्लाको पूर्वोत्तर क्षेत्रको भुर्तुङ्ग गा.वि.स. लगायत अन्य एक दुई गा.वि.स. मा प्रचलित लोकगीतको मात्र अध्ययन विश्लेषण गरेका छन् ।

ड) संस्थागत रूपमा रेडियो नेपाल, नेपाल टेलिभिजन, रेसुङ्गा एफ.एम., गुल्मी एफ.एम, आदिले लोकगीत प्रसारण गरेर लोकगीतको श्रीबृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् तापनि यी संस्थाले गुल्मी जिल्लाका लोकगीतको अध्ययन विश्लेषण गरेको देखिँदैन ।

यस प्रकार गुल्मी जिल्लाको लोकसाहित्यको फाँटमा केही उलेख्य काम भने अवस्य भएको पाइन्छ तर पश्चिम गुल्मीका लोकगीतको विस्तृत अध्ययन भएको पाइँदैन । यसरी गरिएका पूर्वकार्यहरू राष्ट्रियस्तरबाट र अञ्चलस्तरबाट गरिएका छन् । जिल्लास्तरबाट यस्ता कार्यहरू अपर्याप्त भएकाले यथासम्भव पश्चिम गुल्मीमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.६. शोध कार्यको औचित्य, महत्व र उपयोगिता

प्रस्तुत शोधकार्यमा पश्चिम गुल्मीका लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरेर नेपाली लोकगीतको अध्ययन अनुसन्धानमा अहिलेसम्म भएका कार्यहरूमा एउटा ईंटा थप्ने काम गरिएको छ । यस क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन विश्लेषण गरी यहाँको रीतिस्थिति, भेषभूषा र सामाजिक गतिविधिका बारेमा जानकारी राख्न खोज्नेहरूलाई; लोकसंस्कृति र लोकसाहित्यको अध्ययन अनुसन्धान गर्न चाहनेहरूलाई यस शोधकार्यले धेरै सहयोग पुऱ्याउने छ । मौखिकरूपमा छरिएर रहेका तथा लोप हुन लागेका स्थानीय लोकगीतहरूलाई लिपिबद्ध गरेर राष्ट्रियस्तरमा तिनको परिचय प्रदान गरी नेपाली लोकगीतको श्रीबृद्धिमा थप योगदान पुऱ्याउनु यस शोधकार्यको औचित्य, महत्व र उपयोगिता रहेको छ ।

## १.७. शोधकार्यको सीमाङ्कन

लोकगीत नेपालभर गाइन्छन । विशेष गरी पश्चिमाञ्चल विकासक्षेत्र लोकगीतको भण्डार मानिन्छ । यस शोधपत्रमा नेपालको लुम्बिनी अञ्चलको गुल्मी जिल्लाको पश्चिम क्षेत्रका मुसीकोट, हस्तिचौर र नयाँगाउँदेखि पश्चिमतर्फका २९(उनन्तीस) ओटा गा.वि.स. तथा त्यसका आसपासका क्षेत्रमा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.८ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका निम्ति सामग्री सङ्कलन गर्दा क्षेत्रीय अध्ययन विधि अपनाइएको छ । सामग्री सङ्कलनका क्रममा पश्चिम गुल्मीका स्थानीय क्षेत्रमा गई त्यहाँका मेला, पर्व, उत्सव आदि सामाजिक तथा सांस्कृतिक क्रियाकलापहरूमा प्रत्यक्ष सहभागी भएर गीत सङ्कलन गरिएको छ । यसक्रममा अन्तर्वार्ता, छलफल र मोबायल रेकर्डको प्रयोग समेत गरिएको छ । कतिपय अवस्थामा गाउँघरमा पुगेर स्थानीय गायक र बुजुर्गहरूसँग सोधपुछ गरी मौखिकरूपमा टिपोट गरी सङ्कलन गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा सङ्कलन गरिएका सामग्रीलाई विभिन्न सिद्धान्तका कसीमा राखेर अध्ययन विश्लेषण गर्ने प्रयास गरिएको छ। क्षेत्रीय अध्ययन विधि यस शोध कार्यको मूल विधि रहेकमो छ । विशेष गरी पश्चिम गुल्मीका २९(उनन्तीस) ओटा गा.वि.स. मा प्रचलित लोकगीतलाई सम्बन्धित क्षेत्रमा गएर सङ्कलन गरी यो अध्ययन पूरा गरिएको छ । अध्ययन विश्लेषणका क्रममा सम्बन्धित लोकगीतका ज्ञाताका लोकगीतलाई उद्धृत

गरी पुस्तक र पत्रपत्रिकाका माध्यमबाट पुस्तकालयीय विधिको प्रयोग गरी विश्लेषण गरिएको छ भने कतिपय अवस्थामा वर्णनात्मक, विश्लेषणात्मक र आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखालाई निम्नलिखित ६ अध्यायमा विभाजन गरिएको छ :

क) अध्याय एक : परिचय

ख) अध्याय दुई : गुल्मी जिल्लाको अध्ययन

ग) अध्याय तीन : लोकगीतको सैद्धान्तिक अध्ययन

घ) अध्याय चार : पश्चिम गुल्मीका लोकगीतको सङ्कलन र वर्गीकरण

ङ) अध्याय पाँच : पश्चिम गुल्मीका लोकगीतको अध्ययन र मूल्याङ्कन

च) अध्याय छ : उपसंहार एवम् निष्कर्ष

अन्त्यमा, लोकगीतका सूचकहरूको परिचय, सन्दर्भ ग्रन्थसूची र परिशिष्टका रूपमा गुल्मी जिल्लाको नक्सा र लोकगीतको सूची प्रस्तुत गरिएको छ ।

## अध्याय दुई

# गुल्मी जिल्लाको अध्ययन

### २.१ परिचय

गुल्मी पूर्वपश्चिम फुकेको र उत्तरदक्षिण साँघुरिएको नेपालको एउटा पहाडी जिल्ला हो । यहाँको भूगोल तथा हावापानी मानव बसोबासको लागि उपयुक्त छ । यस अध्यायमा यस जिल्लाको ऐतिहासिक पृष्ठभूमि, क्षेत्रफल, सिमाना धरातलीयस्वरूप लगायत सामाजिक तथा सांस्कृतिक, आर्थिक, राजनीतिक एवम् प्रशासनिक विषयवस्तुको बारेमा अध्ययन गरिएको छ ।

### २.२ ऐतिहासिक पृष्ठभूमि

नेपालका ७५ जिल्लामध्ये पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने एउटा जिल्ला हो गुल्मी । मध्यकालमा गण्डकी क्षेत्रमा पर्ने चौबीसी राज्यअन्तर्गत मुसीकोट, धुर्कोट, इस्मा र गुल्मी गरी चार राज्य हालको गुल्मी जिल्लामा पर्दथे । वि.सं १४४८ पछि पश्चिमका खस मल्ल राज्यहरूको पतनपछि गण्डकी क्षेत्रमा चौबीसी राज्यको स्थापना हुँदा उपर्युक्त राज्यको स्थापना भएको थियो ।

हालसम्मका ऐतिहासिक स्रोतका आधारमा हेर्दा गुल्मी राज्यका पहिला राजा वीर शाह हुन् । उनले वि.सं. १४९३ मा गुल्मी राज्यका राजा भएर स्वतन्त्र राज्यको स्थापना गरेका थिए ।[१] गुल्मी राज्यमा केही समय पाल्पाका सेन राजाहरूले पनि राज्य गरेका थिए । धुर्कोट राज्यको स्थापना वि.सं. १४६५ मा सूर्यवंशी राजा खड्गराज मल्लले गरेका थिए ।[२] मुसीकोट र इस्मा राज्यको स्थापना वि.सं.१५५० तिर चन्द्रवंशी राजाले गरेका थिए तर यी राज्यका संस्थापक राजा को थिए भन्ने विषयमा प्रमाण भेटिएको छैन । छिमेकी राज्य भएर पनि यिनीहरूबीच एक आपसमा त्यति राम्रो मेलमिलाप नभएका कारणले गर्दा मुसीकोट र इस्मा प्युठान राज्यको र गुल्मी पाल्पा र राज्यको नेतृत्वमा संचालित थिए ।[३] त्यतिबेला पाल्पा राज्यको नेतृत्वमा रहेकाले गुल्मी शक्तिशाली राज्य मानिन्थ्यो । उन्नाईसौं शताब्दीमा पाल्पाका राजा महादत्त सेन र नायब बहादुर शाहको संयुक्त प्रयासबाट उपर्युक्त गुल्मी राज्य पराजित भएको थियो । आफ्नो राज्य पाल्पाको अधीनमा गएपछि गुल्मीका पराजित राजा रामनगरका राजाको शरणमा गई बसे । सैनिक शक्तिमा पाल्पाभन्दा दुर्वल भएपनि कुटनीतिमा निपुण शिव शाहले रणबहादुर शाहसँग सम्बन्ध गाँस्न सकेमा केही फाइदा हुनेदेखि आफ्नी नातिनी राजेश्वरीको विवाह रणबहादुर शाहसँग गरिदिए । वैवाहिक सम्बन्ध

---

[१] राजाराम सुवेदी, **गुल्मीको ऐतिहासिक झलक,** (गुल्मीः किरण पुस्तकालय, २०५५), पृ.४७ ।

[२] ऐजन, पृ.६९ ।

[३] **मेचीदेखि महाकाली**, भाग-३, (काठमाडौंः श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१) पृ. ७२३ ।

पछि रणबहादुर शाहले गुल्मी राज्य पाल्पाबाट फिर्ता लिई शिव शाहलाई दिए । नेपाल एकीकरणको अभियान र रणबहादुर शाहको मृत्युले गर्दा पाल्पाको अधिनमा रहेको गुल्मी राज्य स्वतन्त्र राज्यको रूपमा टिक्न सकेन । बाइसी-चौबीसी राज्यलाई विशाल नेपालमा गाभ्दै आएका मुख्तियार भीमसेन थापाले वि.सं. १८६३ मा अर्घा र खाँचीलगायत गुल्मीलाई पनि विशाल नेपालमा मिलाए ।[४] इस्मा, मुसीकोट र धुर्कोट राज्यहरूलाई भने पछि भीमसेन थापा र गिर्वाणयुद्ध विक्रम शाहले विशाल नेपालमा मिलाएका थिए ।
यस जिल्लामा केही ऐतिहासिक महत्वका स्थलहरू रहेका छन् । जसमा रेसुङ्गा तपोभूमि, कालिगण्डकी, श्रृङ्गाश्रम, रिडी, धुर्कोट, इस्मा, चारपाल, मानकोट, मालिका मन्दिर आदि उल्लेख्य छन् ।

## २.३ भौगोलिक स्थिति

गुल्मी नेपालको पहाडी जिल्ला हो । यहाँ कतै अग्ला-अग्ला पहाडहरू छन् भने समथर फाँट, खोँच र बेंसीका भुभागहरू रहेका छन् । केही उच्च स्थानमा मैदानी भाग पनि रहेका छन् । यसरी गुल्मी जिल्लाको भौगोलिक बनावट एकनासको नभई असमान किसिमको छ । यसको भौगोलिक स्थिति २७° ५५' उत्तरी अक्षांशदेखि २८° २७' उत्तरी अक्षांशसम्म र ८३° १०' पूर्वी देशान्तरदेखि ८३° ३५' पूर्वी देशान्तरको बीचमा अवस्थित छ ।[५] यो जिल्ला समुद्रसतहबाट ४६५ मि. - २,६९० मि. सम्मको उचाइमा रहेका छ ।[६]

### २.३.१ क्षेत्रफल र सिमाना

गुल्मी जिल्ला पूर्व पश्चिम लाम्चो आकारमा र उत्तर-दक्षिण साँघुरो आकारमा फैलिएको छ । यसको पूर्वपश्चिम औसत लम्बाइ ४० कि.मि. र औसत चौडाइ ३० कि.मि रहेको छ । यस जिल्लाको कुल क्षेत्रफल भने १,१४९.३७ वर्ग कि.मि रहेको छ ।[७] गुल्मी जिल्लाको पूर्वमा पर्वत र स्याङ्जा, पश्चिममा प्यूठान, उत्तरमा बाग्लुङ र दक्षिणमा पाल्पा र अर्घाखाँची जिल्ला रहेका छन् ।

### २.३.२ धरातलीय स्वरूप

भौगोलिक बनावटका आधारमा गुल्मी जिल्लाको धरातलीय स्वरूपलाई पहाडी भाग र बेंसी भागमा विभाजन गर्न सकिन्छ ।

---

[४] ऐजन, पृ.७२४ ।

[५] **शिक्षा ज्योतिः** (स्मारिका जि.शि.का. गुल्मी, २०५६), पृ. ७३ ।

[६] **गुल्मी जिल्ला पार्श्वचित्र,** (जि.वि.स. को कार्यालय, गुल्मी, २०५६) ।

[७] ऐजन ।

### २.३.२.१ पहाडी भाग

गुल्मी जिल्लाको अधिकांश क्षेत्र पहाडी धरातलले बनेको छ । थाप्ले पहाड जिल्लाको सबैभन्दा अग्लो पहाड हो । यो समुद्र सतहदेखि २,६९० मि. को उचाईमा रहेको छ । जिल्लाका अधिकांश मानिस पहाडी क्षेत्रमा नै बस्दछन् । अलि उचाइको क्षेत्रमा मानिसको बसोबास न्यून रहेका छ । यहाँको पहाडी भाग कृषि उपजका लागि न्यून रहे तापनि वन पैदावारका लागि मध्यम मानिन्छ । यस जिल्लाका अच्च पहाडहरूमा भार्से र फोक्सिङ गा.वि.स.को बीचमा पर्ने थाप्ले लेक, मर्भुङ र अर्खावाङको बीचमा पर्ने मदाने लेक, तम्घासको उत्तरमा रहेको रेसुङ्गा लेक, कुर्घाको मालिका लेक, वामीको वामीदह लेक मुख्य रहेका छन् ।

### २.३.२.२ बेंसी भाग

यस जिल्लाका पहाडका फँदीमा बग्ने नदी तथा खोलाका किनारमा अवस्थित समथर परेका भूभागलाई बेंसी क्षेत्र भनिन्छ । यी क्षेत्र कृषि उत्पादनका लागि उत्तम मानिन्छन् । यहाँको माटो उर्वर भएको र सिँचाईको सुविधाले गर्दा प्रशस्त मात्रामा खाद्य तथा नगदेवाली उत्पादन हुन्छ । पहाडी भागमा भन्दा बढी सेवा सुविधा भएकाले बजार बिस्तार भइ जनआवदी बढ्दै गएको छ । यस्ता मुख्य बेंसीहरूमा सिमलटारी फाँट, चौरासी फाँट, छल्दी खोलाको घर्ती फाँट, मजुवा फाँट, खैरेनी फाँट, शान्तिपुरको हरेवा फाँट, आँपचौरको फाँट, वामी फाँट, कुरूङ खोलाको फाँट आदि रहेका छन् । यी क्षेत्रमा पहाडी भागको तुलनामा उष्ण हावापानी पाइन्छ ।

### २.३.३ हावापानी

गुल्मी जिल्लाको धरातलीयस्वरूप अनुसार यहाँको हावापानीलाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

**क) उष्ण मनसुन जलवायु :** समुद्र सतहबाट ४६५ मि. देखि ९१५ मि. सम्मको उचाइको भागमा यस किसिमको हावापानी पाइन्छ । यस भागमा ग्रीष्ममा ३५$^{\circ}$ सेन्टीग्रेडसम्म तापक्रम पुग्दछ र गर्मी महसुस हुन्छ भने हिउँदमा तापक्रम घट्ने हुनाले न्यानो महसुस हुन्छ । ग्रीष्ममा अधिक वर्षा हुन्छ ।

**ख) अर्धोष्ण जलवायु :** समुद्र सतहबाट ९१५ मि. देखि २,१३५ मि. सम्मको उचाइको भागमा यस किसिमको हावापानी पाइन्छ । यस भागमा ग्रीष्ममा हावापानी न्यानो हुन्छ भने हिउँदमा ५$^{\circ}$ सेन्टीग्रेडसम्म तापक्रम झर्ने हुँदा जाडो महसुस हुन्छ ।

**ग) शीतोष्ण जलवायु :** समुद्र सतहबाट २,१३५ मि. देखि २,६९० मि. सम्मको उचाइमा यस किसिमको हावापानी पाइन्छ । यस भागमा ग्रीष्ममा न्यानो हुन्छ भने हिउँदमा ०$^{\circ}$ सेन्टी

ग्रेडसम्म तापक्रम झर्ने हुँदा जाडो हुन्छ । रेसुङ्गा, थाप्ले, मदाने आदि पहाडको आसपासमा यस किसिमको हावापानी पाइन्छ ।[८]

### २.३.४ वनजङ्गल

गुल्मी जिल्ला वनजङ्गलमा धनी छ । यहाँको हावापानीमा विविधता भएकोले जङ्गलमा विभिन्न बोटविरूवा पाइन्छन् । यस जिल्लाको तल्लो भेगमा साल, सल्ला, धार्ने, चिलौनी, चिउरी, टुनी, शिरीष, काफल, तिजुजस्ता रूखहरू पाइन्छन् ।[९] यस प्रकारका रूखहरू विशेष गरी काठको काममा प्रयोग गरिन्छ ।

माथिल्लो भेगमा भने गुराँस, अँगेरा, खर्सु, बाँझ, फिरफिरे, फलाँट, मानिकाठ, सौर, कालीकाफल, मल्लातो, ओखर, लाँकुरी, पाँकुरी उत्तिस, काब्रो, दबदबे आदि रूखहरू पाइन्छन् जुन दाउराका रूपमा बढी उपयोगी हुन्छन् ।

यस जिल्लाको उच्च पहाडी भेगमा विभिन्न प्रकारका जडीबुटी पाइन्छन् । यस्ता जडीबुटीमा सतुवा, पाखनभेद, हर्रो, बर्रो, अमला, असुरो, दुबसिन्की, गानेगुर्जो, निम, प्रमुख रहेका छन् । यी जडीबुटीको सही तरिकाले खोज अनुसन्धान र प्रयोग भने हुन सकेको छैन । आजभोलि वनमारा नामक वनस्पतिले बोटबिरूवा तथा जडीबुटीलाई धेरै असर पारेको छ । यहाँका जङ्गलमा बाघ, भालु, मृग, हरिण, स्याल, चितुवा, माउखानी(मलसाँप्रो), खरायो जस्ता जनावर पाइन्छन् भने ढुकुर, कोइली, काग, जुरेली, सारी(मैना), सुगा, धोविनी, भ्याकुरो, फिस्टो, न्याउली, कोकले, लामपुच्छ्रे, भँगेरा, लाटोकोसेरो, तोरीगाँडा, रानी बारी, बाज, चील, गिद्ध, चमेरा आदि पक्षी पाइन्छन् । आजभोलि तीब्र वनविनाशले यी जनावरहरू लोप हुने अवस्थामा पुगेका छन् ।

### २.३.५ नदीनाला

यस जिल्लामा प्रशस्त खोलानालाहरू रहेका छन् । यी खोला विशेष गरी ग्रीष्ममा बढ्ने र हिउँदमा घट्ने गर्दछन् । यस जिल्लाको सीमामा पर्ने कालीगण्डकी नदी र रिडी खोला प्रमुख रहेका छन् भने बढीगाड, दरमखोला, हुग्दी खोला, छल्दी खोला, पनाहा खोला, निस्ती खोला, लगायतका आधा दर्जन खोला उल्लेख्य मानिन्छन् । विभिन्न झरना, खहरे खोला नाला जलविद्युत् उत्पादनका लागि महत्वपूर्ण मानिन्छन् । कुमाल लगायतका केही जातजातिले यी खोलामा माछा मारेर आफ्नो जिविका चलाउँदै आएका छन् ।

## २.४ राजनीतिक एवम् प्रशासनिक विभाजन

राजनीतिक तथा प्रशासनिक हिसाबले गुल्मी जिल्लालाई तीनओटा निर्वाचन क्षेत्र, १३ ओटा इलाका र ७९ ओटा गा.वि.स. मा विभाजन गरिएको छ ।

---

[८] ऐजन

[९] राजाराम सुवेदी, पूर्ववत्, पृ.५ ।

वि.सं. २००८ सालसम्म गुल्मी जिल्ला पाल्पा जिल्लाको प्रशासनबाट सञ्चालित थियो । वि.सं. २००९ सालमा अर्घाखाँचीलाई समेटेर यस जिल्लालाई छुट्टै जिल्लाका रूपमा मान्यता दिइयो । वि.सं. २०१८ साल बैशाख १ गते गुल्मी र अर्घाखाँचीलाई दुई छुट्टाछुट्टै जिल्ला बनाइयो तापनि वि.सं २०२४ सालसम्म एउटै अड्डा प्रमुखले दुवै जिल्ला हेर्दथे । वि.सं. २०२५ सालपछि मात्र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भएपछि गुल्मी जिल्लाको प्रशासन अलग्गै सञ्चालन हुन थाल्यो ।
वि.सं. २०१९ सालदेखि वि.सं. २०३२ सालसम्म गुल्मी जिल्लालाई पाँचओटा थुम र ९७ ओटा गाउँ पञ्चायतमा विभाजन गरियो । वि.सं. २०३३ सालमा आठओटा गाउँ पञ्चायतलाई बाग्लुङ्ग जिल्लामा समावेश गरियो । बाँकी रहेका ८९ गाउँ पञ्चायतलाई मिलाएर ६६ गाउँ पञ्चायत कायम गरियो । वि.सं. २०३७ सालमा ६६ गाउँ पञ्चायतलाई अदलबदल गरी उनासीओटा गाउँ पञ्चायत कायम गरियो । वि.सं. २०४७ को संविधान जारी भएपछि ७९ ओटै गाउँ पञ्चायतलाई गा.वि.स. मा परिणत गरियो । ती ७९ गा.वि.स. लाई तीनओटा निर्वाचन क्षेत्रमा विभाजन गरियो । यसपूर्व गुल्मी जिल्लाबाट दुई जना राष्ट्रिय पञ्चायतका सदस्यहरूले संसदमा प्रतिनिधित्व गर्दथे ।

बहुदलीय व्यवस्थाको पुनस्थापना पछि वि.सं. २०४८ को आमनिर्वाचनमा नेपाली काङ्ग्रेस, वि.सं. २०५१ को मध्यावधि निर्वाचन र २०५६ सालको आमनिर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी एमालेले तीनओटै निर्वाचन क्षेत्रमा विजयी भए । वि.सं. २०६४ सालको संविधानसभाको चुनावमा एउटा क्षेत्र नेकपा एमाले र दुईओटा क्षेत्रमा एकीकृत नेकपा माओवादीका सभासद निर्वाचित भए । गुल्मी जिल्लाका तीनओटा निर्वाचन क्षेत्र अन्तर्गतका ७९ओटा गा.वि.स. हरू यस प्रकार छन् ।[10]

**क) निर्वाचन क्षेत्र नं. १**

| | | | | |
|---|---|---|---|---|
| १. आँपचौर | २. अर्लाङकोट | ३. कुर्घा | ४. शान्तिपुर | ५. तुराङ |
| ६. विशुखर्क | ७. दिब्रुङ | ८. हर्राचौर | ९. हरेवा | १०. अस्लेवा |
| ११. भार्से | १२. हसरा | १३. रूपाकोट | १४. जुहाङ | १५. जुनियाँ |
| १६. लिम्घा | १७. ठूलो लुम्पेक | १८. भुर्तुङ | १९. ग्वाघा | २०. अर्वेनी |
| २१. फोक्सिङ | २२. पूर्तिघाट | २३. हर्मीचौर | २४. जयखानी | |
| २५. खड्गकोट | | | | |

[10] जिल्ला विकास समिति, गुल्मीद्वारा प्रकाशित स्रोतका आधारमा

**ख) निर्वाचन क्षेत्र नं. २**

१. अर्खले २. तम्घास ३. सिमीचौर ४. दुबीचौर ५. गौंडाकोट ६. बलिथुम

७. वडागाउँ ८. पराल्मी ९. मुसीकोट १०. जुभुङ ११. दिगाम १२. ग्वादी

१३. हुँगा १४. पल्लिकोट १५. रिमुवा १६. थानपति १७. वीरवास

१८. वलेटक्सार १९. दौघा २०. अमरअर्वाथोक २१. बम्घा २२. रूरू

२३. हर्दिनेदा २४. खर्ज्याङ २५. वामीटक्सार २६. दरबार देवीस्थान

**ग) निर्वाचन क्षेत्र नं. ३**

१. अग्लुङ २. घमिर ३. अर्जै ४. इस्मारजस्थल ५. मर्भुङ ६.पौंदीअमराई

७. धुर्कोटवस्तु ८. पीपलधारा ९. बाँझकटेरी १०. नेटा ११. भनभने

१२. नयाँगाउँ १३. अर्खावाङ १४. मलायागिरि १५. अमरपुर १६. दर्लिङ

१७. इस्मादोहोली १८. धुर्कोटरजस्थल १९. जैसीथोक २०. ह्वाङ्दी २१. सिर्सेनी

२२. वाग्ला २३. दर्लामचौर २४. हस्तीचौर २५.म्यालपोखरी

२६.पुर्कोटदह २७. छापहिले २८. हाडहाडे

## २.५ सामाजिक जनजीवन

मानिस सामाजिक प्राणी हो । मानिसले आफ्नो पेसा, भाषा, संस्कार, जात, वर्ग, रहनसहन, आदिलाई व्यवस्थित गरी जीवनमुखी बन्न समाज चाहिन्छ । गुल्मी जिल्लाको सामाजिक जनजीवन पनि विविधतायुक्त रहेको छ । विविधतामा एकता नै यहाँको सामाजिक पहिचान हो ।

### २.५.१ जनसङ्ख्या

गुल्मी जिल्ला विकट पहाडी जिल्ला भए पनि यहाँको जनसङ्ख्या बढी नै मान्नुपर्दछ । वि.सं. २०५८ सालको जनगणनाअनुसार गुल्मी जिल्लाको जनसङ्ख्या २,९७,१३६ रहेको छ । त्यसमध्ये १,३४,४८३ पुरुष र १,६२,६५३ महिला रहेका छन् । जम्मा घरसङ्ख्या ५६,४५१ रहेको छ भने जनघनत्व प्रति वर्ग कि.मि. २५८.५२ रहेको छ ।[११]

[११] **गुल्मी दर्पण,** (जि.वि.स., गुल्मी, २०५८), भाद्र-मङ्सिर ।

### २.५.२. जातजाति

जातीयताको हिसाबले गुल्मी जिल्लालाई धनी मान्नु पर्दछ । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र चारै वर्णका मानिस यहाँ बसोबास गर्दछन् । विशेष गरी यस जिल्लामा बाहुन क्षेत्री र मगरको बाहुल्य रहेको छ । अन्य जातजातिमा गुरुङ, नेवार, ठकुरी, दसनामी (गिरी, पुरी....) कामी, दमाई, सार्की, सुनार, गाइन, कुमाल, बोटे आदि रहेका छन् । यहाँको जातीय समाज पुरुषप्रधान रहेको छ भने हाल सामाजिक कार्यमा महिलाको सहभागिता पनि उल्लेख्य रहेको छ ।

### २.५.३ धर्म

गुल्मी जिल्लाका अधिकांश जनता हिन्दू धर्म मान्दछन् । हिन्दू धर्मका अतिरिक्त क्रिश्चियन, बौद्धमार्गी, मुस्लिम लगायतका अन्य धर्म मान्ने मानिसहरू पनि बसोबास गर्दछन् । समग्रमा यहाँ धार्मिक विविधतामा सहिष्णुता कायम रहेको छ ।

### २.५.४ भाषा

गुल्मी जिल्लामा जातीय विविधता भए तापनि अधिकांश मानिस मातृभाषाको रूपमा नेपाली भाषा बोल्दछन् । विशेष गरी नेवार, गुरुङ, मगर, जातिले पनि मातृभाषाको रूपमा नेपाली भाषा प्रयोग गर्दछन् । जोहाङ, हटिया, धुर्कोट हटिया, चारपाला हटिया र तम्घास बजारमा बस्ने नेवार जातिले आफ्नो परिवारभित्र नेवारी भाषा बोलेको पाइन्छ । ह्वाङ्दी, दर्लिङ, पौंदीअमराई, भार्से, तम्घास आदि गा.वि.स. मा मगरको बस्ती बाक्लो भए तापनि उनीहरू प्राय नेपाली भाषा नै बोल्दछन् । पौंदीअमराई र भुर्तुङ गा.वि.स.का गुरुङले आंशिकरूपमा गुरुङ भाषाको प्रयोग गरेको पाइन्छ । यहाँका अधिकांश मानिसले नेपाली भाषा नै बोल्ने भए पनि क्षेत्रीय भाषिकाको प्रभावले मानक नेपाली भाषाको स्वरूपभन्दा केही बेग्लै प्रकारको संरचना पाइन्छ । यहाँ प्रचलित केही शब्दहरूलाई मानक नेपाली भाषाका शब्दसँग देहाय बमोजिम तुलना गर्न सकिन्छ :

| **गुल्मेली नेपाली** | **मानक नेपाली** |
|---|---|
| हुन्च/खान्च | हुन्छ/खान्छ |
| रच | रहेछ |
| मस्तै | धेरै |
| कत्न/कौनो | कहाँ/कुन |
| छोप्नु | समात्नु |
| आइम/गइम | आयौं/गयौं |
| आइसल | अर्कोसाल |
| गएपार/भएपार | गएदेखि/भएदेखि |
| भो | हुँदैन |
| दैलो | ढोका |
| लोट्यो | लड्यो |
| कन्नो | पिठ्युँ/ढाड |
| नाम्रो | राम्रो |
| बर्को | पछ्यौरा |
| आँटी | माथिल्लो तला |
| राम | रमिता |

### २.५.५ रहनसहन

समान्यतया गुल्मी जिल्लाका जनताको रहनसहन अन्य नेपालीजनताको जस्तै छ । उनीहरूको उठबस बोलीचाली आदरसत्कार सरल किसिमको छ । यहाँका जनताहरू सहयोगी र स्वावलम्बी छन् । आधुनिकताको प्रभाव बढ्दै गए पनि देखासिकी र तडक भडकलाई थाति राख्दै पारम्पारिक जीवनयापन गर्दै आएका छन् ।

### २.५.५.१. लवाइखवाइ

सामान्यतया गुल्मी जिल्लाका जनताहरूको लवाइखवाइ आमनेपाली जनताको जस्तै छ तापनि केही जाति र धर्मका मानिसको आफ्नै पहिचान छ । यहाँ उमेर, मौसम र रूची अनुसारका लुगा लगाउने चलन छ । समग्रमा पुरुषहरू दौरासुरुवाल, टोपी, कमिज, कोट, पाइन्ट, कछाड, आसकोट (इस्टकोट) जाँघे, जुत्ता, चप्पल लगाउँछन् भने महिलाहरू धोती, चौबन्दी चोलो, ब्लाउज, सारी, पछ्यौरा, पटुका, लुङ्गी, टिसर्ट, कुर्ता सुरुवाल आदि लगाउँछन् । विशेष मगर र गुरुङ महिला युवतीहरूले लुङ्गी र टिसर्ट लगाउने गर्दछन् ।

पहिरनमा विविधता भए जस्तै खानामा पनि विविधता छ । यहाँको भौगोलिक स्थितिले पनि खानपानमा फरक पाइन्छ । मकै र कोदो यहाँका मुख्य खाद्यबाली भएकाले आटो, ढिँडो, रोटी दूध, दही, तरकारी मुख्य खानामा पर्दछ । आधुनिकताको प्रभाव तथा सहर र तराइसम्म यातायातको सुविधा भएकोले दाल, भात, रोटी आदि खाने चलन बढेको छ । फलफूल र माछा मासुको प्रयोग न्यून नै देखिन्छ । आफ्नै खेतबारीमा उब्जेका फलफूल

खाने चलन बढी छ भने विभिन्न चाडबाडमा माछा मासुको प्रयोग अधिक गरिन्छ । जाति, धर्म र पेशाअनुसार खसी, बोका, राँगा, पाडा, भैंसी, सुँगुर, बंगुर, हाँस, कुखुरा, परेवा आदिको मासु खाने चलन छ । यसै गरी चाडपर्वअनुसार खाने परिकारमा पनि विविधता छ । साउने सङ्क्रान्तिमा चामलको रोटी, साउनको औंसीमा खीर, मासु, फलफूल, तिहारमा विभिन्न परिकारका रोटी तथा माघे सङ्क्रान्तिमा खिचडी र तरुल खाने चलन छ ।

### २.५.५.२ चाडपर्व

यस जिल्लामा बहुसङ्ख्यक जनताले हिन्दू धर्म मान्ने हुँदा हिन्दूधर्म परम्परासँग सम्बन्धित चाडपर्व नै मान्ने गर्दछन् । विशेष गरेर दसैं, तिहार र तीजलाई धुमधामसँग मनाउँछन् भने नयाँ वर्ष, हरिशयनी एकादशी, साउने सङ्क्रान्ति, जनैपूर्णिमा, ऋषिपञ्चमी, हरिबोधिनी एकादशी, माघे सङ्क्रान्ति, शिवरात्री, फागु पूर्णिमा, चैते दशैं, बुद्ध जयन्ती, आदि चाडपर्व पनि मनाउँछन् ।

### २.५.५.३ संस्कार

मानिसले गर्भधानदेखि मृत्युपर्यन्त गर्ने विविध वैदिक विधानलाई संस्कार भनिन्छ । हिन्दूधर्मानुसार सोह्र (१६) संस्कारको पालना गर्नु पर्नेमा सबै जनताले पालना गरेको पाँईदैन तापनि धेरैजसो संस्कारलाई मान्यता दिएको पाइन्छ । शिशु जन्मिएको समयलाई ध्यान दिएर जन्मकुण्डली बनाउने परम्परा लोकप्रिय छ । मागी विवाहको परम्परा रहे

तापनि प्रेम विवाहले उत्तिकै महत्व पाउँदै गएको छ । यसरी यस जिल्लामा प्रचलित संस्कारहरूमा जातकर्म, न्वारन, छैंटी, पास्नी, चूडाकर्म, उपनयन, विवाह, अन्त्येष्टि आदि प्रमुख रहेका छन् । यसका अतिरिक्त जन्मदिनमा जन्मोत्सव र ८४ वर्ष पूरा भएपछि चौरासी पूजा गर्ने परम्परा रहेको छ ।

## २.६ आर्थिक क्रियाकलाप

आर्थिक क्रियाकलाप मानव जीवनको मेरुदण्ड हो । गुल्मी पहाडी जिल्ला भएकोले ठूला उद्योगधन्दा, व्यापार व्यवसाय सञ्चालन हुन सकेका छैनन् तापनि यहाँका मानिसहरूले आफ्नो जीविका चलाउन विभिन्न आर्थिक क्रियाकलाप गर्ने गरेका छन् ।

### २.६.१ कृषि

गुल्मी जिल्लाका जनताको मुख्य पेसा कृषि हो । यस जिल्लाका करिब ९०% जनता कृषिमा नै निर्भर छन् । उच्च पहाडी भागमा सिँचाइको असुविधा र खेतीयोग्य जमिनको कमी छ । बेंसी भागमा उर्वर भूमि र सिँचाईको सुविधाले गर्दा उत्पादन केही बढी हुन्छ । उर्वरभूमिमा आवास गृह निर्माण गर्ने चलन बढ्दै गएकाले खाद्यान्न आपुर्तिको लागि तराईको मुख ताक्नु पर्ने स्थिति छ । विशेष गरेर यस जिल्लामा खाद्यान्नमा मकै, कोदो, धान, गहुँ, जौ, फापर,

आदि उत्पादन गरिन्छ भने नगदेवालीमा आलु, कफि, प्याज, लसुन, उखु, केराउ, भिलिङ्गे (सिल्टुङ), बोडी, बन्दा, काउली, मूला, रायो साग, फलफूलमा नासपाती, सुन्तला, आँप, केरा, मेवा आदि उत्पादन गरिन्छ ।

पशुपालन व्यवसाय पनि महत्वपूर्ण रहेको छ । खेतीपाती गर्ने कृषकले पशुपालन पनि गरेका छन् । पशु मासु, दूध र गोबर मलका लागि पाल्ने गरेका छन् । यहाँका घरपालुवा पशुमा भैंसी, गाई, बाखा, भेँडा, सुँगुर, बङ्गुर आदि रहेका छन् । हाँस, कुखुरा र माछा पाल्ने काम पनि व्यवसायिक रूपमा गरिएको छ ।

### २.६.२ उद्योग

गुल्मी जिल्ला औद्योगिक दृष्टिले पछाडि परेको छ । हालसम्म यहाँ ठूला तथा मझौला उद्योग सञ्चालनमा आएका छैनन् । केही घरेलु तथा साना उद्योग भने अवश्य सञ्चालन भएका छन् । आर्थिक अभाव, चेतनाको कमी तथा औद्योगिक कच्चा पदार्थको कमीले गर्दा उद्योग सञ्चालन हुन सकेका छैनन् । कपडा बुन्ने, सिलाउने; नेपाली कागज बनाउने, पानी र डिजेलबाट कुटानी पिसानी मिल सञ्चालन गर्ने ईंटा बनाउने, फर्निचर

बनाउने, घरको छाना छाउने, ढुङ्गा र टायल बनाउने जस्ता घरेलु तथा साना उद्योगहरू सञ्चालन भएका छन् । यी उद्योगमा थोरै जनशक्ति मात्र परिचालन भएका छन् ।

### २.६.३ व्यापार

गुल्मी जिल्लामा उद्योगधन्दाबाट उत्पादन गरिएका तयारी सामग्रीहरू खसै नहुँदा केवल दैनिक जीवनका लागि आवश्यक खाद्यान्न, फलफूल, तरकारी आदिको मात्र व्यापार हुन्छ । जिल्लालाई आवश्यक पर्ने औद्योगिक सामानहरू बुटवल लगायतका सहरबाट लगेर बेचिन्छ । कृषकहरूले आफूलाई चाहिने उपभोग्य सामग्री प्राय आफै उत्पादन गर्ने भएकाले व्यापार खासै फस्टाउन सकेको छैन । जिल्लाबाहिर सुन्तला र कफिबाहेक अन्य कुनै उत्पादन निर्यात हुँदैनन् । विशेष गरेर नयाँगाउँ बाट सुन्तला, आँपचौरबाट कफि, अर्खलेबाट तरकारी लगेर तम्घास बजारमा बेच्ने गरिन्छ । तम्घास लगायत रिडी, सिमलटारी, वामीटक्सार, मजुवा, शान्तिपुर आदि यहाँका प्रमुख व्यापारिक क्षेत्र हुन् ।

### २.६.४ पर्यटन

आर्थिक विकासको लागि पर्यटनले ठूलो भूमिका खेल्दछ । यस जिल्लामा धार्मिक, सांस्कृतिक, ग्रामीण र पर्यापर्यटनको ठूलो सम्भावना छ । पर्यटनको प्रवर्द्धनको लागि गुल्मी पर्यटन तथा सांस्कृतिक महोत्सव २०६७ पनि सम्पन्न भएको छ । यो जिल्ला एक पवित्र धार्मिक तीर्थस्थलको रूपमा भरिपूर्ण जिल्ला हो । नेपालका हिन्दूहरूको तीर्थस्थल चारधाममध्येको एक धाम रूरू क्षेत्र रिडी, रेसुङ्गा तपोभूमि, रूद्रवेणी, धुर्कोट काली, गुल्मी चारपाला,

ईश्वरीदेवी, पुर्कोट कालिका, पूर्तिघाट, भार्सेकोट, चन्द्रकोट, चोएगाकोट, मदाने मालिका, अग्लुङकोट, कुर्घा मालिका (बहिरीदेवी) आदि महत्वपूर्ण पर्यटकीय क्षेत्र हुन् । यसका साथै श्रृङ्गेश्वर मन्दिर, बलेटक्सारको लाखे नाच, अर्जै पोखराबारीको सराएँ नाच, पुर्कोटको कंकेदेउराली, आँपचौरको कफि उत्पादन अवलोकन बडीगाडमा र्‍याफ्टिङ् लगायतका पर्यटकका लागि अन्य आकर्षक गन्तव्य र गतिविधि सञ्चालन गर्ने सम्भावना रहेको छ । यहाँका प्राय प्रत्येक गा.वि.स. मा मोटर बाटो पुगेकोले पनि पर्यटन विकासको सम्भावना रहेको छ ।

### २.६.५ रोजगारी

यस जिल्लामा सरकारी कार्यालय सङ्घसंस्था कम छन् । तत्काल उद्योगधन्दा सञ्चालन हुने सम्भावना कम छ । बहुसङ्ख्यक जनताले कृषि पेसा अपनाएका छन् । केही घरेलु उद्योग र व्यापार व्यवसाय गर्दछन् । केही सिलाइ बुनाई गर्दछन् भने केहीले सुन चाँदीका गरगहना बनाउँछन् । काठ, धातु र माटाको भाँडा बनाएर केहीले जीविका चलाएका छन् भने

पढेलेखेका युवाहरू शिक्षक र निजामती सेवामा कार्यरत छन् । निजामती सेवामा गुल्मी जिल्लाका युवाको वर्चस्व छ । त्यसमा पनि पश्चिम गुल्मीका युवा अग्रस्थानमा छन् । केही नेपाली सेना, प्रहरी लगायतका सुरक्षा निकायमा कार्यरत छन् । केही भारतीय र ब्रिटिस सेनामा कार्यरत छन् भने आजभोलि युवावर्ग वैदेशिक रोजगारी तर्फ आकर्षित भएका छन् । केही मानिस सिकर्मी, डकर्मीका काम गर्दछन् । यस प्रकार गुल्मी जिल्लाका जनताले आफ्नो जीवन निर्वाहका लागि विविध पेसा अपनाएका छन् ।

## २.७ निष्कर्ष

नेपालको कुल क्षेत्रफलको ०.७८% हिस्सा ओगटेको गुल्मी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने छओटा जिल्लामध्ये एक हो । यहाँको धरातल र हावापानी मानव बसोबासको लागि उपयुक्त छ । यो जिल्ला मध्यकालदेखि नै ऐतिहासिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक आदि दृष्टिकोणले परिचित रहँदै आएको छ । राणाकालीन समयदेखि विभिन्न थुम र गाउँ पञ्चायतमा विभाजित यो जिल्ला हाल तीनओटा निर्वाचन क्षेत्र, १३ ओटा इलाका र ७१ ओटा गा.वि.स. मा विभाजित छ । कृषि, पर्यटन, उद्योग, व्यापार र रोजगारीमा यो जिल्ला सामान्य रहेको छ । बहुजाति, बहुभाषी र धर्मालम्बी बसोबास गर्ने यस जिल्लामा आपसी सहकार्य र धार्मिक सहिष्णुता कायम रहेको छ । आफ्नो रीतिरिवाज र संस्कारको जगेर्ना गर्दै गुल्मेलीहरू विकास कार्यमा अगाडि बढ्दै आएका छन् ।

## अध्याय - तीन

# लोकगीतको सैद्धान्तिक अध्ययन

### ३.१ परिचय

लोकगीत लोकसाहित्यको एक महत्वपूर्ण प्राचीन विधा हो । यसको क्षेत्र व्यापक छ । यस अध्यायमा लोकगीतलाई केही सिद्धान्तका कसीमा राखेर सैद्धान्तिक अध्ययन गरिएको छ । यस अन्तर्गत लोकगीतको परिचय, परिभाषा, तत्व, वर्गीकरण, विशेषता र महत्वको बारेमा अध्ययन गरिएको छ । यी विषयका बारेमा विभिन्न पूर्वीय विद्वानका विचारलाई आधार मानिएको छ । यसका साथै नेपाली लोकगीतको अध्ययन परम्पराका बारेमा पनि अध्ययन गरिएको छ ।

### ३.२ लोकगीतको परिचय

लोकगीत 'लोक' र 'गीत' दुईओटा शब्दको समस्त रूप हो । वैदिक कालदेखि नै 'जन' को पर्यायवाची शब्दको रूपमा 'लोक' शब्दको प्रयोग भएको पाइन्छ । समयको परिवर्तन सँगै यस शब्दले संसार, प्रदेश, जगत्, जनता, समाज जस्ता विभिन्न अर्थलाई ग्रहण गरेको पाइन्छ । यसैले लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोक जीवनका दुःख, सुख, आँसु, हाँसो, आशा, निराशाका साथै लोकको चालचलन, विधि-व्यवहार आस्था र मान्यताहरूको चित्रण हुन्छ । यसमा लोकको सम्पूर्ण चित्र प्रस्तुत भएको हुन्छ । लोकको संस्कृति यसैमा अभिव्यक्त भएको हुन्छ ।[1] रचनाकाल र रचनाकार अज्ञात रहने यो विधा लोकसाहित्यका अन्य विधाहरूभन्दा बढी चिरस्थायी बन्न पुगेको छ ।

धेरै पहिलेदेखि नै लोकगीतका माध्यमबाट मानिसले आफ्ना दुःख, बह, हर्षोल्लास, उत्साह, उमङ्गको उद्घाटन गर्दै आएको छ । कतिपय हाम्रा संस्कार र चाडपर्वहरू लोकगीत गाएरै पूरा गरिन्छ । बालबृद्ध वनिता सबैले सुख-दुःखका क्षणमा लोकगीत गुनगुनाउँछन् । तसर्थ लोकगीत यसले गाउने उसले नगाउने भन्ने सीमा निर्धारण नभएको सामाजिक सम्पत्ति हो । सामाजिक तथा आर्थिक पीडाको अभिव्यक्ति समेत लोकगीतबाट प्रकट हुन्छ ।

यसरी लोकगीत कुनै रचनाकारको मौलिक रचना नभएर लोकजीवन र लोकहृदयको स्वस्फूर्त, सुकोमल लयात्मक अभिव्यक्ति हो । यो एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको मौलिक मनोरञ्जनात्मक लोकसाहित्यको प्रमुख विधा हो ।

---

[1] चूडामणि बन्धु, **नेपाली लोकसाहित्य**, (काठमाडौं : एकता बुक्स : २०६६), पृ. ११५ ।

## ३.३. लोकगीतको परिभाषा

लेकगीत अविरलरूपमा बगिरहने नदीको निर्मल जल जस्तै हुन्छ । बौद्धिकताभन्दा हार्दिकता वा भावनात्मकतालाई प्राधान्य हुने यस विधालाई सामाजिक, धार्मिक तथा सांस्कृतिक र आर्थिक कार्य सम्पादन गर्ने सहभागीहरूले जीवन्त राख्दै आएको पाइन्छ । लोकको मनोरञ्जनको संवाहक बनेको लोकगीतलाई चिनाउने काम लोकसाहित्यका अध्येताहरूबाट हुँदै आएको छ । यहाँ लोकगीतको परिभाषालाई बुझ्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रियस्तरका अनुसन्धाता विद्वान एवम् विशेषज्ञहरूका परिभाषालाई दृष्टि दिनु बढी सान्दर्भिक हुन्छ ।

नेपाली साहित्यकोशले लोकगीतलाई यसरी परिभाषित गरेको छ : नेपाली लोक साहित्यको एक प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपाली प्राकृतिक कविता भने पनि हुन्छ । यसले आफ्नोरूप र विधा आफैले जन्माउँछ । यो सरल हुन्छ सुबोध हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरमा लोकजीवन छर्लङ्गिने ऐना हुन्छ । यसैले लोकगीत भनेको समष्टिको मनबाट जन्मिने कुरा हो । अतः लोकगीतमा कविता सिर्जना गर्ने कविहरूको नाम उल्लेख भएको पाइँदैन । यसको संरचनामा कुनै पूर्वयोजना पनि हुँदैन ।[२] नेपाली बृहत शब्दकोशले लोकगीतलाई "समाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत" भनेर परिभाषित गरेको छ ।[३] यसै गरेर वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडियाले "लोकगीत नामविहीन साङ्गीतिक संरचना हो जो कुनै ठाउँ वा क्षेत्र विशेषमा प्रचलित रहेको हुन्छ , जुन अरू कुनै कलात्मक सङ्गीत कुनै प्रशिक्षित रचनाकारको भन्दा पृथक हुन्छ । लोकगीत मौखिकरूपमा हस्तान्तिरित भएको सङ्गीत हो । मुख्य रूपमा प्रेमप्रणय, लडाइँ, देशभक्ति, बालगीत, मद्यपान सम्बन्धीका गीतहरू लोकगीतको उदाहरणमा लिन सकिन्छ । लोकगीत गाउँदा नाच्दै रमाइलो गर्दै अगाडि बढ्न सकिन्छ । जसरी अङ्ग्रेजी ब्यालेडको जस्तै लयबद्ध र नाच्न योग्य तथा विशेष गरेर लोकगीतमा सुरिलो मधुर गुणको विद्यमानताका कारण बारम्बार टेक अथवा गीत नै दोहोराइएला तापनि झन्झट वा दिक्दारी लाग्दो हुँदैन । बृहत्रूपमा फैलिएका विभिन्न समुदायहरूको लोकगीतका समानताहरूको एउटा साझा परम्परा र गीतको कालको निर्देशन गर्दछन् ।"[४] भनी परिभाषित गरेको छ । यसै गरी भारतीय लोकसाहित्यकार विद्वान परामरले "लोकगीत परम्पराको त्यो महानदी समान हो जुन ससाना नदी मिलेर बनेको हुन्छ ।"[५] भनेका छन् ।

लोकगीतको सन्दर्भमा धर्मराज थापा भन्दछन्: लोक अनुभूति नै लोकगीत हो, जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थरूपमा प्रस्तुत गर्दछ । सुख, दुःखमा अलापिएका अभिव्यक्ति लोकमा गाइएका हुँदा यसको संज्ञा लोकगीत भयो । लोकगीतको माध्यमबाट नै मानव सङ्गीतप्रेमीलाई सङ्गीतको भावना जागृत गराउन सकिन्छ । चोखा लय र शब्दको

---

[२] ईश्वर बराल र अन्य (सम्पा.) **नेपाली साहित्य कोश** (काठमाडौं, ने.रा.प्र.प्र., २०५५) पृ. ४३६ ।

[३] बालकृष्ण पोखरेल र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौं, ने.रा.प्र.प्र., २०५८), पृ. ११२० ।

[४] **वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडिया**, भोलुम - ६, पृ. १९२४ - २५ ।

[५] श्याम परामर, **भारतीय लोकसाहित्य** (दिल्लीः राजकमल प्रकाशन लिमिटेड) ईः १९५४, पृ.५३ ।

प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ लोकगीत ।[६] नेपाली संस्कृतिविद् तथा लोकगीतका अध्येता सत्यमोहन जोशीले "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो जुन मानव समाजमा, मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दुःखको अनुभवमा दया माया, प्रेमभाव अभिव्यक्त हुने बेलामा स्वयम् उद्गारको रूपमा लयदार तरङ्गमा काव्यमय शैली झैं निस्कन्छ ।"[७] भनेका छन् । लोक साहित्यका अर्का अध्येता लक्ष्मण लोहनीले मानवीय क्रियाकलापसँग बाह्रै महिना डम्फू, मादल, झ्याली, करताल, खैंजडी, मुजुरा आदि लोकबाद्यका रन्कोमा रोदीघरदेखि डाँडापाखाहरूमा गुञ्जने सुमधुर स्वरलहरीहरूलाई लोकगीत भनेका छन् ।[८] यसै गरी लोक साहित्यका अर्का हस्ती काजिमान कन्दङवाले जनसमूहमा दैनन्दिनका भावनाहरूलाई लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[९] यस्तै अर्का लोकसाधक कालीभक्त पन्तले नेपाली लोकगीतलाई दबाब र प्रलोभनमा नपरी स्वयं दुःखित या प्रफुल्लित हृदयबाट प्रस्फुटित हुने लोकअभिव्यक्तिका रूपमा लिएका छन् ।[१०]

यसरी लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा कुनै भूखण्डमा मात्र सीमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव छैन । उपर्युक्त विद्वानहरूका परिभाषामा पनि एकरूपता देखिँदैन । माथिका परिभाषालाई समेटेर हेर्दा लोकगीत समाजमा आदिकालदेखि मौखिकरूपमा भनिदै सुनिदै र सामूहिकरूपमा विचरण गर्दै आएको लोकको साझा सम्पत्तिको अनुपम लयात्मक अभिव्यक्ति हो । लोकसमाजको प्रतिबिम्बन लोकगीतमा हुने हुनाले लोकसमाजका सुख-दुःख, आँसु-हाँसो, हर्ष-विष्मात, माया-प्रेम, घात-प्रतिघात, विरह आदि भावहरू यसमा पाइन्छन् । लोकगीतमा समाजको यथार्थ दर्पण हुन्छ । यसमा बौद्धिकताको भन्दा हार्दिकताको वर्चस्व हुन्छ ।

## ३.४. लोकगीतका तत्व

लोकगीत लोकसाहित्यका अन्य विधाभन्दा धेरै लोकप्रिय छ । यो लोकसमाजको साझा सम्पत्ति हो । कुनै पनि साहित्यका संरचना अर्थात अङ्ग हुन्छन् । तिनै अङ्गलाई तत्व भनिन्छ । लोकगीतमा पनि अन्य साहित्यिक विधामा जस्तै विभिन्न तत्वहरू रहेका छन् । तिनै तत्वका माध्यमबाट लोकगीतको स्वरूप निमार्ण भएको हुन्छ । नेपाली लोकगीतका विश्लेषक चूडामणि बन्धुका विचारमा लोकगीतको संरचनामा छ ओटा तत्वहरूको संयोजन गरिएको हुन्छ :

---

[६]धर्मराज थापा, **गण्डकीका सुसेली**, (काठमाडौं ने.रा.प्र.प्र.: २०३०), पृ. भूमिका ।

[७] सत्यमोहन जोशी, **लोकगीतको केही झल्का**, प्रगति, (वर्ष ३ अङ्क-२, २०१२), पृ. १४५ ।

[८] लक्ष्मण लोहनी, **रोदीघर**, दोस्रो संस्करण (काठमाडौं, रत्न पुस्तक भण्डार, २०२२), पृ.१४५ ।

[९] काजीमान कन्दङ्वा, **नेपाली जनसाहित्य** (काठमाडौंः रायल नेपाल एकेडेमी, २०२०) पृ. १० ।

[१०] कालीभक्त पन्त, **हाम्रो लोकसांस्कृतिक इतिहास,** (स्याङ्जा : लेखक स्वयं २०२८) पृ. १७ ।

१) कथ्य २) भाषा ३) चरन वा पद ४) स्थायी र अन्तरा ५) रहनी र बथन ६) लय र भाका । यिनका साथै लोकगीतहरूका नृत्य र बाद्य पनि हुन सक्छन् ।[११] लोक साहित्यका धरोहर कृष्णप्रसाद पराजुलीका विचारमाः लोकगीतका प्रमुख तत्वका रूपमा यसका १. संरचना २. लय ३. गेयता ४. कथनपद्धति ५. भाषा र ६. भाव नै प्रमुख रहेका हुन्छन् । यसका सहायक तत्वहरूका रूपमा चाँहि नृत्य, बाद्य आदि आउँछन् ।[१२] लोकसाहित्यका विश्लेषक गोविन्द आचार्यले लोकगीतका तत्वहरूलाई दुई भागमा विभाजन गर्दै भन्दछन् : लोकगीतमा आउने तत्वहरूलाई मूलतः अनिवार्य तत्व र ऐच्छिक तत्वको रूपमा वर्गीकरण गर्नु उपयुक्त देखिन्छ ।[१३] आचार्यले अनिवार्य तत्व अन्तर्गत भाषा, सङ्गीतात्मकता, गायक, गायिका र कथ्थ वा भावलाई उल्लेख गरेका छन् भने ऐच्छिक तत्वमा काव्यात्मकता, रहनी वा थेगो, झाँकी, अन्तरा, स्थायी वाद्य, नृत्य, अभिनय, पहिरन र श्रोता वा दर्शक सहभागीलाई राखेका छन् । यसै गरी मोतीलाल पराजुलीले लोकगीतको संरचनामा तत्वहरू पाँच प्रकारका हुनेकुरा प्रस्तुत गरेका छन् । उनका अनुसारः १. कथ्य विषय वस्तु वा भाव, २. भाषा, ३. स्थायी अन्तरा र थेगो, ४. लय वा भाका र ५. सङ्गीत नै लोकगीका वास्तविक तत्व हुन् ।[१४]

यसरी लोकगीतका तत्वका बारेमा विभिन्न विद्धानले आ-आफ्नो मत प्रस्तुत गरेका छन् । विभिन्न कोणबाट सबैका विचार उपयुक्त नै छन् । समग्रमा भन्नु पर्दा लोकगीतका तत्वहरू निम्नानुसार रहेका छन् :

क) कथ्य वा विषयवस्तु,

ख) संरचना,

ग) स्थायी अन्तरा र थेगो,

घ) लय वा भाका,

ङ) भाषाशैली,

च) कथनपद्धति र

छ) सङ्गीत

## ३.५ लोकगीतको वर्गीकरण

लोकगीतको क्षेत्र अत्यन्त व्यापक छ । यो लोकसाहित्यको निकै सम्पन्न विधा हो । तसर्थ यसको वर्गीकरण गरेर मत प्रकट गर्न कठिन छ । लोकगीतका अध्येताले वर्गीकरणका सन्द- र्भमा वैज्ञानिक अध्ययन भए तापनि नेपालमा भने अझै हुन सकेको छैन । लोकगीतमा विविधता र बहुरूपता हुनाले यसको वर्गीकरणमा समानता र सर्वसम्मति देखिँदैन । यस सन्दर्भमा विदेशी तथा स्वदेशी विद्वानहरूले गरेको लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

[११] चूडामणि बन्धु, पूर्ववत्, पृ. ११५ ।

[१२] कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक**, काठमाडौं : वीणा प्रकाशन प्रा.लि. २०५७, पृ. ७६ ।

[१३] गोविन्द आचार्य, **लोकगीतको विश्लेषण**, काठमाडौं : पैरवी प्रकाशन, २०६२, पृ.२ ।

[१४] मोतीलाल पराजुली, **लोकगीतको संरचना**, कुञ्जिनी, (११:८, २०६०) पृ. २१ ।

भारतीय लोकसाहित्यका प्रसिद्ध विद्धान कृष्णदेव उपाध्ययले लोकगीतको वर्गीकरण पाँच आधारमा प्रस्तुत गरेका छन् । उनका अनुसार १) लोकगीत गाइने संस्कार २) रसानुभूति प्रणाली ३) ॠतु र व्रत ४) क्रियागीत ५) जाति ।[१५] त्यसै गरी स्वर्णलताले विषयवस्तुको आधारमा लोकगीतलाई चार भागमा वर्गीकरण गरेकी छन् : १) संस्कार गीत २) व्यावसायिक गीत ३) अवसारिक गीत ४) वैलासिक वा मनोरञ्जनसम्बन्धी गीत ।[१६]

लोकगीको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै धारणा प्रस्तुत गरेका छन् । लोकसाहित्यका अध्येता काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतीकरणलाई आधार मानेर यसको वर्गीकरणलाई सकर्मक र अकर्मक गरी दुईभागमा बाँडेका छन् ।[१७] नेपाली साहित्यका समालोचक ईश्वर बरालले अवस्थाअनुसार ॠतु परिस्थितिलाई आधार मानेर लोकगीतलाई १८ भागमा वर्गीकरण गरेका छन् : १) मादले, २) रोदी, ३) छोकडा, ४) टप्पा लवरी, ५) मालश्री, ६) सिलोक, ७) सँगिनी, ८) गाइने, ९) जुवारी, १०) सवाई, ११) भजन, १२) भैलो, १३) देउसी, १४) रत्यौली, १५) बाह्रमासे, १६) प्रभाती, १७) निगुर्ण र १८) झ्याउरे ।[१८] लोक साहित्यका प्रख्यात विद्वान धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्यको चर्चा गर्दा लोकगीतको वर्गीकरणलाई सातओटा आधारमा प्रस्तुत गरेका छन् : १) सामान्य गीत २) ॠतु वा ब्रतसम्बन्धी गीत ३) संस्कार गीत ४) कर्मगीत ५) पर्वगीत ६) लोकनृत्य वा नृत्यगीत र ७) विविध ।[१९] यसै गरी समालोचक दयाराम श्रेष्ठले गोकगीतको वर्गीकरण चार प्रकारले गरेका छन् । १) संस्कारसम्बन्धी लोकगीत २) ॠतुकालीन लोकगीत ३) क्रियासम्बन्धी लोकगीत ४) विविध लोकगीत ।[२०]

यसै गरी कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको विषयात्मक वर्गीकरण गर्दै वर्षचक्रका लोकगीत र जीवनचक्रका लोकगीत गरी दुई भागमा वर्गीकरण गरेका छन् । वर्षचक्रका लोकगीतलाई बाह्रमासे लोकगीत र ॠतुकालीन लोकगीत गरी दुई भेद देखाएका छन् । ॠतुकालीन लोकगीतलाई पर्वगीत र कर्मगीतमा विभाजन गरेका छन् भने जीवनचक्रसम्बन्धी लोकगीतलाई संस्कार गीत, धार्मिक गीत, उमेर अवस्थासम्बन्धी गीत र

---

[१५] कृष्णदेव उपाध्याय, **लोकसाहित्यकी भूमिका** (प्रायाग साहित्यभवन लिमिटेड), इ . १९५७, पृ.२७ ।

[१६] स्वर्णलता, **लोकसाहित्य विमर्श** (विकानेरः एन स्मृति प्रकाशन, इ : १९७९), पृ. ४५ ।


[१७] काजीमान कन्दङ्वा, पूर्ववत्, पृ. १३ ।

[१८] ईश्वर बराल, **नेपाली लोकगीतका विषयमा**, प्रगति, (वर्ष १, अङ्क - ५, २०१०), पृ.९७ - १०१ ।

[१९] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१), पृ. ९४ ।

[२०] दयाराम श्रेष्ठ 'सम्भव' **प्रारम्भिक कालको नेपाली साहित्य, इतिहास र परम्परा,** (काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०२८), पृ. १५ ।

नृत्यगीत गरी चार भेद देखाएका छन् ।[२१] यस प्रकार विभिन्न विद्वानद्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यी विर्गीकरणका ढाँचालाई हेर्दा नेपाली लोकगीतलाई १) विषयवस्तुका आधारमा २) कार्यका आधारमा ३) स्वरूपका आधारमा ४) उमेर, लिङ्ग र जातिका आधारमा ५) प्रस्तुतिका आधारमा ६) गायनका आधारमा र रसभावका आधारमा वर्गीकरण गरे तापनि कृष्णप्रसाद पराजुलीको वर्गीकरणलाई आधार मानेर नेपाली लोकगीतको वर्गीकरणलाई निम्न प्रकारको आरेखमा प्रस्तुत गर्न सकिन्छ :




२१ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १४९ ।

## .६. लोकगीतका विशेषता

समाजमा घट्ने विभिन्न घटना, मानिसका धर्म, संस्कार, रीतिस्थिति आदिको चित्रण लोकगीतमा गरिएको हुन्छ । लोकगीतले कठोर तथा कोमल दुवै प्रकारका जीवन भोगाइका कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोकगीत खेतीपाटी लगाउँदा, घाँस दाउरा जाँदा, गोठालो जाँदा, चाडपर्व मनाउँदा आफ्ना मनका सुख दुःखलाई व्यक्त गर्न, चिन्ता कम गर्न गाइन्छ । केटाकेटी, युवा, बृद्ध सबैले रुचिका साथ गाउने, मायाप्रिति साट्ने र दुःख विसाउने माध्यम हो लोकगीत । आदिकालदेखि प्रचलनमा आएको लोकगीतको क्षेत्र व्यापक छ । यसर्थ यसका विशेषता यति नै छन् र यी हुन् भनी किट्न सकिन्न । तथापि यहाँ लोकगीतका मुख्यमुख्य विशेषतालाई चर्चा गर्न कृष्णप्रसाद पराजुलीको ‘नेपाली लोकगीतको आलोक’ लाई आधार बनाइएको छ ।

### क) अज्ञात रचयिता

लोकगीत कुनै व्यक्ति विशेषको नभई लोकको रचना हो । कुन लोकगीत कुन कलाकारले कहिले रच्यो भन्ने कुराको थाहा हुँदैन । लोकगीतले समय सीमालाई नाघेर गङ्गाजस्तै निरन्तर बग्दै जान्छ भने यसको स्रस्टा पार्श्वभूमिमा छिप्दछ । समयका प्रवाहसँगै एकपुस्ताकबाट अर्को पुस्ता, एक भेगबाट अर्को भेगमा सर्दै जाँदा यसले आफूलाई पनि परिवर्तन गर्दै लान्छ । लोकगीत पहिले नै लिपिबद्ध नहुने हुँदा प्रत्येक पुस्ता र भेगमा सर्दै जाँदा यसको आन्तरिक र बाह्य कलेश्वरमा समेत परिवर्तन हुन्छ र रचनाकार गौण बन्छ । यसरी रचयिता वा गीतकार अज्ञात रहनु यसको प्रमुख विशेषता हो ।

### ख) मौखिक परम्परा

लोकगीत मौखिक वा श्रुतिपरम्परामा हुर्कदै आएको छ । यो एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक बिसौनीबाट अर्को बिसौनीमा, एक खोलाबाट अर्को खोलामा, एक ऋतुबाट, अर्को ऋतुमा, एक युगबाट अर्को युगमा मौखिकरूपमा प्रवाहित हुन्छ । त्यसैले यो गतिशील र परिवर्तनशील हुन्छ । यसरी मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको अर्को विशेषता हो ।

### ग) सामूहिक भावभूमि

लोकगीत लोकमानसको अभिव्यक्तिको माध्यम हो । यसमा देशकालको सीमाबन्धन हुँदैन । यसमा व्यक्ति व्यक्तिको शृङ्खला जोडेर त्यसले परम्परा संवेद्य समूहको रूप लिन पुगेको हुन्छ । लोकगीत जसले गाए पनि त्यसमा निहित उल्लास र पीडाको स्वर सामूहिक रूपमा गुञ्जन्छ । लोकगीत सामाजिक उपज भएकोले नै यसमा सामूहिक भावभूमि लुकेको हुन्छ । लोकगीत व्यक्तित्वविहीन भएकाले यसले वैयक्तिकताबाट माथि उठेर सामूहिकताको निर्माण गर्दछ ।

### घ) मौलिकता र सरलता

लोकगीतको अभिव्यक्ति सरल, सरस र स्वच्छ हुन्छ । सरल, सरस र स्वच्छ नभएमा यसलाई लोकमानसले पचाउन सक्दैन । लोकगीतमा प्रयुक्त शब्द र भाषामा आफ्नोपन र विशेषता रहेको हुन्छ । यसमा प्रयुक्त भाषा हृदयसंवेद्य हुनका साथै झङ्कार व्यक्त गर्न पर्याप्त सक्षम रहेको हुन्छ । यही गीतमा पाइने आफ्नै लयले हृदयाह्लादित हुन्छ । यही विशेषताले लोकगीतका भाव सजिलैसँग बुझ्न र ग्रहण गर्न सकिन्छ ।

### ङ) सहजता र स्वाभाविकता

लोकगीत जहिले पनि लोकभावनामा आधारित हुन्छ । यसको सिर्जनामा पनि लोक कलाकारलाई कुनै कठिनाई पर्दैन । लोकगीतमा आँशु प्रवाहका रूपमा स्वस्फूर्त सिर्जित हुन्छ । यो प्रत्येक जाति र समाजको जीवित इतिहास हो । लोकगीतमा मानिसको कानलाई मात्र होइन मनलाई पनि सुख र प्रेरणा दिने ध्वनि लुकेको हुन्छ । यसको अभिव्यक्तिको आधार पनि लोकभावनालाई अँगालिने सरलता र सहजता नै हो । तसर्थ प्रत्येक समाज र जातिको जीवित इतिहास सहज स्वाभाविकरूपमा लोकगीतमा अभिव्यक्ति भएको हुन्छ ।

### च) प्रश्नोत्तर प्रवृत्ति

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । झ्याउरे युगलगीत प्रश्नोत्तरप्रधान लोकगीत हुन् । एकपक्षले प्रश्न गर्ने र अर्को पक्षले उत्तर दिने, सुन्ने मानिसलाई अब के उत्तर आउँछ भन्ने जिज्ञासा र कौतुहलता जतिबेला पनि सिर्जना भएको हुन्छ । यी प्रश्नोत्तर प्रधान गीतमा सीधा प्रश्न र उत्तर हुने गर्छन् र ती सहज तथा रागात्मक भएर सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । दोहोरी खेल्दा गीतमा अति छिटो उत्तर बनाइन्छ  वा प्रश्न बनाइन्छ । धेरैबेर समय नलाग्ने र गाइरहूँ र सुनिरहूँजस्तो लागिरहने प्रश्नोत्तर शैली लोकगीतको विशेषता हो ।

### छ) पुनरावृत्ति र थेगो प्रयोग

लोकगीत प्रत्येक चरणपछि पुनरावृत्त हुन्छ । यस्तो पुनरावृत्तिलाई टेक पनि भनिन्छ । लोकगीत गाउँदा कतिपय अवस्थामा पहिले पङ्क्ति प्राय : दोहोऱ्याएर गाइन्छ । लोकगीतमा शब्द शब्द, वाक्य वाक्य दोहोऱ्याएर चरण पूरा गरिन्छ । लोकगीतका बीचबीचमा आउने शब्दलाई थेगो वा बथन वा रहनी भनिन्छ । यस्ता शब्दले गीतलाई रसिलो बनाउँछन् । यस्ता थेगोले गीतको प्रवाह र छन्द निर्माणमा महत्वपूर्ण भूमिका खेल्दछन् । 'नारान', 'ए कान्छी' यसका उदारहण हुन् । तसर्थ पुनरावृत्ति र थेगोको प्रयोग लोकगीतको विशेषता हो ।

### ज) प्रकृति चित्रण

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको हुन्छ । प्रायः लोकगीतको पहिलो पङ्क्तिमा प्रकृतिको चित्रण र दोस्रो पङ्क्तिमा अर्थ तात्विक सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतुमा देखिने विभिन्न दृश्यलाई लोकगीतमा वर्णन गरिएको हुन्छ । प्रकृतिमा आफ्नो

आँखाले देखेका र आफूले भोगेका कुरालाई लोकजीवनले गेयात्मकरूपमा प्रकट गर्दछ । तसर्थ लोकगीतमा प्राकृतिक बिम्बको व्यापक प्रयोग भएको हुन्छ ।

**झ) स्वच्छन्दता**

लोकगीत लोकजीवनको सहजानुभूतियुक्त हार्दिक अभिव्यक्ति हो । लोकगीत कुनै पनि नियम एवम् शास्त्रीय विधानका अनुशासनमा नबाँधिई लोकजीवनले आफै पहिल्याएको गति, यति र लयमा प्रवाभित भइरहेको हुन्छ । लोकगीतलाई कुनै पनि नियम बन्धनमा राख्नु उचित हुँदैन । लोकसर्जकहरूको अनुभूतिमा निःसृत हुने भएकोले नै लोकगीतको लय पनि लोकजीवन मै समाहित हुन सक्दछ । यिनै विविध कारणले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

## ३.७ लोकगीतको महत्व

लोकसाहित्यको जेठो विधा लोकगीत हो । समाजमा यसको निकै महत्व रहेको हुन्छ । समाजमा घट्ने यावत घटनाहरू मानवीय मूल्य मान्यता र अनुभूतिहरू लोकगीतमा प्रतिबिम्बन हुने हुँदा यसको महत्व अवर्णनीय छ । लोकगीतले समाजको विभिन्न पक्षलाई छोएको हुन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतले महत्वपूर्ण सहयोगी भूमिका खेल्दछ । सनातनदेखि चलेका चलन, रीतिस्थिति, सुख-दुःख, सांस्कृतिक घटना इतिवृत्तान्त लोकगीतकै माध्यमबाट अध्ययन गर्न सकिन्छ । यसमा झर्रा तथा ठेट शब्दको प्रयोग हुनेहुँदा भाषाको स्तर निर्धारणमा पनि यसले सहयोगी भूमिका निर्वाह गर्दछ । सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक पक्षको उद्घाटन पनि लोकगीतमा हुन्छ । तसर्थ लोकगीतले सामाजिक जीवनको चित्रण गर्ने समाजलाई एकजुट पार्ने तथा मौलिक सामाजिक परम्परालाई जीवन्त तुल्याउने हुँदा यसको ठूलो महत्व रहेको छ ।

## ३.८. नेपाली लोकगीतको अध्ययन परम्परा

भाषाको विकाससँगै मानवले आफ्ना मनोभावनालाई लोकगीतका माध्यमबाट पोख्न थालेको पूर्वानुमान गर्न सकिन्छ । विभिन्न तथ्यलाई खोतलेर हेर्दा लोकगीतको अस्तित्व वैदिक कालदेखि रहेको पाइन्छ ।

लोकगीतको प्रचलन भाषाको उद्भव कालदेखि नै भएको अनुमान लोकसाहित्यका अध्येताले

गरेका छन् । हालसम्म आधिकारिक प्राचीनतम् अभिलेखका रूपमा विं सं १३१७-२७ को अशोक मल्लकालीन बौद्धशीलास्तम्भलाई मानिएको छ ।[२२] यसपछि मात्र शीलालेख, अभिलेख,

ताम्रपत्र, कनकपत्र केही मात्रामा भेटिएका छन् । रिपु मल्लका पिता नागमल्ल थिए र उनका समयमा रोपाईं गर्दा भागेश्वरी ढुस्को गाइन्थ्यो जसलाई नेपाली लोकगीतको पहिलो नमुना मान्न सकिन्छ ।[२३] यस लोकगीतमा राजा नाग मल्ल र भागेश्वरी देवताको बीच भएको झगडाको संवाद पाइन्छ । पन्ध्रौं शताब्दीको आसपासदेखि नेपाली लोकगीतको मौखिक परम्परा सुरू भएको अनुमान गर्न सकिन्छ । यसको मौखिक परम्पराका अतिरिक्त लहरी, सर्वाइ, झ्याउरे आदि लोकलयमा लेखिएका साहित्यिक रचनाले पनि ठूलो योगदान दिएका छन् । यस्ता रचनाहरूमा वसन्त शर्माको **समुद्रलहरी**, सन्त ज्ञानदिलदासको **उदयलहरी**, दानराज लामिछानेको **बाह्रमासा,** कृष्णप्रसाद रेग्मीको **वीरलहरी** आदि पर्दछन् । यसपछि महानन्द सापकोटाको **मदनलहरी**ले झ्याउरे लोकछन्दलाई राष्ट्रियस्तरमा चिनाएको देखिन्छ भने महाकवि लक्ष्मीप्रसाद देवकोटाको **मुनामदन**ले झ्याउरे लोकगीतप्रति आस्था बढाएको पाइन्छ ।

नेपाली लोकगीत वि.सं २००३ साल पूर्व मौखिकरूपमै बाँचेको थियो भन्दै पूराना कवि र कवितामा नेपाली इतिहास र भाषा साहित्यका अन्वेषक बाबुराम आचार्यले कालान्तरमा मात्र लोकगीत लिखितरूपमा आएको प्रसङ्ग उल्लेख गरेका छन् ।[२४] वि.सं. २००३ सालको शारदा पत्रिकामा धर्मराज थापा र सत्यमोहन जोशीले नेपाली लोकगीतको सङ्कलनमा पहिलो प्रयास गरेका छन् ।

वि.सं २००७ सालमा रेडियो नेपालको स्थापना भएपछि रेडियोबाट विभिन्न कलाकारको स्वरमा लोकगीत प्रसारण हुन थाले र लोकगीतप्रति धेरैको रुचि बढ्न गयो । त्यसै गरी संस्थागतरूपमा धर्मराज थापा, काजीमान कन्दङ्वा आदिको सक्रियतामा वि.सं. २०१० सालमा स्थापित 'लोकगीत सङ्ग्रहालय' रोयल नेपाल एकेडेमी (हाल नेपाल प्रज्ञा प्रतिष्ठान), नेपाल राष्ट्रिय विद्यापिठ वि.सं २०२७-२८) सांस्कृतिक संस्थान, रत्न रेकर्डिङ संस्थान' आदि संस्थाहरूको स्थापनाले लोकगीतको अध्ययनमा महत्वपूर्ण भूमिका खेलेको छ । यसै गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गत उच्च शिक्षाको नेपाली पाठ्यक्रममा 'लोकसाहित्य' विषयलाई समावेश गरेर त्यस अन्तर्गत लोकगीतको पनि अध्ययन अनुसन्धान गर्न सकिने व्यवस्था भएको हुनाले लोकगीतको अध्ययनमा थप टेवा पुगेको देखिन्छ ।

नेपाली लोकगीतको सङ्कलन र अध्ययन कार्यमा विशेष योगदान दिने व्यक्तिहरूमा धर्मराज थापाको नाम अग्रस्थानमा आउँछ । उनले राष्ट्रिय एवम् क्षेत्रीयस्तरका लोकगीतको अध्ययन गरी केही पुस्तक प्रकाशनमा ल्याएका छन् । उनका 'मेरो नेपाल भ्रमण' (२०१६),

---

[२२] ठाकुर पराजुली, **नेपाली साहित्यको परिक्रमा**, (काठमाडौं : विद्या प्रकाशन, २०४५), पृ. ३८ ।

[२३]देवकान्त पन्त (सम्पा.) **डोटेली लोक साहित्य** (काठमाडौं : नेपाल र एसियाली अध्ययन संस्थान, २०३२), पृ. १०४ ।

[२४] बाबुराम आचार्य, **पुराना कवि र कविता** (काठमाडौं : साझा प्रकाशन, २०३४), पृ. १ ।

हाम्रो लोकगीत (२०२०), गण्डकीका सुसेली (२०३०) लोकगीतका अध्ययन अनुसन्धानका कृति हुन् । यी कृतिमा लोकगीतका भेदका बारेमा प्रकाश पारेका छन् । धर्मराज थापा र हंसपुरे सुवेदीको संयुक्त लेखनमा प्रकाशित भएको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) मा नेपाली लोकसाहित्यका विभिन्न विधालाई विस्तृत रूपमा चर्चा गरिएको छ । यसै गरी नेपाली लोकगीतको अध्ययन गर्ने अर्को व्यक्तित्व सत्यमोहन जोशीले हाम्रो लोक संस्कृति (२०१४) नामक कृतिमा चुड्का, बालन, मारूनी, सोरठी, घाटु, दोहोरी, झ्यौसी, सँगिनी, कर्खा आदि नेपाली लोकगीतको चर्चा परिचर्चा र तिनको उदारहणसहित व्याख्या गरेका छन् । अर्का विद्वान लक्ष्मण लोहनीले रोदीघर नामक कृतिमा विभिन्न किसिमका लोकगीतका सामान्य परिचय दिने काम गरेका छन् । त्यसै गरी कृष्णप्रसाद पराजुलीको नेपाली लोकगीतको आलोक (२०५७) मा नेपाली लोकगीतको विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ । यसमा लोकगीतको वर्गीकरण र विश्लेषण समेत गरिएको छ । अर्का लोक साहित्यका अध्येता तथा नेपाली फोकलोर सोसाइटीका संस्थापक महासचिव चूडामणि बन्धुले नेपाली लोक साहित्य (२०५८) नामक कृति प्रकाशमा ल्याएर लोकगीत सम्बन्धी विशद् अध्ययन गरेका छन् ।

लोकगीतकै अध्ययन गर्ने क्रममा कतिपय विद्वानहरूले क्षेत्रीयस्तरको अध्ययन पनि गरेका छन् । यस कार्यमा संलग्न व्यक्तिहरूमा प्रदीप रिमाल-**कर्णाली लोकसंस्कृति** खण्ड-५ (२०२८), देवकान्त पन्त-**डोटेली लोकसाहित्य** (२०३२), विजय चालिसे **लोक संस्कृति र साहित्य** (२०३९), पूर्ण प्रकाश नेपाल 'यात्री' - **सेतीको नालीबेली र सेतीका तारा** (२०३४), **भेरी लोक साहित्य** (२०४१), तेज प्रकाश श्रेष्ठ-**अछामी लोकसाहित्य** (२०४४), गोविन्द आचार्य - **राप्ती अञ्चलका लोकगीतको विश्लेषण** (२०६१) आदि हुन् । त्यसै गरी त्रिभुवन विश्वविद्यालयको नेपाली केन्द्रीय विभाग अन्तर्गत लोकसाहित्यमा गराइने शोधकार्यले पनि लोकगीतको क्षेत्रीय अध्ययनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ ।

यस प्रकार नेपाली लोकगीतको अध्ययन अनुसन्धानलाई गति प्रदान गर्ने व्यक्तित्वहरूमा तुलसी दिवस, वासुदेव त्रिपाठी, कृष्णप्रसाद पराजुली, चूडामणि बन्धु, दयाराम श्रेष्ठ सम्भव, मोतीलाल पराजुली, बालकृष्ण पोखरेल, सुवी शाह, ठाकुरप्रसाद पराजुली, जीवेन्द्रदेव गिरी, धर्मराज थापा, पारसमणि प्रधान, जनकलाल शर्मा, राम दयाल राकेश, लीलासिंह कर्मा, मोहन सिटौला, शम्भुप्रसाद कोइराला आदि रहेका छन् ।

अतः नेपाली लोकगीतको अध्ययन परम्परालाई हेर्दा नेपाली लोकगीतको मौखिक परम्पराको उद्भव पन्ध्रौं शताब्दीदेखि सुरू भएको मानिए तापनि नेपाली लोकगीतको सङ्कलन र अध्ययन परम्पराको विकास भने २००७ सालपछि मात्र भएको बुझिन्छ ।

हालसम्म लोकगीतका क्षेत्रमा अध्ययन अनुसन्धान र विश्लेषण गर्ने कार्य निरन्तर रूपमा भए पनि यो कार्यले अझै पूर्णता पाउन भने सकेको छैन ।

## ३.९. निष्कर्ष

लोकगीत मानवसभ्यताको इतिहासमा अपठित मानिसको सहज अभिव्यक्तिमा जीवित रहेको लोकसाहित्यको एउटा विधा हो । यसलाई विश्वस्तरबाट लोकसाहित्यका पारखी विद्वान्का आन्तरिक आँखाले नियाल्ने काम भएको छ । साथै यसको संरचना र प्रवृत्तिका बारेमा पनि मत जाहेर गर्ने काम भएको छ । नेपाली विद्वान्हरूले पनि यसका पाखा पखेरा सुसेल्ने काम गरेका छन् । समग्रमा नेपाली लोकगीतमा नेपालको समाज संस्कृति तथा आर्थिक राजनीतिक इतिहास छिपेको छ । यसमा मानवमनका भावावेगहरू साङ्गीतिक लयमा छचल्किएका छन् । यसैको खोजका लागि नेपाली विद्वान्ले लोकगीतको अध्ययन परम्परालाई निरन्तरता दिएका छन् ; दिँदै जानेछन् । यो राष्ट्रको अमूल्य निधिका रूपमा रहनेछ ।

## अध्याय - चार


# पश्चिम गुल्मीका लोकगीतको सङ्कलन र वर्गीकरण

### ४.१. परिचय


लोकसंस्कारबाट निर्मित लयात्मक गेय लघु रचनाहरू लोकगीत हुन् ।[1] गुल्मी जिल्ला लोकगीतको भण्डार हो । यहाँका पाखापखेरामा लोकगीत छरिएर रहेका छन् । यस अध्यायमा पश्चिम गुल्मीमा छरिएर रहेका यस्ता लोकगीतलाई सङ्कलन र वर्गीकरण गरिएको छ । क्षेत्र भ्रमण गरेर विविध मेला पर्व, उत्सव, संस्कार आदिमा प्रत्यक्ष सहभागी भएर अनि कतिपय अवस्थामा लोक सर्जकहरूसँग प्रत्यक्ष भेटघाट भएर लोकगीतको सङ्कलन गरिएको छ । विवरणहरू टिपोट र मोबायलमा रेकर्ड गरी सङ्कलन गरिएका छन् । ती लोकगीतलाई विभिन्न शीर्षक-उपशीर्षकमा वर्गीकरण गरिएको छ । यो वर्गीकरणले पश्चिम गुल्मेली लोकगीतलाई सिद्धान्तको कसीमा दाँजेको छ ।


### ४.२. विषय प्रवेश

लोकगीत मौखिक र श्रुतिपरम्परामा हुर्किएको र मौलाएको लोकसाहित्यको महत्वपूर्ण विधा हो । गुल्मी लोकगीतको उर्वरभूमि हो । परम्परादेखि नै लोकगीत प्रचलनमा रहेको तथ्य यहाँका लोकगीतमै भेटिन्छ । त्यसमा पनि पश्चिम गुल्मीका लोकगीतमा आफ्नै पहिचान रहेको छ । समग्रमा यहाँका पाखापखेरामा बाह्रै महिना लोकगीत गुञ्जन्छन् । यहाँका बाल, युवा, बृद्ध जसले पनि घाँस दाउरा जाँदा वा खेतबारीमा काम गर्दा आफ्नो जात, धर्म, भाषा र संस्कारअनुसार लोकगीत गाउने गर्दछन् । लोकगीत नगाएसम्म यहाँका कतिपय चाडपर्वहरू सम्पन्न हुँदैनन् । यसैले यहाँका भीरपाखाले लोकगीतका झङ्कारलाई प्रतिध्वनित गर्दछन् । झ्याउरे, दोहोरी, चुड्का, घाँसे यस क्षेत्रमा बढी प्रचलित र चर्चित लोकगीत हुन् । पश्चिम गुल्मेली लोकगीतलाई सङ्कलन गरी निम्नानुसार वर्गीकरण गरिएको छ :




[1] राजेन्द्र सुवेदी र होम सुवेदी, **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा**, (काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०५५), पृ.८।




### ४.३. वर्षचक्रीय लोकगीत

प्रकृतिजगत्मा दिन रात, घाम-पानी आदि सयम चक्रजस्तै भएर घुमीरहन्छन् । त्यसैक्रममा नयाँ - नयाँ ऋतु आउँछन् र फेरिँदै जान्छन् । यस अवस्थामा कुनै गीत बाह्रै महिना गाइन्छन् भने कुनै गीत ऋतु-ऋतुमा गाइन्छन् । यसरी वर्षदिन भरिमा समय विशेषमा गाइने लोकगीतलई नै यहाँ वर्षचक्रीय लोकगीतका रूपमा प्रस्तुत गरिएको छ ।[२] समग्रमा पश्चिम गुल्मीमा प्रचलित वर्षचक्रीय लोकगीतलाई बाह्रमासे र ऋतुकालीन गरी दुई भागमा विभाजन गरिएको छ ।

### ४.३.१. बाह्रमासे लोकगीत

बाहै महिना गाइने लोकगीतलाई बाह्रमासे लोकगीत भनिन्छ । लोकले विविध सन्दर्भमा, एकान्त, उदासीन र विलापका अवस्थामा एकल वा युगल रूपमा यस्ता लोकगीत गाउने गर्दछन् । यस्ता लोकगीतमा झ्याउरे, चुड्का, दोहोरी, सुनीमाया, सालैजो पर्दछन् ।

[२] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १५२ ।

### ४.३. १.१ दोहोरी गीत

दुई व्यक्ति वा समूहका बीच गीतैमा गरिने सवाल जवाफलाई दोहोरी गीत अथवा जुहारी भनिन्छ। यो प्राय युवा युवतीहरूबीच हुने गर्छ।

दोहोरी गीतमा युवक र युवतीका बीचका प्रेम प्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा मानवीय मनोभाव र सामाजिक परिस्थितिहरूको सजीव चित्रण हुन्छ। उनीहरूले आफ्नो परिचय दिँदा आ-आफ्ना आकाङ्क्षाहरूलाई व्यक्त गर्दा र मनका भावहरू प्रकट गर्दा प्रकृति र समाज अनि आफ्ना वरिपरिको वातावरणलाई प्रस्तुत गरेका हुन्छन्। छन्द र लय मिलाउने क्रममा केही अप्रासङ्गिक कुरा ल्याई प्रासङगिक कुरा भन्ने लोकगीतका शैलीको प्रयोग दोहोरीमा पाइन्छ।[३]

पश्चिम गुल्मीमा चर्चित दोहोरी गीतहरूमा रेलै सलल, माया हो, सुनिमाया, तानसेन खस्यौली, साइँली, ऐना हेरेर, अमिलीको रस, रस चयाँले, आदि प्रमुख रहेका छन्।

**नमुना : क)**

डाँडैको देवी देउराली
माया हो, पात बजाउँदै झरे है ओराली
मै बस्छु सम्झी झलझली

केटीः के हुनी के हुनी, के हुनी के हुनी
माया हो वनको नेउली कराउँदा मन रुनी
डाँडैको देवी देउराली...............

केटाः जाले रुमाल साबुनले नधुनु, साबुनले नधुनु
माया हो, जति पीर परेनी नरुनु
डाँडैको देवी देउराली...............

केटीः बाटामुनि पानीको पँधेरो, पानीको पँधेरो
माया हो, तिमीविना जगतै अँधेरो
डाँडैको देवी देउराली...............

केटाः मेरो घर यहाँ हैन नयाँगाउँ, यहाँ हैन नयाँगाउँ
माया हो, चौपरीमा बसेर माया लाउँ
डाँडैको देवी देउराली...............

[३] चूडामणि बन्धु, पूर्ववत्, पृ. १४१।

केटी : लाउँ माया हितको, लाउँ माया हितको
माया हो, कालो डोरी रिवन सितको
डाँडैको देवी देउराली...............

स्रोत : केशब के.सी. (३३) र साथीहरू नयाँगाउँ -३, तोर्त

**नमुना - (ख)**

केटा : मेरो मायाँ साइँली
जाम उँदै उँदै ।
कहिले रुँदै साइँली
कहिले मन बुझाउँदै ॥

केटी : मेरो मायाँ साइँला
जाम बाटो ढोरको
तिमी बीसको साइँला
म पन्ध्र सोर को ॥

केटा : मेरो मायाँ साइँली
जाम बाटो हिलेको ।
तिम्रो मेरो साइँली
मन कति मिलेको ॥

केटी मेरो मायाँ साइँला
जाम भन्दा भन्दै
गाउँले चाल साइँला
पाएचन् नी नभन्दै ॥

केटा : मेरो मायाँ साइँली
लाउ मायाँ रसैको
डर कर साइँली
नमानी कसैको

केटी : मेरो मायाँ साइँला
जाम झोला बोकेर
यो समाजमा साइँला
गरौला ठोकेर

स्रोत : भीमबहादुर थापा (८२), पौंदीअमराई-६, गुरुङचौर

### ४.३.१.२ झ्याउरे गीत

नेपालको धेरै भूभागमा झ्याउरे गीत घन्कन्छन् । नेपालका कतिपय स्थानमा सबैप्रकारका लोकगीतलाई झ्याउरे भन्ने प्रचलन छ । लोकगीतलाई झ्याउरेका रूपमा लिँदा झ्याउरे एउटा सिङ्गो रुख हो भने अरु कैंयन गीत यसका हाँगाबिँगा हुन् । ती सबै लयलाई केलाउँदा यसका १०८ भन्दा बढी भेद-उपभेद हुन सक्ने अनुमान गरिन्छ ।[४]

पश्चिम गुल्मीमा झ्याउरे गीतलाई झाम्रे भन्ने गरिन्छ । यहाँ यो सबैभन्दा बढी गाइने बाह्रमासे गीत अन्तर्गत पर्दछ । यो गीत विशेष गरी रातमा गाइन्छ भने कतिपय अवस्थामा काममा जाँदा, कामबाट फुर्सद पाएको बेलामा पनि गाइन्छ । आजभोलि भने आधुनिकताको प्रभावले गर्दा यसको चलन कम हुँदै गएको छ । तथापि मौका परेको बेला झाम्रे गाउने गरिन्छ ।

**नमुना -क**)

हे मैले माया नगाउँदै नलाउँदै, नलाउँदै नलाउँदै
ज्यानले माया हरेस नखाँदै
नरोऊ माया हुनन रोएर
जानु पऱ्यो जन्मे ठाउँ छोडेर
आँसुले गम्छा धोएर ॥

माथि वनमा शिखाले, माथि वनमा शिखाले
कसले गाको अमृतबहादुर वि.क.ले

नरोऊ माया हुन्न रोएर
जानु पऱ्यो जन्मे ठाउँ छोडेर
आँसुले गम्छा धोएर ॥

स्रोतः अमृतबहादुर वि.क. (६०) मर्भुङ - ४, कमेरेपानी

४ कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १५३ ।

**नमुना (ख)**

साइँलो दाइले पानी खायो तिर्खा नलाइ नलाई
केना तो मायाँ लगाइहाल्यु आउन नपाइनपाई निरमाया

तिमी छैनौं मेरा राजै बसुँ कसको भरमा
रेलमा छौ कि छाउनीमा चिठी पठाऊ तारमा निरमाया

आरने दाइले आरमा राखी फलामला कुट्यो
जाम्जाम्भन्दा मानेनौं पानी धारा छुट्यो निरमाया

आउन मयाँ सँगसँगै चिसो पानी खाउँला
जाम्जाम्भन्दा जौं पाक्यो सातु खाएर जाउँला निरमाया

स्रोत : फर्सबहादुर खड्का (५५) दोहोली -४

### ४.३.१.३ चुड्का/रोइला

चुड्का भन्नाले मादल छड्काएर छिटो छिटो गाइने गीतलाई बुझिन्छ । यी गीत नाच्नको लागि गाइने हुनाले अत्यन्त लोकप्रिय छन् । चुड्के गीतका भाकाहरू धेरै पाइन्छन् । रोइला गीत गुल्मी जिल्लाबाट उत्पत्ति भएको मानिन्छ । यो रोइला गीतलाई चुड्के वा कालीपारे भाका भनेर पनि चिनिन्छ ।

पश्चिम गुल्मीमा यी चुड्का र रोइला दुवै किसिमका गीत प्रचलित छन् । यहाँ यी गीतलाई विभिन्न मेला पर्वमा पनि गाउने प्रचलन छ । रोइला लयमा भजन पनि गाउने गरिन्छ । यस्ता गीतहरू सवाल जवाफ, प्रेम, विरह र दैवी लिलाका बारेमा जुराएर गाउने गरिन्छ । यी गीत दोहोरी र एकोहोरी जुन अवस्थामा पनि गाउने चलन छ ।

**(नमुना - क) : चुड्का**

हे, हिउँदे सिमी फूलबत्तिलो वर्षे सिमी डाम्रो ।
मान्छे हेर्दा अगतिलो भाषा सुन्दा राम्रो
छिटोः यो मायाले बाटेको डोरी, फरर फुकेर भुइँ भरि × ३

हे, माथि लेक कैलासमा रुखमाथि रुख ।
इष्ट मित्र भेट भयौ केके छन् त दुःख ॥
छिटोः यो मायाले के लियो छोपी, बन्दा गोपी कमलको फूल होकी × ३

हे, बटौलीको बजारैमा सुका धानै आलु ।
दाइकी स्वास्नी त्यति राम्री मेरी स्वास्नी कालु ॥
छिटो : यो मायाले हित गऱ्यो मसित, आखिरीमा जुग जाने कोसित × ३

स्रोतः ताराप्रसाद लम्साल (२६) घमिर -२

**(नमुना - ख) - रोइला**

केटाः पारि वनपालेमा
ठूलो रुख सल्लै हो
भेट भएको बल्लै हो ॥

केटी : घर त बाटा मुनि
आउँदा जाँदा पसे है ।
गुन्द्री तानी बसे है ॥

केटा : पूर्कोट बजारैमा
खाउँला भुजा किनेर ।
लाउँला माया चिनेर ॥

केटी : नचिनेर होला
चिने पछि मायाजाल ।
पाए पछि बिग्रो चाल ॥

केटा : बस बस माया
बसे माया लाई हाल्छ ।
हाँसो मजा भई हाल्छ ॥

केटी : घरको बास छैन
के गरेर पाल्छौ र ।
किन इज्जत फाल्छौ र ॥

केटा : तिमी जस्ता आए
दसओटी नि पाल्दिन्छु ।
रेशमको सल हाल्दिन्छु ॥

केटी : त्यसो भए माया
पिरती फर्काइदेऊ ।
दुःख मेरो तर्काइदेऊ ॥

स्रोत : देवीराम गिरी (४४), वाग्ला-२

### ४.३.१.४ सालैजो

सालैजो बाह्रै महिना गाइने प्रसिद्ध गीत हो । सालीज्यू भन्दाभन्दै सालैजो हुन गएको र यसै नामले यो गीत प्रचलित रहेको हो ।[५] खास गरी यो गीत गुरुङ, मगर समुदायका चाडपर्व, मेलाजात्रा, उत्सव, आदिका सिलसिलामा गाइन्छ ।

पश्चिम गुल्मीका मगर तथा गुरुङ समुदायमा यो गीत प्रचलित छ । यहाँ यो गीत गाउन कुनै समय, अवसर, स्थान आदिको कुनै आवश्यकता पर्दैन । सालैजो मादलको तालमा पुरुष स्त्रीले सामूहिक रूपमा गाउँदछन् । आजभोलि भने यो गीत रसिक बूढाबूढीको मुखबाट मात्र सुन्न सकिन्छ ।

(**नमुना**)

हे सिसैको गोलीले मगनी बोलीले
हे बागलाई हान्दा बगेनी मोऱ्यो सालैजो सिसैको गोलीले-२
हे जताला जान्चु रुनैसो मगनी बोलीले
हे अब त राखम्तो के रे सालैजो मगनी बोलीले -२

हे घुम्टीमा असिना पुछम्ला पसिना
हे पऱ्यो झका र मकी सालैजो घुम्टीमा असिना-२

---

[५] कुसुमाकर न्यौपाने, **सालैजो गीतको वर्गीकरण र परिचय**, (सिर्जना-३/३ ,२०४६ असार

हे हातैमा लिम्ला नौ जाले रुमाल पुछम्ला पसिना
हे अब त राखम् क्यारे माया सालैजो पुछम्ला पसिना-२

स्रोत : रामबहादुर श्रीस (५२) नेटा

### ४.३.१.५. सुनीमाया

सुनीमाया विशेष गरी पश्चिमाञ्चल विकास क्षेत्रमा चर्चित गीत हो । यो झ्याउरे गीत अन्तर्गत नै पर्दछ । तैपनि यो गीतको आफ्नो छुट्टै भाका रहेकाले यसलाई फरक गीतको कोटीमा राखिएको छ । विशेष गरी पश्चिम गुल्मीमा पनि यो गीत प्रचलनमा रहेको पाइन्छ । गुल्मीको उत्तर पश्चिमी खण्डमा र वाग्लुङ्ग जिल्लामा समेत यो गाइन्छ । यो बिस्तारै लेघ्रो तानेर लस्के भाकामा गाइने हुँदा यसको आफ्नै महत्व छ । यस गीतको पहिलो पङक्तिले गायकको भावना व्यक्त गर्दछ ।

**(नमुना)**

केटाः सुनीमाया आँगनैमा अझल त हिउँदे सिमी झाल
धेरै दिनमा भेट भयो के छ ज्यानको हाल

केटी : सुनीमाया बाटामुनि धौलेघर कर्मीदाइले छाउनी
गरिबको के चाल हुन्थ्यो यर्स्त दुःख पाउनी

केटाः सुनीमाया त्यहाँपारि रानी वनमा रूखमाथि रूख
केको दुःख बताउनुभो देख्छु सुखैसुख

केटीः सुनीमाया चैत हैन बैशाखमा सालको पात पलाई
सुखजति संसारलाई दुःख जति मलाई

स्रोतः ज्ञानबहादुर महत (५६) अमरपुर- ८

### ४.३.२ ऋतुकालीन लोकगीत

नेपालमा वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर ऋतु छन् भने समयका दृष्टिले वर्षा र हिउँद तथा मौसमका दृष्टिले गर्मी र जाडो याम छन् । समय- समयमा आउने उत्सव-चाडपर्वले सामाजिक जीवनमा ठूलो भूमिका खेल्दछन् । त्यस्तै कर्मशील जीवनमा पनि आमोदप्रमोद र विश्रान्तिको आवश्यकता पर्छ । यिनै पर्व विशेष र कर्म विशेषमा गाइने गीत

ऋतुकालीन गीत हुन् ।[६] पश्चिम गुल्मीमा यस किसिमका गीत गाउने व्यापक चलन रहेको छ । यी गीतलाई दुई भागमा विभाजन गरिएको छ । क) पर्वगीत ख) कर्मगीत ।

### ४.३.२.१ पर्वगीत

चाडपर्व विशेषमा गाइने गीतलाई पर्वगीत भनिन्छ । यी गीतमा सामाजिक तथा धार्मिक आस्था प्रवल भेटिन्छ । स्वदेश तथा विदेशमा गएका आफन्त, इष्टमित्र भेट भएर रमाइलो गर्ने, मीठोखाने, सुख दु:ख साट्ने परम्परामा यो गीत बाँचेको छ । यस अन्तर्गत तीजेगीत, सराएँ, देउसी, भैलो र फागु पर्दछन् ।

#### ४.३.२.१.१ तीजका गीत

तीज हिन्दू नारीका लागि ठूलो रमाइलो पर्व हो । यो पर्व विशेष गरी भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीसम्म मनाइन्छ । विशेषत: यस क्षेत्रमा यो पर्व साउने सङ्क्रान्तिदेखि भाद्र शुक्ल पञ्चमीसम्म मनाइन्छ । टोलटोलमा महिला पुरुष भेला भएर मादल, मुरली तथा थपडीका तालमा नारी मनका वेदना, आशा निराशा आदिका स्वरहरू गुञ्जन्छन् । सासू-बुहारी, ससुरा, देवरजेठाजु, नन्दआमाजू, राजनीतिक तथा सांस्कृतिक विषय आदिका बारेमा गीत गाउने र साथमा साङ्गीतिक नृत्य पनि हुनेहुँदा निकै रमाइलो गरिन्छ । गीत गाउनेमा प्राय महिला मात्र हुन्छन्  भने बजाउने र नाच्नेमा पुरुष पनि हुन्छन्

**(नमुना-क)**

अहिले पुनि जान पाइन घर मला चाइएन ।
वर्ष दिनका तीजमा पुनि बिदा पाइएन ..................॥

गुरुरुरु पैरो गयो बारीमाको पुछार ।
आइजा काल लैजा मला होला उछार .................॥

ससुराला होला बरै वनका काँडा फाँडेझै ।
सासुला होला बरै बिहा गरेझै ...............॥

जेठाजुला होला बरै साँधको पर्खाल फालेझै ।
जेठानीला होला बरै खसी खाएझै ...........॥
×× ×× ×× ××

[६] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १७३

रिमीझिमी पानी पऱ्यो चारै दिशा घेरेर ।
मेरी आमा रोइकी होलिन यतै हेरेर ...................॥

दिदी, बहिनी दाजुभाइले मेरै कुरा सुन्दिए ।
हाम्री आमा रोएकी भए नरोऊ नन्दिए .................॥

शिरै लाउने शिरफूल कागजुमा बेरेर ।
मन बुझाई बसे आमा साथी हेरेर ...............॥

हुलाकमा चिठीपत्र रेडियोमा खबर ।
पठाई दिम्ला मेरी आमा रुनी नगर ..................॥

स्रोत : विष्णु गौतम र साथीहरू, अमरपुर

**(नमुना-ख)**

उठ-उठ दिदीबहिनी, अघि अघि सरन
आफ्नो देशको विकास गर्न, अघि बढ्न ..............॥
बाहिर भन्छन् शान्ति शान्ति भित्र के छ था छैन ।
ठाउँ-ठाउँमा गोली बारुद, शान्ति भा छैन............. ॥
कति मरे मानिस त, कति आगो लागेको ?
दुःखी गरिब जनताले, दुःखै पाएको ............॥
कति राम्रो मन्दिर त, मौला हेर कालिका ।
हाम्रा देशमा शान्ति दिलाऊ लौन मालिका............॥

स्रोतः चन्द्रलाल गिरी(७२) सिर्सेनी -१

## ४.३.२.१.२. **सराएँ**

गुल्मी जिल्लामा बडादसैंको टीकाका दिन (दशमी) देखि पूर्णिमासम्म विभिन्न कोट(कोत) र मन्दिरहरूमा पशु बलि दिएपछि रगत लागेका खुकुरी, खड्ग आदि नचाउँदै गाइने नृत्य गीतलाई सराएँ भनिन्छ । यो गीत विशेष गरी पश्चिम गुल्मीमा बढी प्रचलित छ । पूर्णिमामा हुने अर्जै पोखराबारी र धुर्कोट वस्तुको सराएँलाई विशेष महत्व दिने चलन छ ।

यस गीतमा पुरुष नै सहभागी हुन्छन् । उनीहरूले हातमा तरबार, खुँडा, खुकुरी, लठ्ठी, रुमाल, फूल आदि समातेर देवी देउराली पुकारेर पञ्चैबाजाको तालमा घुमीघुमी नाच्दछन् ।

घुमीघुमी नाच्दा एक पटक एउटासँग र अर्को पटक अर्कोसँग जोडिन जान्छन् । सराएँ गोल घेरा लगाएर खेलिन्छ भने बीच भागमा रमीतेहरू बस्ने गर्छन् । यसमा हो, अख्वै, हुर्र जस्ता शब्द प्रयोग गरिन्छ ।

**(नमुना)**

नेपालका पशुपति रक्षे गरे
समय सालमा बाँचिम् भने
तिम्रो सेवा सम्झन गर्छौं, हो
हो ! भाइ हो ! बाँचे आइसल हुर्र !

मर्भुङका मालिका रक्षे गरे
सेवा तिम्रो गर्छौं हामी
अन्जान हाम्ले पुकार, गर्छौं, हो
हो ! भाइ हो ! बाँचे आइसल हुर्र !

धुर्कोटका खड्ग देवता रक्षे गरे
सेवा तिम्रो बारम्बार गर्छौं हामी
रक्षे गरे देवी देउता, हो
हो ! भाइ हो ! बाँचे आइसल अख्वै !

स्रोतः विष्णु भण्डारी, धुर्कोट

## ४.३.२.१.३. देउसी/भैलो

तिहारको अवसरमा यमपञ्चकभर गाइने गीतलाई देउसी गीत भनिन्छ । यस अवसरमा टोलटेलका युवायुवती मिलेर घरघरमा गइ देउसी खेल्ने चलन छ । देउसीमा पाएको उपहारलाई भोज खाएर रमाइलो गर्ने गर्छन् । केही युवा समूह, क्लबले भने यो उपहार ( रकम) लाई सामाजिक कार्यमा पनि खर्च गर्दछन् । यस गीतमा एउटाले टुक्का भट्याउने र अरुले देउसी रे भन्दछन् । देउसी भट्याइ सकेपछि धेरै उपहार झार्न चुड्के गीत पनि गाउने चलन छ । यहाँका देउसी गीतमा गाथा गाउने पनि गरिन्छ ।

(**नमुना**)

आहै, भन्भन् भाइ हो - देउसी रे
राम्ररी भन - देउसी रे
स्वर मिलाई भन - देउसी रे
बजाउनेले - देउसी रे
तालै मिलाऊ - देउसी रे
भट्याउनेले - देउसी रे
भाका मिलाऊ - देउसी रे

आहै, यो घरमा - देउसी रे
देउसी खेल्न - देउसी रे
आएका हामी - देउसी रे
गाह्रो पीर - देउसी रे
नमान्नु होला - देउसी रे

आहै, वर्षदिनको -देउसी रे
तिहारैमा -देउसी रे
अधँरी रातमा -देउसी रे
लोट्दै उठ्दै - देउसी रे
आयौ हामी - देउसी रे
उठन आबै - देउसी रे
उठन बाबै - देउसी रे

आहै, सुपोमा रोटी - देउसी रे
चामलमा दियो - देउसी रे
हरिया नोट - देउसी रे
दिनै लागे - देउसी रे

आहै, यो घरलाई - देउसी रे
आशीष दिउँ - देउसी रे
धनकी देवी - देउसी रे
लक्ष्मीले - देउसी रे

बासै गरून्		- देउसी रे

आहै, यो घरमा		- देउसी रे
सुनको छानो		- देउसी रे
भएरै छाडोस्		- देउसी रे
यो घरको कीर्ति		- देउसी रे
दुबो झै फैलोस्		- देउसी रे
दुःख कष्ट		- देउसी रे
हटेर जाउन्		- देउसी रे

आहै, जान्छौं हामी		- देउसी रे
बिदा दिनुस्		- देउसी र
अर्को साल		- देउसी रे
आउँछौं हामी		- देउसी रे

स्रोत : लालमणि भुषाल (४०) बाँझकटेरी - ५

## ४.३.२.१.४ भैलो

भैलो शब्दलाई 'भलो' शब्दको अपभ्रंश रूप मानिन्छ । यस गीतमा गायकले घरमालिकलाई विभिन्न आशिर्वाद दिने हुनाले यसो भनिएको हुनसक्छ । नेपालका हरेक क्षेत्रमा भैलो प्राय : तिहारमा गाउने, खेल्ने गरिन्छ तर गुल्मीका अधिकांश क्षेत्र लगायत पश्चिम गुल्मीमा 'न्वागी' पर्वमा गाउने खेल्ने प्रचलन छ । यस क्षेत्रमा तिहारको भाइटीकापछि न्वागी नआएसम्म मादल बजाउन नपाइने प्रचलन पनि छ ।

नयाँ धान पाकेपछि न्वागी खाने र सोही दिनदेखि पुस १५ गतेसम्म अर्थात पुसे पन्ध्र सम्म भैलो खेल्ने चलन छ । भैलो खेलेर जम्मा गरेको उपहार कोसेली पुसे पन्ध्रको खाजामा खर्च गरिन्छ । भैलोमा मारुले (मारुनी) र पुर्सुङ्गे बन्ने र विभिन्न किसिमका गीत गाउने र नाच्ने गरिन्छ ।भैलो भट्याएपछि देउसीमा जस्तै चुड्का गाएर नाच्ने गरिन्छ । भैलो भट्याउनु अघि यसको मूल पाठ भनिन्छ । यस समयमा मादले, पुर्सुङ्गे मारुलेहरू घुमीघुमी नाच्दछन् ।

**(नमुना)**

पहिलोमा नारायनले शिर बनाए,
मुकुट बान्नको यही हो र डन्नी
यो र ब्रह्मा कोटरीमा हाइ हाइ बन्यो ॥

दोसरामा नारायनले ललाट बनाए,
भौत लगाउनको यही हो र डन्नी

तेसरामा नारायनले नजर बनाए,
दसै दिशा हेरनको यही हो र डन्नी ।

चौथामा नारायनले कान बनाए ,
आवाज सुन्नको यही हो र डन्नी ।

पञ्चैमा नारायनले नाक बनाए,
गन्ध लिनका  यही हो र डन्नी

छवैमा नारायनले जिह्वा बनाए,
भोजन खानको यही हो र डन्नी ।

सातैमा नारायनले घाँटी बनाए,
रुद्राक्ष लगाउनको यही हो र डन्नी ॥

आठैमा नारायनले बाहु बनाए,
लिन र दिनको यही हो र डन्नी ॥

नवैमा नारायनले कम्मरु बनाए,
पटुकी बाँधनको यही हो र डन्नी ॥

दशैमा नारायनले पाउ बनाए,
चारै दिशा हिड्नलाई यही हो र डन्नी ॥

हो ! सँगी हो -भैलो
बर्षै दिनको - भैलो
मङ्सिरैमा - भैलो
न्वागी पर्व - भैलो
मनाउन आयौं - भैलो

हो ! यो घरमा - भैलो
धन सम्पत्ति - भैलो
बर्सी जाओस् - भैलो
यो घरका - भैलो
जेठा छोरा - भैलो
मन्त्री बनून् - भैलो
माइला छोरा - भैलो
जर्नेल बनून् - भैलो
कान्छा छोरा - भैलो
हाकिम बनून् - भैलो
डिँगा बाच्छा - भैलो
राम्रै होउन् - भैलो
रोग कष्ट - भैलो
नलागोस् - भैलो

हो ! भैली जनका - भैलो
आशिष लागून् - भैलो
बाँचिम् भने - भैलो
यसै गरी - भैलो
अर्को सालमा - भैलो
आउँला फेरि - भैलो

स्रोतः उमबहादुर वि.क.(काले कामी) (८४) मर्भुङ्-१, पाहाखोला

### ४.३.२.१.५ फागु /होरी

फागु नेपाल लगायत अन्य मुलुकमा पनि मानिन्छ । यो रङ्गीन चाड हो । यस पर्वमा गाइने गीतलाई फागु वा फगुवा वा होरी गीत भनिन्छ । अन्यत्रका तुलनामा गुल्मी

जिल्लाका फागु गीत अलिक पृथक किसिमका छन् । यी गीत समाज बाहिर वनजङ्गलमा युवा युवतीका बीच दोहोरीका रूपमा तथा कहिँकतै महिला-महिला र पुरुष-पुरुषका बीचमा पनि गाउने चलन छ । यस क्षेत्रमा गाइने गीतमा अश्लीलता प्रकट भएको हुन्छ । यहाँका गीतमा यौनलाई प्राथमिकता दिएको पाइन्छ । धेरै अश्लिील गीत यहाँ प्रस्तुत गरिएको छैन ।

(**नमुना**)

केटाः त्यहीँ पारि वनपालेमा, फूर्के सल्ला ।
त्यो केटीका छातीमा, केका डल्ला ? -ओ होइ !

केटी : साँचो त साँचो, साइकलको साँचो ।
जेका डल्ला भए पनि, तँलाई के को खाँचो ? -ओ होइ !

केटा : फाउनको बीसमा, फाउ खेल्नी ।
त्यो केटीलाई लान, दाउ खेल्नी -ओ होइ !

केटी : यत चन्चन, उता चन्चन
त्यो केटाले आफ्नी आमा, लयो भन्चन -ओ होइ !

केटा : वारि कोकले, पारि कोकले ।
त्यो केटी कराएको, मेरो भोकले - ओ होइ !

केटी : त्यही पारि भीरमा , आगो लाग्यो ।
त्यो केटाको मुखमा लागो लायो - ओ होइ !

केटाः फाउ खेलौँ भाइ हो, फाउनै मा ।
त्यो केटी ब्याउनी साउनैमा -ओ होइ !

स्रोत : गोपाल थापा, ह्वाङ्दी

### ४.३.२.२ कर्मगीत

विभिन्न काम गर्दा गाइने गीतलाई कर्मगीत भनिन्छ । नेपाल कृषिप्रधान देश भएकोले यहाँ बाह्रै महिना काम गर्नुपर्दछ । कृषकहरूले खेतीपातीको काम गर्दा थकाइ कम गर्न र क्षणिक मनोरञ्जनका लागि गीत गाउने गर्दछन् ।

गुल्मी जिल्लाको यस क्षेत्रमा गाइने कर्मगीत कुनै कामसँग सम्बन्धित हुन्छन् भने कुनै स्वच्छन्द पाराका हुन्छन् । यस क्षेत्रका प्रचलित कर्मगीतमा घाँसे, असारे/वाली र दाइँ गीत हुन् ।

#### ४.३.२.२.१ घाँसेगीत

मेलापात, घाँस काट्न जाँदा गाइने गीतलाई घाँसेगीत भनिन्छ । पश्चिम गुल्मीका कृषकहरूले घाँस काट्दा, मेलापात जाँदा यो गीत गाउँछन् । घाँस काट्दा काट्दै एकान्तमा बसेर मनका बह, प्रेम, विरहका कुराहरू यो गीतमार्फत प्रस्तुत गर्दछन् । यो गीत प्राय एकलरूपमा गाइन्छ ।

**(नमुना)**

गयौ माया, जान्छु नि नभनी
बसूँ एक्लै दिन कति म गनी, रेलै सलल ।

लाग्छ, मला, काँ देखूँ, काँ भेटूँ
रुन्छु एक्लै, तिर्सना काँ मेटूँ,रेलै सलल ।

छल्दी फाँट, धान पाक्यो पयाँलु
तिम्लाई मैले, काँ देखूँ मायालु, रेलै सलल ।

फोटो हेरी, कति दिन काटूँला
एक्लो जीवन, कसरी बाँचूला, रेलै सलल ।

रुन्च मन, वनको नेउलीझैं
तिम्रो पीरले, ज्यान भयो सेउलीझैं, रेलै सलल ।

साउको रिन, यहीँ बसी तिरौंला
घर बेंसी, सँगसँगै गरौंला, रेलै सलल ।

स्रोत : शिवकला गिरी (४८) छापहिले

### ४.३.२.२.२ असारे/वाली

असार कृषकहरूको कामको महिना हो । मानो खाएर मुरी उब्जाउने यस महिनामा कठोर परिश्रम गरेर खेती लगाउने काम गरिन्छ । कृषकहरूले असारमा खेत रोप्दा हली, बाउसे, रोपार मिलेर गाउने विशेष किसिमको लोकलयात्मक गीतलाई असारे/वाली गीत भनिन्छ ।

गुल्मी जिल्लाको यस क्षेत्रमा यस्ता गीत अत्याधिक मात्रामा गाउने गर्दछन् । यो गीत गाउँदा लामो र सुरिलो भाकामा गाउँछन् । कतै कतै पञ्चैबाजा र मादलको तालमा यो गीत गाउँछन् । हातमा काम, गलामा गीत, ओठमा मुस्कान र मनमा जोश जाँगर लिएका यी लोक कलाकारहरू हिलो र पानीसँग मितेरी लाउँदै सरल, सरस र सहज ढङ्गले यो गीत गाउँछन् ।

**(नमुना)**

छुपुमा छुपु, हिलोमा धान, रोपेर छोडौँला, हा हा रोपेर छोडौँला
बनाई कुलो, लगाई पानी, आएर गोडौँला, हा हा आएर गोडौँला
xx xx xx xx
असार मास्को, दब्दबे हिलो, छि मला घिन् लाग्यो, हा हा छि मला घिन् लाग्यो
जेठीला छोडी, कान्छीला ल्याउँदा, छबीस रिन् लाग्यो, हा हा छबीस रिन् लाग्यो ।
xx xx xx xx
हिजोको दूध, आजको दूध, तर् खायो माखीले, हा हा तर् खायो माखीले
झ्यालैमा बसी, के हेर्‍यौ नानी, गाजलु आँखीले हा हा तर् गाजलु आँखीले
xx xx xx xx
छुपु र छुपु, खेतैमा रोपिम् दूधे है मारसी ,हा हा दूधे है मारसी
आँखाका सान्ले, बोलाउँछु मैले, बुझेहै पारसी, हा हा बुझे है पारसी

स्रोतः भक्तिराम भट्टराई, म्यालपोखरी

### ४.३.२.२.३ दाइँ गीत

कात्तिक/मङ्सिर महिनामा परालको दाइँ लगाउँदा गाइने गीतलाई दाइँगीत भनिन्छ । यस क्षेत्रका किसानले धान उठाएको केही दिन पछि पराल माड्ने काम गर्दछन् । गोरु

खेद्न झन्झट नलागोस् ; थकाइ नलागोस् ; रहल धान धेरै झरोस् भनेर गीतहरू गाइन्छ । पाँच/ छ ओटा गोरुलाई हारदाम्लोले बाँधेर मियो वरिपरि पराल छिट्दै गोरुलाई घुमाएर गाइने यो गीत रमाइलै हुन्छ । यो प्रायः एकल रूपमा गाइन्छ र सङ्गीतको आवश्यकता पर्दैन ।

**(नमुना)**

हो.............हो
दाइँ माड भाइ हो, दाइँ माड
घुम घुम भाइ हो, घुम घुम ।

छिटो छिटो घुम, तारे तिल्के साथी
धौली गाईका छोरा, माली गाईका नाती
दाइँ माड भाइ हो, दाइँ माड ।

गुरे गोरु छिटो, पराल कति मिठो
दयेंराला भोक लाग्यो, हिँड छिटो छिटो
दाइँ माड भाइ हो, दाइँ माड ।

खाजा खाउँला ऐले, चामल रोटी चिल्ला
यति काम सक्यौं भने, स्याबासी मिल्ला
माडी खेल भाइ हो, माडीखेल ।

सिमे भूमे बुझाइ, खलाको सह ल्याऊ
पराल माड्ने काम, छिटो-छिटो भ्याऊ
माडी खेल भाइ हो, माडी खेल

स्रोत : तेजमान गिरी (५४) मर्भङ् -१

## ४.४ जीवनचक्रीय लोकगीत

मानिसको जन्मदेखि मृत्युसम्मका जीवनका आरोह अवरोहका चक्रसँग सम्बन्धित लोकगीतलाई जीवनचक्रीय लोकगीत भनिन्छ । यी गीतहरू खास खास जात धर्म, उमेर अवस्थासँग सम्बन्धित हुन्छन् । जीवनका विविध घुम्तीमा आउने उल्लास र उमङ्गलाई गीत मार्फत व्यक्त गरिन्छ । बालबालिका, युवा युवती, बृद्धबृद्धा यस किसिमका गीतमार्फत मनोरञ्जन गर्दछन् । संस्कारगीत, धार्मिक गीत, उमेरअवस्थाका गीत यस क्षेत्रमा प्रचलित जीवनचक्रीय लोकगीत हुन् ।

### ४.४.१ संस्कारगीत

मानिसले आफ्नो जात, धर्मअनुसार विभिन्न संस्कार अपनाउँछन् । सोही संस्कारमा गाइने गीतलाई संस्कारगीत भनिन्छ । यस क्षेत्रमा विशेषत : हिन्दू धर्मालम्बीको बहुलता भएकोले सोह्र संस्कारकै अवलम्बन गरिन्थ्यो । आजभोलि आधुनिकताको प्रभावले सोह्रै संस्कारलाई प्रयोगमा नल्याए पनि प्रमुख संस्कारलाई मान्यता दिएका छन् । विवाह-सिलोक र रत्यौली/जिउँती यहाँका संस्कार गीत हुन् ।

#### ४.४.१.१ विवाह -सिलोक

विवाह मानिसको पन्ध्रौं महत्वपूर्ण संस्कार हो । सृष्टि धान्न र वंश जोगाउन विवाह गर्ने परम्परा छ । यस क्षेत्रमा मागी विवाहको परम्परा कायमै छ । केटा पक्षले केटी माग्न जाँदा केटी पक्षले अड्का थाप्ने, ती अड्का फुकाउन सके मात्र छोरी दिने गर्दछन् । यसै गरी विवाहमा दुलही पक्षकाले जन्तीहरूसँग पनि सवाल जवाफ गर्दछन् । आजभोलि अड्का थाप्ने अर्थात सिलोक गाउने परम्परा कमै देखिन्छ ।

**(नमुना - क)**

केटी पक्ष : कहाँ जन्मे हात्ती घोडा ?
कहाँ जन्मे गधा उँट ?
कहाँ जन्मे सारी सुगा ?
कहाँ जन्मे रजपूत ?

केटा पक्ष : मधेस् जन्मे हात्ती घोडा
पर्वत जन्मे गधा उँट
टोड्का जन्मे सारी सुगा
धुर्कोट जन्मे रजपूत ।

केटी पक्ष : के कामका हात्ती घोडा ?
के कामका गधा उँट ?
के कामका सारी सुगा ?
के कामका रजपूत ?

केटा पक्ष : चढ्नका हात्ती घोडा
भारी बोक्नका गधा उँट
मिठो बोल्नका सारी सुगा
कोखी बस्नका रजपूत ।

केटी पक्ष : के खान्छन् हात्ती घोडा ?
के खान्छन् गधा उँट
के खान्छन् सारी सुगा ?
के खान्छन् रजपूत ?

केटा पक्ष : दाना खान्छन् हात्ती घोडा
दुबो खान्छन् गधा उँट
कीरा फट्ङ्ग्रा खान्छन् सारी सुगा
दालभात खान्छन् रजपूत ।

**नमुना -ख**

दुलही पक्ष : दही मथेर नौनी बन्छ, तोरी पेले पिना
दुलाहा आए दुलही लिन, जन्ती आए किन ?

जन्ती पक्ष : दही मथेर मही बन्छ, तोरी पेले काती
दुलाहा आए दुलही लिन, हामी आयौं साथी ।

दुलही पक्ष : हरिया टपरीमा जर्नेलीको भात
अब हाल जन्ती हो भुसिला हात ।

जन्ती पक्ष : सुकेका टपरीमा आँगाको भात
हालहाल जन्ती हो मुलायम हात ।

स्रोत : हीरा गिरी, पौंदीअमराई -१

### ४.४.१.२ रत्यौली/जिउँती

रत्यौली गीत विवाहको समयमा दुलाहका घरमा महिलाहरू जम्मा भएर मनोरञ्जनका लागि गाउने संस्कारगीत हो । यो 'रति लीला' शब्दको अपभ्रंशबाट बनेको हो । यसको अर्थ रति क्रीडाको अनुकरण गर्नु हो ।[७] यस क्षेत्रमा यस गीतलाई जिउँती भन्ने चलन छ । जिउँती गाउँदा महिला मात्रै हुने हुँदा महिलाले पुरुषका कपडा लगाएर अर्की महिलालाई समातेर रति क्रीडाको अभिनय गर्दछन् । यी गीत गाउँदा पुरुषलाई निषेध गरिन्छ । यस प्रकार हास्यब्यङ्ग्यात्मक, शृङ्गारिक र अश्लील पाराका गीत पनि गाउने गरिन्छ ।

**नमुना - क**

समूह - १ : मकै लाए, पुत्ली कीरा, चामल लाए घुन, अरे भैया, चामल लाए घुन
घोडा चढी, बिहे गर्ने, कसका बाला हुन, अरे भैया, कसका बाला हुन् ?

समूह - २ : मकै लाए, पुत्ली कीरा, चामल लाए घुन, अरे भैया, चामल लाए घुन
घोडा चढी, बिहे गर्ने, हाम्रा बाला हुन, अरे भैया, हाम्रा बाला हुन् ।

**नमुना -ख**

समूह - १ : उकालीमा, जाँदा जाँदै, देउरालीलाई पाती, मेरा बाँदुरै, देउरालीलाई पाती
जन्म दिने, आमा भन्दा, को होला र जाती, मेरा बाँदुरै, को होला र जाती ?

समूह -२ : उकालीमा, जाँदा जाँदै, देउरालीलाई पाती, मेरा बाँदुरै, देउरालीलाई पाती
जन्म दिने आमाभन्दा आफ्नै दुलही जाती मेरा बाँदुरै, आफ्नै दुलही जाती

स्रोतः हरिकला चन्द (५२), अग्लुङ-७

[७]धर्मराज थापा र हंपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौं : त्रि.वि.पाठ्क्रम विकास केन्द्र, २०४१) पृ. १८५ ।

### ४.४.२ धार्मिक गीत

धार्मिक अवसरमा गाइने गीतहरूलाई धार्मिक गीत भनिन्छ । वर्षभरि मनाइने विभिन्न चाडपर्वमा धार्मिक भजन कीर्तन गाउने चलन रहेको छ । कतिपय विद्वानले धार्मिक गीतलाई संस्कारगीत तथा बाह्रमासे गीतमा समावेश गरे तापनि यी गीतको मौलिक पहिचान रहेकोले छुट्टै गीतको कोटीमा राखिएको छ । धार्मिक गीतहरू भक्तिभावका साथ हाम्रो सांस्कृतिक परम्परासँग सम्बन्धित रेहेका छन् । यस्ता धार्मिक गीतहरूमा आरती, भजन, कीर्तन पर्दछन् ।

#### ४.४.२.१ आरती

आरती शास्त्रीय शैलीमा गाउने धार्मिक गीत हो । मन्दिरहरूमा नित्यकर्म गर्दा, घरमा पूजाआजा गर्दा गाउँका भजन मण्डली बसेर खैंजडी, मुजुरा लगायतका बाजासहित भजनको सुरुमा आरती गाउने गर्दछन् । यस क्षेत्रमा कृष्णजन्माष्टमी, स्वास्थानी पूजा लगायत घरायसी पूजाआजामा आरती गाउने प्रचनल रहेको छ ।

(**नमुना**)

आरती जगाऊ राम, आरती जगाऊ
नारायणको मन्दिरमा, आरती जगाऊ
सन्जे जगाऊ राम, दीप जलाऊ
आरतीको यही हो बेला, सन्जे जगाऊ

पहिलैमा आरती फूलकी माला
कालीनाग माथि थिए, कृष्ण गोपाल
रामचन्द्रकी जय,
जय हर हर भक्तिका राम प्रभु रामै राम
आरतीकी जय जय राजा राम

दोस्रैमा आरती देवकीका नन्दन
भक्त सुधार प्रभु, कंसै फन्दामा
रामचन्द्रकी जय, …………………।

तेस्रैमा आरती त्रिभुवन मोहै
गरुड सिंहासन, राजारामलाई सुहाई
रामचन्द्रकी जय, ...........।

चौथैमा आरती चारै दिशा पूजा
चारै युग नारायणले, यौटै नारी जो छ
रामचन्द्रकी जय, ....................।

पञ्चैमा आरती मङ्गलु गावै
हरिज्यूका घरिघरि गुण, भक्तजनले गावै
रामचन्द्रकी जय, ..............।

षष्ठैमा आरती गरुडस् गावै
पावत वैकुण्ठधाम, पावन सुख पावै
रामचन्द्रकी जय, ..............।

सप्तैमा आरती समिधा र बाती
बजाउँला शङ्ख र घण्टा चढाउँ बेल पाती
रामचन्द्रकी जय, ...................।

अष्टैमा आरती ए सेनापति दाता
धन्यमा कोखी उज्यालो ता कौशिला देवी माता
रामचन्द्रकी जय, ..................।

नवैमा आरती नवै र नदी गङ्गा
देखे नुहाउँ प्रभु जिवै हुन्छ चङ्गा
रामचन्द्रकी जय, ...............।

दसैमा आरती दशरथ पिता
आज्ञामा गरे राम लक्ष्मणले सत्यमा धारी सीता
रामचन्द्रकी जय, ...................।

गङ्गा माईको शिरमा महादेवका लटा
बाल श्री कृष्ण ता बासुदेवका साथ
रामचन्द्रकी जय, ………………….।

कृष्णजीकी राधिका त रामजीकी सीता
दाजैनै होला भागवत मै पनि हुम्ला गीता
रामचन्द्रकी जय, ……………..।

स्रोत : नारायण गिरी (९४), मर्भुङ-१, नमात

### ४.४.२.२ भजन

भजनको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाउन हो । मानसिक शान्ति तथा सान्त्वना दिने क्रममा देवदेवीको पूजाआजा गरी भजन गाउने चलन चल्दै आएको छ ।[८] विशेष गरी यस क्षेत्रमा चुड्के भजन बढी प्रचलित छ । आरती गाएर सकेपछि भजन गाउने प्रचलन छ । कम्तीमा चारजनादेखि बढीमा आठ/दस जनासम्मका भजन मण्डली बसेर भजन गाइन्छ । भजनमा खैंजडी, मुजुरा मुरली लगायत अन्य वाद्ययन्त्र बजाइन्छ । भजनेले भजन गाएकै बेला पुरुष, महिला आदि एक वा दुईजनाका दरले नाच्ने गर्दछन् । भजनका गीत धार्मिक विषयवस्तुमा आधारित हुन्छन् ।

**नमुना-क: दशावतार भजन**

प्रथम अवतार लिनुभयो प्रभुले, मत्स्य रूप धारण
के कामले, लिनुभयो प्रभुले मत्स्य रूप धारण, हरि ?
शङ्ख, चक्र, गदा, पद्म सङकरासुरलाई छेदन
यही कारणले लिनुभयो प्रभुले मत्स्य रूप धारण, हरि ।

द्वितीय अवतार लिनुभयो प्रभुले कुर्म रूप धारण के कामले ……..।
सुरअसुर साथ भए मन्द्राचल तारन, यही कारणले ……..।

तृतीय अवतार लिनुभयो प्रभुले बराह रूप धारण, के कामले……..।
हिरण्याक्ष्य मारीकन वेद पृथ्वी पालन, यही कारणले………।

[८]कृष्णप्रसाद पराजुली, पुर्ववत्, पृ. २३२

चतुर्थ अवतार लिनुभयो प्रभुले नरसिंहरूप धारण, के कामले.........।
खम्बा फोरी प्रकट भए भक्त बाला रक्षण, यही कारणले .......।

पञ्चम अवतार लिनुभयो प्रभुले वामन रूप धारण, के कामले.......।
तीन पाइलामा भूमि लिनुभयो बलिराजालाई तारण, यही कारणले......।

पष्ठम अवतार लिनुभयो प्रभुले परशुराम रूप धारण, के कामले.........।
पितृको वचन सत्यमा लिई सकल क्षेत्री नासन, यही कारणले.......।

सप्तम अवतार लिनुभयो प्रभुले राम रूप धारण, के कामले.........।
गृह त्यागी वनबासमा राउन्नेलाई मारन, यही कारणले.....।

अष्टम अवतार लिनुभयो प्रभुले कृष्ण रूप धारण, के कामले......।
बालाखेली बहुत भए कंसासुरलाई नासन, यही कारणले .....।

नवम अवतार लिनुभयो प्रभुले बुद्धरूप धारण, के कामले.....।
नष्ट धर्म प्रकट भए, साधुसन्त पालन, यही कारणले....।

दशम अवतार लिनुभयो प्रभुले कलंकी रूप धारण, के कामले....।.
झगडा, कलह, अधर्मको नासन, यही कारणले.....।

स्रोतः तेजनारायण अर्याल (६२), पौँदीअमराई-६

**नमुना - ख : मिश्रित भजन**

कृष्णजीको ए हरि गाई हेर्ने पालो
राधिकालाई ए हरि पठाइदेऊ गोठालो, राम राम भनेर

कृष्णजीको ए हरि मुरली सुनेर
राधिका आइन ए हरि फूलमाला उनेर, राम राम भनेर

xx xx xx xx

सीता हुन कि रुनी अशोका वनमा बसेर, सीता............।.

मैले चिनिन कि रामकी सीता होइनौ कि, मैले.......।

पूर्वतिर झ्याल अजुद्धेको दरबार, पूर्वतिर .........।

गाइन सत्यदेवी नाचन थाले अप्सरा, गाइन.............।

छैन वरिपरि कहाँ बसायो बाँबरी, छैन ...........।

मलाई बगाउला कि फूल बगाउने नदीले, मलाई.............।

स्रोत : मतीलाल अर्याल (५२), मर्भुङ-१

कहिले होला भेट
जूनको र घामको
सीताको र रामको

हुने थियो भेट
बेंसी मकै छरे त
आउने जाने गरे त ।

खोलापारि गिठी
न सम्चार न चिठी
न भिनाजु न दिदी ।

**नमुना - ग: शिव भजन**

आउन महादेव, आउन महादेव ।
हाम्रो भजनैमा, आउन महादेव ॥

कति सुहायो, कति सुहायो ।
नागको माला, बाघको छाला कति सुहायो ॥

कति सुहायो, कति सुहायो ।
शिरमा गङ्गा, शरीर नङ्गा कति सुहायो ॥

कैलाश पति, कैलाश पति ।

तिम्रै शरणमा, छौं भक्तजन जति ॥

तिम्रै शरण, तिम्रै शरण ।
उमापति महेश्वर तिम्रै शरण ॥

संसार सपना, संसार सपना ।
शिव नाम जपन, संसार सपना ॥

स्रोतः हरि पोखेल (४०) जैसीथोक

### ४.४.२.३ कीर्तन

कीर्तन शब्द 'कृत' धातुमा ल्यूट (अन्) प्रत्यय लागेर बनेको हो । यसको अर्थ कसैको कीर्तिको वर्णन गर्नु भन्ने हुन्छ । विशेष गरी सांसारिक मायाजलबाट पृथक भएका बृद्ध व्यक्तिहरू मानसिक शान्तिका लागि कीर्तन गर्दछन् । यस क्षेत्रमा आफ्ना इष्टदेवताको कीर्तिको वर्णन गर्ने गरिन्छ । श्रीकृष्ण जन्माष्टमी, शिवरात्रीमा कृष्ण मन्दिर, शिव मन्दिरमा श्रद्धालु भक्तजन भेला भइ २४ सै घण्टा कीर्तन गर्ने गर्दछन् । बिहान साँझ पूजा पाठ गर्दा पनि कीर्तन गाइन्छ भने मुर्दालाई घाटमा लैजाँदा बाटोमा हरे राम, हरे राम हरे कृष्ण हरे कृष्ण भन्ने चलन छ ।

**नमुना - क**

हरे राम, हरे राम, राम राम, हरे हरे
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण, हरे हरे

श्री कृष्ण गोविन्द हरे मुरारे
हे नाथ नारायण बासुदेव ।

**नमुना - ख**

राधे श्याम, राधे श्याम, श्याम श्याम, राधे राधे
राधे कृष्ण, राधे कृष्ण, कृष्ण कृष्ण, राधे राधे
श्रीमन् नारायण नारायण नारायण
भजमन् नारायण नारायण नारायण

स्रोत : डिल्लीराज अर्याल (४५) अर्खावाङ

### ४.४.३ उमेर अवस्थाका लोकगीत

कुनै पनि उमेर अवस्थाको मानिसले लोकगीत गाउँछ, मन पराउँछ । मानिसले उमेर अवस्थाअनुसार गाउने लोकगीतलाई उमेरअवस्थाका लोकगीत भनिन्छ । मानिसको जीवनलाई मुख्यतः बालक, युवा र बृद्ध गरी तीन चरणमा विभाजन गर्न सकिन्छ । यही तीन चरणको उमेर समूहले गाउने गीत नै उमेर अवस्थाका गीत हुन् ।

यस क्षेत्रमा बालक युवा र बृद्ध सबै समूहले लोकगीत मन पराउँछन् र गाउँदछन् पनि । युवा र बृद्धले गाउने दोहोरी झ्याउरे, भजन लगाएतका गीत अघिल्ला विवरणमा प्रस्तुत भइसकेको छन् । यस शीर्षकमा बाललोकगीत समावेश गरिएको छ ।

#### ४.४.३.१ बालगीत

बालबालिकाको निश्छल रमाइलो संसार हुन्छ । सोही संसारमा देखे भोगेका कुरालाई बालबोली र बालमस्तिष्कको प्रयोग गरी गाइएका लोकगीतलाई बालगीत भनिन्छ । बालगीत सरल, मधुर र मनोहर हुन्छन् । बालबालिकाहरू साँझ बिहान मैदान, चौतारी र कतिपय विद्यालयमा समेत भेलाभएर बालगीत गाउने, नाच्ने र खेल्ने गर्दछन् । उनीहरूका लोकगीतमा सङ्गीतको प्रयोग भएको पाइँदैन । बलबालिकाले कुनै जात धर्म, वर्ग, लिङ्गको भेदभाव नगरी गीत गाउँदै, नाच्दै खेल खेल्ने गर्दछन् ।

**क) हात समाएर खेल्दा गाउने गीत :**

सिन्की चामल, सिन्की चामल, छेपारोले नुन चाट्यो काली बिराली

**ख) लुकामारी खेल्दा गाउने गीत :**

ओरो डोरो काशी कोरो
वनमा बस्ने भँगेराको कान्छो छोरो
इतिकी मितिकी दाइकी चिठी
असुर काटे धाम मारे डुम

स्रोत : कुसुम भण्डारी (१३) अर्जै, ठाँटी

**ग) काउकुती लगाउने खेल खेल्दा गाउने गीत :**

चीँ मुसी चीँ चीँ
तिम्रा दाइ हाम्रा दाइ

माछी मार्न गएका छन्
माछी मारी ल्याउनेछन्
भरे घर आउनेछन्
आमाले पकाउनेछिन्
बाँडी चुँडी खाउँला
तिम्लाई झोलैझोल,
मलाई झाम्टै झाम्टा
भत्ले भत्ले भत्ले भत्ले

**घ) हात तताउँने खेल खेल्दा गाउने गीत :**

ओकल दोकल तिकल चार
भोलि पर्सि मङ्लबार
काठे गौंडो रूपा सिङ
फर्का मुसा तेरो दाहिने हात

स्रोत सीता मुखिया (१२), अमरपुर

## ४.५. निष्कर्ष

लोकगीतका क्षेत्रमा गुल्मी जिल्लाको मौलिक पहिचान रहेको छ । गुल्मी जिल्लाको पश्चिमी क्षेत्रलाई लोकगीतको भण्डार मान्न सकिन्छ । यस क्षेत्रमा विविध किसिमका लोकगीतहरू गाइन्छ । यहाँका लोकगीतमा धार्मिक तथा सामाजिक संस्कार र आर्थिक तथा राजनीतिक विषयलाई समेटिएको छ । यस क्षेत्रमा चुड्के रोइला गीतको छुट्टै पहिचान रहेको छ । यहाँ बालकदेखि बृद्धासम्म सबैले लोकगीत गाउँछन् । यहाँका वर्षचक्रीय लोकगीतले युवावर्गलाई आकर्षित गरेको छ भने जीवनचक्रीय लोकगीतले वृद्धवर्गलाई आकर्षित गरेको छ । यहाँका बालबालिकाहरू पनि खेलसम्बन्धी लोकगीत गाएर रम्ने गर्दछन् । यहाँका लोकगीतमा मनोरञ्जनका अतिरिक्त स्थानीय लोकधारण पनि प्रस्तुत भएको छ । आपसी प्रेम, सुख, दुःख, अन्याय, अत्याचारका कुरा यहाँका लोकगीतमा प्रतिबिम्बत भएका छन् । यहाँ अन्य लोकगीतका तुलनामा बाह्रमासे लोकगीत बढी प्रचलनमा रहेका छन् । यहाँका लोकगीत एकलरूपमा, संयुक्तरूपमा, दोहोरीका रूपमा, पुरुषले मात्र, महिलाले मात्र विविध किसिमले गाउने गर्दछन् । यहाँ खैंजडी, मुजुरा, मादल, बाँसुरी, पञ्चैबाजा लगायतका विविध वाद्यबाधनका यन्त्रहरू प्रयोग भएका छन् ।

अध्याय –पाँच

# पश्चिम गुल्मीका लोकगीतको अध्ययन र मूल्याङ्कन :

## ५.१ परिचय

लोकगीतमा लोकमानसको विगत र वर्तमान लुकेको हुन्छ । जीवनका आशानिराशा,सुख-दुःख, मिलन – विछोड आदिका पत्र हुन्छन्  लोकगीतमा । यसको निश्चित सीमा पहिल्याउन गाह्रो छ । पश्चिम गुल्मीमा यत्रतत्र छरिएर रहेका लोकगीतका नमुना प्रस्तुत गर्ने काम अध्याय चारमा गरिएको छ । सोही अध्यायमा सङ्कलन र वर्गीकरण  गरिएका विविध लोकगीतलाई अध्ययन र विश्लेषण गर्ने काम यस अध्यायमा गरिएको छ ।

परम्परादेखिका लोकगुम्फनलाई अध्ययन विश्लेषण गर्न सजिलो छैन । यसका लागि प्रत्येक लोकगीतका तन्तु तन्तु र कोष कोषमा अवश्य पुग्नु पर्दछ । लोकगीतको क्षेत्र व्यापक भएको ले यसका विषयवस्तु,संरचना, लय, भाव, भाषाशैली लगायत काव्य तत्वका कोणबाट अध्ययन – विश्लेषण गरिएको छ । काव्य तत्व अन्तर्गत रस र अलङ्कारको प्रयोग खोतल्ने प्रयास गरिएको छ । साथै लोकगीतका प्रवृत्ति र विशेषता पनि औल्याउँदै यहाँका लोकगीतलाई मूल्याङ्कन गरिएको छ  ।

## ५.२ विषयवस्तु :

लोकगीतको जन्म कुनै न कुनै विषयवस्तुबाट हुन्छ । लोकजीवनमा व्याप्त विविध विषयवस्तुलाई लोकगीतले समेटेको हुन्छ । वास्तवमा यसको मुल आधार नै समाज हो ।

पश्चिम गुल्मीका मानिसको जीवनका विविध पाटालाई लोकगीतले विषयवस्तु बनाएको छ । यहाँका प्रत्येक गीतले फरक फरक विषयवस्तु अँगालेका छन् । दोहोरी गीतले माया र प्रेम तथा झ्याउरे गीतले विरह विछोडलाई विषय बनाएका छन् । त्यसै गरी तीजका गीतमा मर्म, बाध्यता, पीडा र राजनीतिलाई विषयवस्तु बनाएको छ । देउसी र भैलोजस्ता गीतमा सामाजिक सांस्कृतिक तथा आर्थिक विषयवस्तु प्रकट भएको छ । केही धार्मिक गीतमा शास्त्रीय शैली पनि विषयवस्तुको रूपमा भेटिएको छ । यसरी गरिबी, अशिक्षा, बेरोजगारी, लाहुरे जीवन दमन, शोषण, माया, प्रेम दैवी शक्ति लगायत प्राकृतिक, धार्मिक, सांस्कृतिक, आर्थिक राजनीतिक विषयवस्तुमा यहाँका लोकगायकले आफ्ना अन्तरमनका यात्रा, भाव र अनुभूतिलाई प्रस्तुत गरेका छन् ।

## ५.३ संरचना

संरचना भनेको कुनै वस्तुको बाहिरी र भित्री बनोट हो । यहाँ संरचनाले लोकगीतमा रहेको बाहिरी र भित्री बनोटलाई बुझाएको छ । लोकगीत र कविता विधाको निकट सम्बन्ध रहेकोले कवितामा जस्तै लोकगीतमा पनि आफ्नै किसिमको संरचना रहेको हुन्छ । यस क्षेत्रका लोकगीतमा पनि आफ्नै किसिमको संरचना भेटाउन सकिन्छ । यस शीर्षकमा लोकगीतको बाहिरी संरचनाको बारेमा अध्ययन गरिएको छ भने आन्तरिक संरचनाको बारेमा पछिल्ला शीर्षकमा प्रस्तुत गरिएको छ ।

लोकगीत निर्माण हुन चरणको संयोजन हुन आवश्यक छ । चरण भन्नाले लोकगीतमा रहने पङ्क्ति, पाउ वा हारलाई बुझाउँछ । वर्णको हरफको तहबाट यहाँका लोकगीतको संरचनाको पहिचान गरिएको छ तापनि यहाँका लोगीकतमा प्राय: वर्ण र हरफको संरचना एकनाशको देखिँदैन । यस्तो हुनुको कारण लोकसर्जक स्वस्फूर्त भावमा बग्नु र अपठित सर्जकको बहुलता हुनु हो ।

### क) लोकगीतमा वर्ण संरचना

यस क्षेत्रमा प्रचलित लोकगीतमा कम्तीमा ६ वर्णदेखि बढीमा २९ वर्णसम्मका पङ्क्ति रहेका छन् । कुनै लोकगीतमा समान सङ्ख्याका वर्णको प्रयोग भएको छ भने कतिपयमा असमान सङ्ख्याका वर्णको प्रयोग भएको छ

मेरो मायाँ साइँली (७ वर्ण )
जाम उँदै उँदै (६ वर्ण )
कहिले रुँदै साइँली (८ वर्ण )
कहिले मन बुझाउँदै ( ९ वर्ण )

×× ×× ××

मेरो मायाँ साइँली (७ वर्ण )
जाम बाटो हिलेको (७ वर्ण )
तिम्रो मेरो साइँली (७ वर्ण )
मन कति मिलेको (७ वर्ण )

×× ×× ××

कहाँ जन्मे हात्ती गोडा ? (८ वर्ण )
कहाँ जन्मे गधा उँट ? (८ वर्ण )
कहाँ जन्मे सारी सुगा ? (८ वर्ण )
कहाँ जन्मे रजपूत ? (८ वर्ण )

×× ×× ××

धुर्कोटका खड्ग देवता रक्षे गरे (१३ वर्ण )
सेवा तिम्रो  बारम्बार गर्छौं हामी (१२ वर्ण )

×× ×× ××

हिजोको दूध, आजको दूध, तर खायो माखीले (१६ वर्ण )
झ्यालैमा बसी, के हेर्‍यौ नानी, गाजलु आँखीले (१६ वर्ण )

×× ××

××

साइँलो दाइले पानी खायो तिर्खा नलाई नलाई (१८ वर्ण )
केना तो मयाँ लगाई हाल्यु आउन नपाई नपाई निरमायाँ (२३ वर्ण )

×× ×× ××

उकालीमा, जाँदा जाँदा,देउरालीलाई पाती, मेरा बाँदुरै, देउरालीलाई पाती (२९ वर्ण )
जन्म दिने आमाभन्दा को होला र जाति, मेरा बाँदुरै, को होला र जाति (२५ वर्ण )

**(ख) लोकगीतमा पङ्क्ति संरचना**

लोकगीत श्लोक अनुच्छेदयुक्त हुन्छ । अनुच्छेद भन्नाले एक समूहमा आउने टुक्रा वा दफा भन्ने बझिन्छ । लोकगीतको सन्दर्भमा अनुच्छेदको तात्पर्य यस्तै एक प्रवाह  वा श्रेणीमा आउने गीतिरचनाको सङ्गठित, शृङ्खलित एवम् लयात्मक रूप हो ।[1] मुख्यत : यस क्षेत्रका लोकगीत द्विपदी र चतुष्पदी रहेका छन् । भने कतिपय अवस्थामा लय प्रवाहका लागि एक, तीन, पाँच र यो भन्दा पनि बढी हरफ/ पङ्क्तिका अनुच्छेद रहेका छन् ।

**एक पङ्क्तिको अनुच्छेद :**

मैले चिनिन कि रामकी सीता होइनौ कि ?

**दुई पङ्क्तिको अनुच्छेद :**

वारि केतुकी, पारि केतुकी
फाउ खेल्नी केटाको गाला चेतुकी, ओ होई ।

**तीन पङ्क्तिको अनुच्छेद :**

पारि वनपालेमा
ठूलो रुख सल्लै हो ।
भेट भएको बल्लै हो ॥

[1] कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. ५११

**चार पङ्क्तिको अनुच्छेदः**

ओकल दोकल तिकल चार
भोलि पर्सि मंगलवार
काठे गौंडो रुपासिङ
फर्का मुसा तेरो दाहिने हात ।

**पाँच पङ्क्तिका अनुच्छेद :**

पहिलैमा आरती फूलकी माला
कालीनाग माथि थिए कृष्ण गोपाल
राम चन्द्रकी जय
जय हर हर भक्तिका राम प्रभु रामै राम
आरतीको जय जय राजा राम

यसरी यस क्षेत्रका लोकगीतमा एक हरफदेखि धेरै हरफसम्मका अनुच्छेद रहेका छन् । बालगीतमा १० हरफका अनुच्छेद रहेका छन् भने दउेसी, भैलो आदिमा कथानकको आधारमा धेरै हरफका अनुच्छेद रहेका छन् । यसर्थ यहाँका लोकगीतको बाह्य संरचनामा विविधता देखिए तापनि सुक्ष्म कथानक भएकोले आख्यानता सबल छैन । यहाँका लोक गीतहरू भावनाको आवेगमा गाइएका / सिर्जिएका छन् ।

## ५.४ लय

लोकगीतलाई व्यक्त गर्ने माध्यम नै लय हो । गति र यति मिलाएर गाएको गीत लयात्मक श्रुतिमधुर हुन्छ । भाव प्रवाहमा लयको महत्वपूर्ण भूमिका रहन्छ । एउटै लोकगीतलाई विभिन्न लयमा गाउन सकिन्छ । यस क्षेत्रका लोकगीतमा मुक्तलयको प्रबलता रहेको छ । यस क्षेत्रका केही लोकगीत द्रुत लयका छन् भने केही चाँही विलम्बित लयका छन् ।

हे बटौलीको बजारैमा, सुका धार्ने आलु (९+६)
दाइकी स्वास्नी त्यति राम्री, मेरी स्वास्नी कालु (९+६)

माथिको चुड्का गीतमा १५ वर्ण रहेका छन् । यसको सही लयको लागि ९ औं वर्णमा विश्राम गर्नु पर्छ । १६।१७ वर्ण हुने चुड्कामा १० औं/११ औं अक्षरमा विश्राम गर्नुपर्छ ।

आहै, यो घरमा (२+१+३) – देउसी रे
सुनको छानो (२+२) – देउसी रे
भएरै छाडोस् (३+२) – देउसी रे
यो घर्को कीर्ति (३+२) – देउसी रे
दुबो झैं फैलोस् (३+२) – देउसी रे
दुःख कष्ट (२+२) – देउसी रे
हटेर जाऊन् (३+२) – देउसी रे

देउसी (२+२) ४ वर्ण हुने लघु लय हो । यसमा अवस्था हेरिकन ७ वर्णसम्ममा पनि विस्तार हुन्छ । यसमा (२+२) वर्णमा विश्राम हुन्छ । भैलोमा पनि यसै प्रकारको लय प्रयोग भएको छ ।

हिजोको दूध, आजको दूध, तर खायो माखीले

(३+२), (३+२), (३+३) = १६ वर्ण

झ्यालैमा बसी, के हेर्‍यौ नानी गाजलु आँखीले

यस असारे/वाली गीतमा पाँचौं र दसौं वर्णमा विश्राम हुन्छ । यो लोक छन्द अन्तर्गत पर्दछ । यो असारे झ्याउरे अन्तर्गतको झ्याउरे छन्द पनि हो । देवकोटाको सर्वचर्चित मुनामदन खण्डकाव्य पनि यसै लयमा लेखिएको छ । यो लय यहाँको चर्चित लय मध्येको एक हो ।

मकै लाए, पुत्ली कीरा, चामल लाए घुन्, अरे भैया, चामल लाए घुन्
(२+२), (२+२), (३+३), (२+२), (३+३) = २४ वर्ण
घोडा चढी, बिहे गर्ने, कसका बाला हुन्, अरे भैया, कसका बाला हुन् ।

यस रत्यौली गीतमा चौथौ, आठौं, चौधौं र अठारौं वर्णमा विश्राम हुन्छ । यो लय पनि यस क्षेत्रको चर्चित लय हो । यस लयलाई पनि एक किसिमको झ्याउरे लय नै मान्न सकिन्छ ।

हरे राम, हरे राम, राम राम, हरे हरे
(२+२), (२+२) (२+२) (२+२) = १६ वर्ण
हरे कृष्ण, हरे कृष्ण , कृष्ण कृष्ण , हरे हरे

यो लय पनि लोकलय नै हो । यो विलम्ब लयमा गाइन्छ । यसलाई दोहोर्‍याई दोहोर्‍याई गाइने हुनाले एक किसिमको साङ्गीतिक झङ्कार उत्पन्न हुन्छ ।

## ५.५ भाव

कवितामा जस्तै लोकगीतमा पनि भावको प्रधानता हुन्छ । लोकगीतमा लोकको जीवनदृष्टि रहेको हुन्छ । लोकगीतका प्राय प्रत्येक पङक्तिमा भावको अभिव्यजना भएको हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा जीवनका आरोह-अवरोह सुख-दुःख माया–प्रेम, भक्तिभाव, निश्छलता मिलन – विछोड,प्रकृति प्रेम, मानसिक पीडा आदि भावप्रकट गरिएको छ ।

केटा : मेरो माया साइँली
लाउ माया रसैको
डर कर साँइली
नमानी कसैको ।

केटी : मेरो माया साइँला
जाम झोला बोकेर
यो समाजलाई साँइला
गरालो ठोकेर

माथिको पहिलो अनुच्छेदमा युवा जोडी प्रेममा फसेको, सामाजिक कानुनभन्दा माया प्रेम ठूलो भएको भाव व्यक्त गरिएको छ । माया केवल देखावटी नभई रसिलो र कसिलो हुनु पर्ने, आफूलाई मन परेको मायालुसँग प्रेम गर्न कसैको डर कर मान्न नहुने स्वच्छन्द भाव व्यक्त गरिएको छ । यसै गरी दोस्रो अनुच्छेदमा आपसमा प्रेम गर्दा समाज बाधक भएकोले यो समाजका वस्नुको कुनै अर्थ नरहेको हुनाले यो समाजमा गरालो ठोकेर अर्थात पुन : नफर्कने गरी झोला बोकर कुनै सुरक्षित स्थानमा गएर आफ्नो प्रेम बाँडौं भन्ने भाव व्यक्त गरिएको छ ।
छल्दी फाँट, धान पाक्यो पयाँलु
तिम्लाई मैले, काँ देखूँ मायालु, रेलै सलल ।

फोटो हेरी, कति दिन काटूँला
एक्लो जीवन, कसरी बाँचूला, रेलै सलल ।

माथिका हरफमा छल्दी खोलाको फाँटमा धान पाकेर पहेँलो भईसक्दा पनि मायालु फर्केर घर नआएको प्रेमीकालाई आफ्नो मायालुलाई कहाँ देखूँ , कहाँ भेटूँ भइरहेको साथै आफ्ना मायालुको फोटो हेरेर धेरै दिन बिताउन नसक्ने र एक्लो जीवन बाँच्न नसक्ने विचार प्रेमिकाले प्रस्तुत गरेकी छे । यस गीतमा विरह, वेदना र प्रताडित भाव व्यक्त भएको छ ।

आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण घर परिवार र प्रेयसीलाई छाडेर महिनौं/वर्षौ विदेशिनु परेकोले उसकी प्रेयसीले एक्लो जीवन विताउँदाको छटपटिलाई प्रस्तुत गीतमार्फत व्यक्त गर्न खोजिएको छ ।

मर्भुङका मालिका रक्षे गरे
सेवा तिम्रो गर्छौं हामी
अन्जान हाम्ले पुकार गर्छौं, हो
हो ! भाइ हो र बाँचे आइसल, हुर्र र

माथिका हरफमा धार्मिक भाव व्यक्त भएको छ । शक्तिशाली देवी मालिकालाई रक्षा गर्न आग्रह गरिएको छ। यसको बदलामा भक्तले मालिकाको सेवा गर्ने वचन प्रकट गरेको छ । भक्त अन्जान र अज्ञानी भएकोले आफूले कुनै समयमा मालिकाको अपमान गरेका हुन सक्ने भाव व्यक्त भएको छ । यस सराएँ गीतमा साथीभाई जम्मा भई हाँस खेल गरेको र बाँचेमा आउने साल पनि यसै गरी साथीभाई भेट भएर सराएँ खेल्ने, चाड मनाउने र मालिकाको सेवा गर्ने धार्मिक भाव व्यक्त भएको छ ।

सुनीमाया बाटामुनि धौलेघर कर्मीदाईले छाउनी
गरिबको के चाल हुन्थ्यो यस्तै दुःख पाउनी

माथिका हरफमा ग्रामीण जनजीवनमा सिकर्मी, डकर्मीका काम गर्नुपरेका गरिबले सधै दुःख भोल्नु परेको, सुखको अनुभव नै गर्न नसकेको ग्रामीण सामाजिक जनजीवनलाई यथार्थ कोणबाट हेरिएको छ । गरिब दुःखीको साहरा आफ्ना दस नङ्ग्राबाहेक अरु कोही नभएको भाव व्यक्त भएको छ ।

यसरी यस क्षेत्रमा प्रचलित लोकगीतमा मानिसका दैनिन्य जीवनकथा, आर्थिक, सामाजिक, पौराणिक, धार्मिक, प्राकृतिक, शृङ्गारिक आदि भाव व्यक्त भएको छ ।

## ५.६ भाषाशैली

भाषा विचार विनिमयको माध्यम हो भने शैली विचारको  प्रस्तुति हो । समग्रमा लोकगीतमा वैचारिक भाषाको प्रस्तुतिलाई नै भाषा शैलिका रूपमा हेर्न सकिन्छ । पश्चिम गुल्मीमा प्रचलित लोकगीतमा प्रयोग भएको भाषा र शैलीलाई यहाँ प्रस्तुत गरिएको छ । यहाँका लोकगीतमा गद्यात्मक र पद्यात्मक भाषाको प्रयोग भएको छ । विशेष गरी मानक नेपाली भाषाको तुलनामा स्थानीय भाषिकाको प्रबलता भेटिन्छ ।

यता चन्चन उता चन्चन
त्यो केटाले आफ्नी आमा लयो भन्चन, ओ होइ

भाषाले लोकगीतका भावलाई गीतशील र जीवन्त तुल्याउने काम गर्दछ । यहाँको भाषामा प्रतीकात्मकता भेटिन्छ । प्रतीकात्मकता र बिम्बात्मकता यहाँका भाषिक पहिचान हुन् ।

हरिया टपरीमा जर्नेलीको भात
अब हाल जन्ती हो झुसिला हात

यस क्षेत्रका लोकगीतमा सहज सरस र सरल भाषाको प्रयोग भएको छ भने कतिपय अवस्थामा उमेरअवस्था अनुसारको भाषा पनि प्रयोग भएको छ। विशेष गरी बालबालीको भाषालाई यस उदाहरणरूद्वारा प्रस्तुत गर्न सकिन्छ ।

चीँ मुसी चीँ चीँ
तिम्रा दाइ हाम्रा दाइ
माछी मार्न गएका छन् ......................... ।

लोकगीतको भाषा जति तिक्खर हुन्छ त्यसको अभिव्यक्ति पनि त्यति नै तिक्खर बन्छ । यस क्षेत्रका लोकगीतमा  तत्सम र आगन्तुक शब्दको छिटफुट प्रयोग भएको छ भने निपात र अनुकरणात्मक शब्दको प्रयोग पनि भएको छ । कतिपय अवस्थामा पद, पदावली र सिङ्गो हरफसमेत पुनरावृत्त भएको छ । यसले लोकगीतलाई रसात्मक बनाएको छ ।

हे सिसैको गोलीले मगनी बोलीले
हे बागलाई हान्दा बगेनी मोऱ्यो सालैजो सिसैको गोलिले .....................२

×× ×× ××

लाउँ माया हितको, लाउँ माया हितको
माया हो, कालो डोरी रिबन सितको
डाँडैको देवी देउराली ………………।

×× ×× ××

रिमीझिमी पानी पऱ्यो चारै दिशा घेरेर ।
मेरी आमा रोइकी होलिन्, यतै हेरेर ॥

यहाँका लोकगीतमा वर्णनात्मक तथा विश्लेषणात्मक शैलीको प्रयोग भएको छ । कतिपय दोहोरी तथा अन्य गीतमा संवादात्मक र प्रश्नोत्तर शैली पनि प्रस्तुत भएको छ । यसक्षेत्रका लोकगीतमा एकल दोहोरी, नृत्यरहित र नृत्यसहितका शैली पनि प्रस्तुत भएका छन् ।

केटा : त्यहीँ पारि वनपालेमा, फूर्के सल्ला
त्यो केटीका छातीमा, के का डल्ला ? ओ होइ !

केटा : साँचो त साँचो साइकलको साँचो
जेका डल्ला भए पनि तँलाई के को खाँचो ?

×× ×× ××

यो घरका – भैलो
जेठा छोरा – भैलो
मन्त्री बनून् – भैलो
माइला छोरा – भैलो
जर्नेल बनून् – भैलो
कान्छा छोरा – भैलो
हाकिम बनून् – भैलो

यसरी यहाँका लोकगीतमा प्रयोग भएको भाषाशैली मौलिक किसिमको रहेको छ । कतिपय गीतमा शास्त्रीय शैलीको प्रयोग पनि पाइएको छ । समग्रमा प्रस्तुत लोकगीतको भाषाशैली सम्प्रेष्य र श्रुतिमधुर रहेको छ ।

## ५.७ काव्यतत्व

लोकगीत मौलिक विधा हो। यसको कवितासँग नजिकको सम्बन्ध रहेको हुन्छ । प्राय : कविता शास्त्रीय नियममा रहेर सिर्जना गरिन्छ भने लोकगीतको र्सिजना स्वतन्त्र तरिकाले हुन्छ । लोकगीतमा निहित काव्य सौन्दर्यको विवेचना शास्त्रीय आधारमा मात्र नगरी लोकसाहित्यिक आधारमा गर्नुपर्दछ । यहाँका लोकगीतमा फेलापर्ने काव्यतत्व योजनाबद्ध रूपमा नभई सहज र स्वाभाविकरूपमा प्रस्तुत भएको छ । यो सर्वसाधारणबाट सिर्जना भएको हुँदा यसमा बढी सरलता र सहजता प्रकट भएको छ । यस क्षेत्रका लोकगीतमा रहेको काव्यतत्वलाई रस र अलङ्कारको तहबाट अध्ययन र विश्लेषण गरिएको छ ।

### ५.७.१ रस

काव्यमा अनुभूतिजन्य भावात्मक अभिव्यक्तिमा जुन सारतत्व रहेको हुन्छ, त्यसलाई रस

भनिन्छ । काव्य पढ्दा वा सुन्दा जुन आनन्द वा रमाइलो महसुस हुन्छ, त्यो नै रस हो । काव्यमा जस्तै लोकगीतमा पनि रसको अनुभूत गर्न सकिन्छ । तथापि काव्यमा जस्तै पूरापूर रसको अनुभूत गर्न नसके तापनि आंशिक रूपमै भए तापनि महसुस गर्न सकिन्छ । लोकगायकको स्वरमा रस उद्दीपन गर्न सक्ने सामर्थ्य हुन्छ । लोकगायकले श्रोतालाई हसाउँन, रुवाउन सक्छ ;  खुसी पार्न, शान्त पार्न सक्छ । यही क्षमतालाई नै लोकगीतमा रस भनिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा नवै रस नभए तापनि शृङ्गार, हास्य, करुण, रौद्र र शान्त रसको प्रधानता रहेको छ ।

**क) शृङ्गार रस**

शृङ्गार रस साहित्यको राज रस हो । रतिरागात्मक सौन्दर्य प्रस्फुटन हुनु नै  शृंगारिकता हो । यसको स्थायी भाव रति हो । यस रसमा प्रेमी – प्रेमीका आलम्वन विभावका रूपमा आएका हुन्छन् । यो संयोग र वियोग गरी दुई किसिमको हुन्छ । यस क्षेत्रका लोकगीतमा धेरै प्रेमभाव झल्कने हुँदा ती गीतमा शृङ्गार रसको प्रयोग भएको छ ।

**अ) संयोग शृङ्गार** : प्रेमीप्रेमिकाको मिलन हुनु संयोग शृङ्गार हो । यस क्षेत्रका लोकगीतमा संयोग शृङ्गार प्रकट भएको छ ।

> छुपु र छुपु, खेतैमा रोपिम्, दूधे है मारसी
> आँखाका सान्ले, बोलाउँछु मैले, बुझे है पारसी ।

**आ) वियोग शृङ्गार :** प्रेमी प्रेमीकाको विछोड हुनु वियोग शृङ्गार हो यस क्षेत्रका लोकगीतमा वियोग शृङ्गार प्रकट भएको छ ।

लाग्छ मला काँ देखूँ , काँ भेटूँ
रुन्छु एक्लै तिर्सना काँ मेटूँ , रेलै सलल

**ख) हास्य रस**

रूप, आकार पहिरन  र विभिन्न कार्यमा विकृत भएपछि हास्य रस उत्पन्न हुन्छ । यसको स्थायी भाव हाँसो हो । विकृत कुरावाट हाँस्नु, खुसी हुनु अनुभाव हो । यस क्षेत्रमा प्रचलित केही लोकगीतमा हास्य रसको प्रयोग भएको छ ।

हे, बटौलीको बजारैमा सुका धार्ने आलु
दाइकी स्वास्नी त्यति राम्री मेरी स्वास्नी कालु
×× ×× ××

फाउ खेलौँ भाइ हो फाउनै मा ।
त्यो कटी ब्याउनी साउनैमा, ओ होइ !

**ग) करुण रस**

विभिन्न कारणले मानिसको मनमा पीर पर्छ । त्यही पीर वा शोकलाई व्यक्त गर्दा करुण रस उत्पन्न हुन्छ । यसको स्थायी भाव शोक हो । रुनु कराउनु अनुभाव हुन् । यस क्षेत्रमा प्रचलित लोकगीतमा करुण रसको व्यापक प्रयोग भएको छ।

नरोऊ माया हुन्न रोएर
जानुपर्‍यो जन्मे ठाउँ छोडेर
आँसुले गम्छा धोएर
×× ×× ××
रुन्च मन वनको नेउलीझैं
तिम्रो पीरले ज्यान भयो सेउलीझैं, रेलै सलल ।
×× ×× ××
गुरुरुरु पैरो गयो बारीमाको पुछार ।
आइजा काल लैजा मलाई होला उछार ॥

### घ) रौद्र रस

विभिन्न कारणले मानिसको मनमा रिस उठ्छ । त्यही रिस वा क्रोधलाई व्यक्त गर्दा रौद्र रस उत्पन्न हुन्छ । यसको स्थायी भाव क्रोध हो । पाखुरा सुर्कनु, गाली गर्नु आदि अनुभाव हुन् । यस क्षेत्रमा प्रचलित लोकगीतमा आंशिकरूपमा रौद्र रसको प्रयोग भएको छ ।

वारि केतुकी, पारि केतुकी
फाउ खेल्नी केटाको गाला चेतुकी, ओ होइ !

### ङ) शान्त रस

संसारलाई सपना ठान्दै सांसारिक विषय प्रतिको मोह त्याग्दा करुण रस उत्पन्न हुन्छ । यसको स्थायी भाव वैराग्य वा शान्ति हो । आंसु, रोमाञ्च यसका अनुभाव हुन् । यस क्षेत्रमा प्रचलित धार्मिक लोकगीतमा यो रस आस्वादन गर्न सकिन्छ ।

आरती जगाऊ राम, आरती जगाऊ
नारायणको मन्दिरमा, आरती जगाऊ
सन्जे जगाऊ राम, दीप जलाऊ
आरतीको यही हो बेला, सन्जे जगाऊ ॥
×× ×× ××
हरे राम, हरे राम, राम राम , हरे हरे
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण, हरे हरे

यसरी यहाँका लोकगीतमा विभिन्न रसको प्रयोग भएको छ । यी रसको प्रयोग योजनावद्ध ढङगले नभई स्वःस्र्फूत तवरले भएको हो । माथिका सबै उदाहरणलाई काव्यको कसीमा राखेर तुलना गर्दा केही कमी महसुस हुन्छ ।

## ५.७.२ अलङ्कार

साहित्यको सौन्दर्य बढाउने तत्व वा गहनालाई अलङ्कार भनिन्छ । जसरी गहनाले स्त्रीको सौन्दर्य बढाउँछ त्यसै गरी अलङ्कारले काव्य वा साहित्यको शोभा बढाउँछ । पूर्वीय साहित्य शास्त्रीहरुले अलङ्कारलाई शब्दालङ्कार र अर्थालङ्कार गरी दुई भागमा विभाजन गरेका छन् । साहित्याको भावलाई सुन्दर बनाउन अलङ्कारको प्रयोग गरिएको छ । तर लोकगीतमा योजनाविहीन नै अलङ्कारको प्रयोग भएको हुन्छ । यस क्षेत्रमा

प्रचलित लोकगीतमा पनि शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग भएको छ । साहित्यमा जस्तै सचेतरूपमा अलङ्कारको प्रयोग नगरिएको भए तापनि स्वस्फूर्तरूपमा अलङ्कारको प्रयोग भएको छ ।

### ५.७.२.१ शब्दालङ्कार

साहित्यमा शब्दको चमत्कारपूर्ण प्रयोगलाई शब्दालङ्कार भनिन्छ । शब्दालङ्कारको प्रयोगले काव्यमा सौन्दर्य वा शोभा बढाउँछ । शब्दालङ्कारका अनेक भेद छन् । तथापि यस क्षेत्रका लोकगीतमा मुख्यतया अनुप्रास र श्लेष अलङ्कारको प्रयोग भएकोले सोहीअनुसार चर्चा गरिएको छ ।

#### क) अनुप्रास अलङ्कार

काव्य वा साहित्यका श्लोकका आदि, मध्य र अन्त्यमा स्वर वा व्यञ्जन वर्ण वा पद दोहोरिएर वा उस्तै उस्तै किसिमले प्रयोग भएमा अनुप्रास हुन्छ । यस क्षेत्रका लोकगीतमा प्राय : अनुप्रास मिलेको छ । अन्त्यानुप्रास धेरै ठाउँमा रहेको छ भने आदि र मध्यानुप्रास पनि कतै कतै मिलेको छ ।

जेठाजुला होला बरै साँधको पर्खाल फालेझैं ।
जेठानीला होला बरै खसी खाएझैं ॥

×× ×× ××

ओरो डोरो काशी कोरो
वनमा बस्ने भँगेराको कान्छो छोरो
इतिकी मितिकी दाइकी चिठी
असुर काटे धाम मारे डुम ॥

#### आ) श्लेष अलङ्कार

एउटै श्लिष्ट शब्द/ पदबाट अनेक अर्थ निस्केमा श्लेष अलङ्कार बन्दछ । यस क्षेत्रमा प्रचलित लोकगीतमा पनि श्लेष अलङ्कारको प्रयोग भएको छ । तलको पहिलो उदाहरणमा साइँला पदले साइँलो चाहिँ युवक भन्ने अर्थ दिए पनि प्रेमीलाई बुझाएको छ । यसै गरी दोस्रो उदाहरणमा भाइ पदले भाइलाई नभई गोरुलाई बुझाएको छ । तसर्थ यी गीतमा श्लेष अलङ्कारको प्रयोग भएको छ ।

मेरो माया साइँला
जाम बाटो ढोरको

तिमी बीसको साइँला
म पन्ध्र सोरको
×× ×× ××
दाइँ माड भाइ हो, दाइँ माड
घुम घुम भाइ हो, घुम घुम

### ५.७.२.२ अर्थालङ्कार

काव्य वा सहित्यमा प्रयोग भएका शब्दको अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । अर्थालङ्कारमा शब्दको अर्थगत वैचित्र्यले सौन्दर्य थपेको हुन्छ । अर्थालङ्कारका भेद धेरै भए पनि यस क्षेत्रमा प्रचलित लोकगीतमा उपमा, रूपक, स्वभावोक्ति, अतिशयोक्ति र प्रश्नालङ्कारको प्रयोग भएको छ ।

**क) उपमा अलङ्कार**

उपमाको शाब्दिक अर्थ नजिकै राखेर त्यसमा समानता देखाउनु हो । उपमेय र उपमानका बीच रूप, गुण, क्रिया आदिको सादृश्य भएमा उपमा अलङ्कार हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा उपमा अलङ्कारको प्रयोग ज्यादै भएको छ ।

कृष्णजीकी राधिका त रामजीकी सीता
दाजै नै हौला भागवत मै पनि हुम्ला गीता
×× ×× ××
ससुराला होला बरै वनका काँडा फाँडेझैं
ससुराला होला बरै बिहा गरेझैं
×× ×× ××

के हुनी के हुनी, के हुनी के हुनी
माया हो, वनको नेउली कराउँदा मन रुनी
डाँडैको देवी देउराली ........................।

**ख) रूपक अलङ्कार**

रूपक अलङ्कारमा उपमान र उपमेयमा अभेद्य आरोप गरिएको हुन्छ । अर्थात कुनै एक वस्तुलाई अर्को वस्तुमा आरोप गरिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा रूपक

अलङ्कारको प्रयोग छिट्फुट रूपमा भएको छ । तलको उदाहरणमा जून र घामलाई सीता र रामसँग आरोप गरिएको छ ।

कहिले होला भेट
जूनको र घामको
सीताको र रामको

**ग) स्वभावोक्ति अलङ्कार**

कुनै विषय, वस्तु दश्य आदिको चित्रलाई जस्तो छ त्यस्तै उतार गरी वर्णन गरेमा स्वभावोक्ति अलङ्कार हुन्छ । यस क्षेत्रका केही लोकगीतमा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको छ ।

सुनीमाया बाटामुनि धौले घर, कर्मी दाइले छाउने
गरिबको के चाल हुन्थ्यो, यस्तै दुःख पाउनी ।
×× ×× ××
छुपुमा छुपु, हिलोमा धान, रोपेर छोडौँला ।
बनाई कुलो, लगाई पानी, आएर गोडौँला ॥

**घ) अतिशयोक्ति अलङ्कार**

आफ्नो अभिव्यक्तिलाई प्रभावपूर्ण बनाउन कुनै विषयमा अतिरञ्जित पाराले बढाई चढाई गर्नु अतिशयोक्ति अलङ्कार हुन्छ । यसमा सामान्य कुरालाई असामान्य पाराले प्रस्तुत गरिन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा पनि यो अलङ्कारको फाटफुट प्रयोग भएको छ ।

बाटामुनि पानीको पँधेरो, पानीको पँधेरो
माया हो, तिमीविना जगतै अँधेरो
डाँडैको देवी देउराली ..................।
×× ×× ××
तिमी जस्ता आए
दसओटी नि पाल्दिन्छु ।
रेशमको सल हाल्दिन्छु ॥

### ङ) प्रश्नालङ्कार

आफ्नो अभिव्यक्तिलाई प्रश्नमार्फत प्रकट गरी अर्कोसँग उत्तरको आशा राख्दा प्रश्नालङ्कार हुन्छ । यस क्षेत्रका कतिपय लोकगीतमा प्रश्नालङ्कारको प्रयोग गरिएको छ ।

लाग्छ मला काँ देँखू काँ भेटूँ ?
रुन्छु एक्लै तिर्सना काँ मेटूँ ?
×× ×× ××
मलाई बगाउला कि फूल बगाउने नदीले ?

यसरी यस क्षेत्रमा प्रचलित लोकगीतमा अलङ्कारका विभिन्न भेदको प्रयोग भएको छ। यी अलङ्कारको प्रयोग योजनाबद्ध ढङ्गले नभई स्वःस्फूत तवरले भएको हो । तसर्थ माथिका सबै उदाहरणहरूलाई काव्यका कसीमा राखेर तुलना गर्दा केही कमी हुन्छ ।

## ५.८. प्रवृत्ति र विशेषताहरू

नेपाली लोकसाहित्यमा प्रमुख र अत्यन्त प्रचलित प्रिय विधा हो लोकगीत । यो युगौंदेखि आत्माभियव्यक्तिको एउटा प्रमुख साधन बनेर आएको छ । यसले देश काल र अवस्थाअनुरूप मानव जातिलाई अँगालिरहेको हुन्छ । सरल र सरस भएकाले नेपाली रनवन डाँडाकाँडा ढाकेको छ । नेपाली गाँउबस्ती चहारेको छ । वसन्तका रमाइला दिन र हरियालीमा मात्र होइन जेठको खडेरी असार साउनको झरी, भदौको भेल र शिशिरका उराठिला दिनमा समेत नेपाली लोकगीत जनजीवनका सु:ख-दु:खका साथी भएका छन् ।[२] त्यसैले लोकगीत नेपाली लोकजीवनको सिङ्गो वर्तमान र शुद्ध इतिहास हो ।

पश्चिम गुल्मीका लोकगीतमा उपर्युक्त कुराहरू पाउन सकिन्छ । यहाँका लोकगीत लोकजीवनका समस्त रागात्मक र आध्यात्मिक भावदेखि सामाजिक, सांस्कृतिक, आर्थिक, सामाजिक, प्राकृतिक वातावारणका अतिरिक्त सुख-द:ख सम्पन्नता-विपन्नता आदिको प्रतिबिम्ब पाइन्छ । समग्रमा यहाँका लोकगीतको प्रवृत्ति र विशेषता औल्याउँदा सामाजिक सांस्कृतिक, आर्थिक र प्राकृतिक विषयलाई आधार बनाइएको छ ।

---

[२]कृष्णप्रसाद पराजुली, पूर्ववत्, पृ. १३७

### ५.८.१ सामाजिक जीवनको चित्रण

मानिस सामाजिक प्राणी हो । उसले आफ्नो जीवन समाजमा बिताउँछ । समाजप्रतिका आफ्ना जिम्मेवारी र कर्तव्य पूरा गर्छ । उसले आफ्ना हरेक पक्षलाई फरक ढङ्गले बिताएको हुन्छ । दैनिक जीवनमा आफ्ना रहन-सहन र रीतिरीवाज मानेको हुन्छ । यी यावत् कुराहरूलाई सुख र दुःखको क्षणमा गीतमार्फत प्रस्तुत गर्छ । यिनै गीतले समाजको हरेक पक्षको चित्रण गरेका हुन्छन् ।

यस क्षोत्रका अधिकांश मानिसको जीवनशैली पनि उपर्युक्त किसिमको रहेको छ । बहुसङ्ख्यक जनता कृषि पेशामा लागेको; गरिबीले गर्दा साहुको ऋण तिर्न आफ्नी प्रियसीलाई छाडेर विदेशिनु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ । प्रियसीले आफ्नो प्रियतमलाई घरबसी सँगै काम गरेर साहुको ऋण तिरौंला भन्दै छिटै घर फर्कन आग्रह गरिएको छ ।

गयौ मायाँ जान्छु नी नभनी
बसूँ एक्लै दिन कति म गनी, रेलै सलल
×× ×× ××
साउको रिन यहीँ बसी तिरौला
घर बेंसी सँगसँगै गरौंला, रेलै सलल ।

समाजका युवा युवती प्रेम प्रणयमा बाँधिएका हुन्छन् । आफ्ना प्रेम भाव, यौनका कुरा पनि गीतमा प्रस्तुत भएका छन । कतिपय अवस्थामा गीत गाउँदागाउँदै प्रणय सुत्रमा बाँधिएको पनि देख्न पाइन्छ भने कहिले चोखो प्रेमलाई समाजले तिरस्कार गर्दा समाजलाई नै त्यागेर अन्यत्र गएर बसेको घटना पनि घट्छ । यी प्रेम भाव र समाजप्रतिको तिरस्कालाई तलका गीतले स्पष्ट पार्दछन् ।

घर त बाटा मुनि
आउँदा जाँदा पसे है ।
गुन्द्री तानी बसे है ॥
×× ×× ××
मेरो घर यहाँ हैन नयाँगाउँ, यहाँ हैन नयाँगाउँ
माया हो, चौपारीमा बसेर माया लाउँ
डाँडैको देवी देउराली …………………।
×× ×× ××

केटा : मेरो मायाँ साइँली
लाउ मायाँ रसैको
डरकर साइँली
नमानी कसैको ।
केटी : मेरो मायाँ साइँला
जाम झोला बोकेर
यो समाजमा साइँला
गरालो ठोकेर
×× ×× ××

हुने थियो भेट
बेंसी मकै छरे त
आउने जाने गरे त ।

यस क्षेत्रमा मनाइने तीजलगायतका चाडमा सिङ्गो समाजका छोरीचेली जम्मा हुन र आमा, बुबा, दाजु, भाइ, इष्टमित्रप्रतिको माया सद्भाव व्यक्त गर्ने परम्परा रहेको छ । यस्तै अवसरमा चेली माइतीमा जान नपाउँदाका असन्तुष्टि यसरी व्यक्त गरिएको छ । छोरीचेली माइती नआउँदा आमाको मन कुँडिन्छ । चेलीलाई पनि विरह छुट्छ ।

अहिले पुनि जान पाइन घर मला चाइएन ।
बर्षदिनका तीजमा पुनि विदा पाइएन ॥
×× ×× ××
दिदी बहिनी दाजु भाइले मेरै कुरा सुन्दिए ।
हाम्री आमा रोएकी भए नरोउ भन्दिए ॥

बालबालिका समाजकै उपज हुन् । उनीहरूको संसार ज्यादै रमाइलो हुन्छ । उनीहरूले आफ्नो मानसपटलमा प्रतिबिम्बित भएका कुरालाई गीत गाएर मनोरञ्जन गर्दछन् । समूहमा खेल्छन्, खान्छन्, नाच्छन् पनि ।

चीँ मुसी चीँ चीँ
तिम्रा दाइ हाम्रा दाइ
माछी मार्न गएका छन्
माछी मारी ल्याउने छन् ...................।

यसरी यस क्षेत्रका समाजमा विद्यमान विविध सामाजिक विषयवस्तुलाई यहाँका लोकगीतले पस्केका छन् ।

### ५.८.२. सांस्कृतिक जीवनको चित्रण

लोकगीत लोकसंस्कृतिको महत्वपूर्ण अङ्ग हो । यसमा लोकले अपनाउने संस्कृति सुरक्षित हुन्छ । चडपर्व संस्कार लगायत धार्मिक वैदिक गतिविधि लोकगीतमा प्रतिबिम्बित भएका हुन्छन् । यस क्षेत्रमा प्रचलित लोकगीतमा यी उल्लेखित विषय समावेश भएका छन् । यहाँका लोकगीतमा प्रचलित संस्कार, चाडपर्व जात्रा, धर्म, भेषभूषा आदि प्रसङ्ग प्रस्तुत भएका छन् । विवाहमा जिउँती गाउँने दोहा अर्थात सिलोकमार्फत सवाल जवाफ गर्ने सांस्कृतिक परम्परा पनि रहेको छ ।

दही मथेर मही बन्छ,  तोरी पेले काती
दुलाहा आए दुलही लिन हामी आयौँ साथी
×× ×× ××
मकै लाए पुत्ली कीरा, चामल लाए घुन्, अरे भैया, चामल लाए घुन्,
घोडा चढी बिहे गर्ने, हाम्रा बाला हुन्, अरे भैया, हाम्रा बाला हुन् ।

विवाह भएका छोरीचेलीलाई तीजमा माइती बोलाउने चलन रहेको छ । छोरीचेली माइतीमा नआए दुवैतर्फ नरमाइलो हुन्छ । कतिपय तीजका गीतहरूमा नेताहरूले शान्ति ल्याउन नसकेकोमा देवदेवीलाई शान्तिका लागि पुकारा गर्दै व्यङ्ग्य गरिएको छ ।

शिरै लाउने शिरफूल कागजुमा बेरेर ।
मन बुझाई बसे आमा साथी हेरेर ॥
×× ×× ××
कति राम्रो मन्दिर त, मौला हेर कालिका ।
हाम्रा देशमा शान्ति दिलाउ लौन मालिका ॥

दसैं तिहारजस्ता चाडवाडमा आफन्तजन भेट हुने गर्दछन् । आफ्नो क्षमताअनुसार धनदौलत खर्च गरी रमाइलो गर्दछन् । यहाँ दसैंमा कोट (कोत) मा गएर वा देवदेवीका मन्दिरमा गएर सराएँ खेल्ने परपम्परा रहेको छ । सराएँमा आफूलाई रक्षा गर्ने देवदेवीको पुकारा गर्दै गीत गाउने परम्परा रहेको छ भने तिहारमा देउसी खेल्ने न्वागीमा भैलो खेल्ने र फागु पूर्णीमामा फागु खेल्ने परम्परा रहेको छ ।

धुर्कोटका खड्गदेवता रक्षे गरे

सेवा तिम्रो बारम्बार गर्छौं हामी
रक्षे गरे देवीदेउता, हो ।
हो र भाइ हो र बाँचे आइसल, अख्वै !
×× ×× ××
आहै, यो घरमा – देउसी रे
देउसी खेल्न – देउसी रे
आएका हामी – देउसी रे
गाह्रो पीर – देउसी रे
नमान्नु होला – देउसी रे
×× ×× ××
फाउनको बीसमा, फाउ खेल्नी ।
त्यो केटीलाई लान, दाउ खेल्ने - ओ होई र

विशेष गरी यहाँका बृद्धबृद्धाहरू र वयस्क पनि विभिन्न धार्मिक संस्कारमा भजन कीर्तन गाउने जाग्राम बस्ने, देवदेवीको उपासना गर्ने गर्दछन् । कृष्णजन्माष्टमी स्वस्थानी व्रतपूजा शिवरात्री रामनवमी आदि पर्वलाई धुमधामसँग मनाउने गरिएको छ । यी पर्वमा देहाय बमोजिमका भजन कीर्तन गाउने प्रचलन छ ।

हरे राम, हरे राम, राम राम, हरे हरे
हरे कृष्ण, हरे कृष्ण, कृष्ण कृष्ण, हरे हरे
×× ×× ××
आरती जगाऊ राम, आरती जगाऊ
नारायणको मन्दिरमा, आरती जगाऊ
सन्जे जगाऊ राम, दीप जलाऊ
आरतीको यही हो बेला सन्जे जगाऊ ।
×× ×× ××
संसार सपना, संसार सपना
शिव नाम जपना, संसार सपना

यसरी यहाँका लोकगीतमा स्थानीय परम्परा, सांस्कृतिक रीतिरिवाज आदि प्रतिबिम्ब भएको छ भने प्राचीन संस्कृतिदेखि आधुनिक संस्कृतिसम्मको छाप रहेको छ ।

### ५.८.३ आर्थिक जीवनको चित्रण

विना धन केही नभन अर्थात जीवनको लागि धन आत्यावश्यक छ । नेपाल कृषिप्रधान देश भएकोले यहाँको अर्थतन्त्र कृषिमा समेत निर्भर छ। गुल्मी जिल्ला र यसको पश्चिमी क्षेत्र पनि कृषिबाट चलेको छ । यहाँ खेतीपाती र पशुपालन मुख्यरूपमा गरिन्छ भने उद्योग, व्यापार, नोकरी कम मात्रामा गरिन्छ। यहाँका मानिसको आर्थिकस्तर एकैनासको छैन कोही धनी पनि छन् भने धेरै गरिब छन् । विशेष गरी यहाँका लोकगीतमा गरिबी अभाव, ऋण र निर्धनताको चित्रण भएको छ । आफ्नो रमाइलो समाजलाई छोडेर विदेसिनु पर्ने कुरा यी

गीतमार्फत प्रकट भएका छन् ।

सुनीमाया बाटामुनि धौले घर कर्मीदाईले छाउनी
गरिबको के चाल हुन्थ्यो, यस्तै दुःख पाउनी
×× ×× ××
साउको रिन यहीँ बसी तिरौला
घर बेंसी सँगसँगै गरौँला, रेलै सलल ।
×× ×× ××
असार मासको दब्दबे हिलो, छि मला घिन् लाग्यो
जेठीलाई छोडी कान्छीलाई ल्याउँदा छ बीस रिन् लाग्यो

यहाँका मानिस आर्थिकरूपले विपन्न भए पनि उनीहरूमा आँट साहस र निश्चिन्तता देखिन्छ । आफू गरिब भए पनि मन परेकी युवतीलाई बिहे गरेर राम्रोसंग पाल्न सक्छु भन्ने अभिव्यक्ति यहाँका लोकसुसेलीमा प्रस्तुत भएको छ ।

केटी : घरको बास छैन
के गरेर पाल्छौ र ।
किन इज्जत पाल्छौ र ॥

केटा : तिमी जस्ता आए
दसवटी नि पाल्दिन्छु ।
रेशमको सल हालिदिन्छु ॥

यहाँका लोकगीतमा एकातर्फ आर्थिक विपन्नताको पीडा गुन्जिएको छ भने अर्कातर्फ आर्थिक  सम्पन्नताको कल्पना गरिएको छ । तिहारमा देउसी खेल्दा र न्वागीमा भैलो खेल्दा आर्थिक सम्पन्नताको कल्पना गरिएको छ ।

हो, यो घरमा – भैलो
धन सम्पति – भैलो
बर्सी जाओस् – भैलो
यो घरका – भैलो
जेठा छोरा – भैलो
मन्त्री बनून् – भैलो
माइला छोरा – भैलो
जर्नेल बनून् – भैलो
कान्छा छोरा – भैलो
हाकिम बनून् – भैलो
डिँगा बाच्छा – भैलो
राम्रै होऊन् – भैलो

मेलापात गएर खेतीपाती गरेर,  माछा मारेर भए पनि यहाँका मानिसले अर्थोपार्जन गरेका छन् आर्थात जीविका चलाएका छन् । यसले अर्थिकस्तर माथि नउठे पनि जीवन धान्न सजिलो भएको छ । धान रोप्ने, मकै छर्ने, माछा मार्ने आदि काम गरेर जीवन बिताएको प्रसङ्ग यहाँका लोकगीतमा प्रस्तुत भएको छ ।

छुपुमा छुपु हिलोमा धान रोपेर छोडौँला
बनाई कुलो लागाई पानी अएर गोडौँला ।
×× ×× ××
हुने थियो भेट
बेंसी मकै छरे त
आउने जाने गरे त ।
×× ×× ××
चीँ मुसी चीँ चीँ
तिम्रा दाइ हाम्रा दाइ
माछी मार्न गएका छन्
माछी मारी ल्याउने छन् ..............।

यसरी यहाँका लोकगीतमा कमजोर आर्थिक अवस्थाको चित्रण भएको  छ । आर्थिकस्थिति कमजोर भए पनि आफू कमजोर नभएको विचार लोकगीतमार्फत प्रस्तुत भएको छ ।

**५.८.४. प्रकृतिको चित्रण**

नेपाली लोकगीतले प्राकृतिक बिम्बलाई व्यापक समेटेको छ । आफूले भोगेका र आफ्नो आँखाले देखेका प्राकृतिक कुरालाई लोकगायकले टिपेको हुन्छ । प्राय: लोकगीतका पहिलो पङ्तिमा प्रकृतिको वर्णन गरिएको हुन्छ । यस क्षेत्रमा प्रचलित लोकगीतमा पनि उल्लेखित कुरालाई समेटिएको छ ।

मधेस जन्मे हात्ती घोडा
पर्वत जन्मे गधा उँट
टोड्का जन्मे सारी सुगा
धुर्कोट जन्मे रजपूत ।

कतिपय लोकगीतमा बाढी-पहिरो, हिलो-मैलो, प्राकृतिक चक्र, ऋतु आदि विषयलाई उद्घाटन गरिएको छ ।

घुम्टीमा असिना पुछम्ला पसिना
पऱ्यो झका र मकी सालैजो घुम्टीमा असिना .....२
×× ×× ××
गुरुरुरु पैरो गयो बारीमाको पुछार ।
आइजा काल लैजा मलाई होला उछार ॥
×× ×× ××
असार मासको दब्दबे हिलो, छि मला घिन् लाग्यो
जेठीलाई छोडी कान्छीलाई ल्याउँदा छ बीस रिन् लाग्यो
×× ×× ××
सुनीमाया चैत हैन वैशाखमा सालको पात पलाई
सुख जति संसारलाई दु:ख जति मलाई

प्रकृतिको चित्रण गर्ने क्रममा वनजङ्गललाई विशेष प्राथमिकता दिएको छ । घाँस दाउरा काट्ने ठाउँ भएर होला यसको बढी चर्चा भएको । विषेश गरी वनजङ्गल, रूख बिरुवा, चराचुरुङ्गी आदिको व्यापक चर्चा भएको छ लोकगीतमा ।

के हुनी के हुनी, के हुनी, के हुनी
माया हो, वनको नेउली कराउँदा मन रुनी
डाँडैको देवी देउराली, ......................।
×× ×× ××
पारि वनापालेमा
ठूलो रूख सल्लै हो ।
भेट भएको बल्लै हो ॥
×× ×× ××
हे माथि लेक कैलासैमा रूखमाथि रूख ।
इष्ट मित्र भेट भयौं केके छन् त दुःख ॥
×× ×× ××
त्यहीँ पारि वनपालेमा फूर्के सल्ला ।
त्यो केटीका छातीमा केका डल्ला ?

यसरी स्वच्छन्दरूपमा प्रकृतिको वर्णन तथा विश्लेषण यहाँका लोकगीतमा गरिएको छ । यही प्रकृतिमा जन्मे हुर्केको भएर नै लोकगीतमा प्रकृति चित्रण भएको । मानिसको मनजस्तो छ प्रकृति त्यस्तै भइदिन्छ भने प्रकृति जस्तो छ मानिसको मन पनि त्यस्तै बन्छ । तसर्थ यहाँका लोकगीतमा प्रकृति महत्वपूर्ण विषय बनेको छ ।

## ५.९ मूल्याङ्कन

लोकगीत फराकिलो क्षेत्र भएको लोकसाहित्यको प्रमुख विधा हो । लोकसाहित्य समाजको अमूल्य निधि हो । समाजको अमूल्य निधिभित्र रहेको लोकगीतको मूल्य तोक्नु अर्थात मूल्याङ्कन गर्नु जटिल कार्य हो । खानीबाट निकालिएको निश्चित पदार्थलाई आधार मानेर सिङ्गो अथाह खानीको मूल्याङ्कन गर्न जति गाह्रो हुन्छ त्यति गाह्रो हुन्छ यहाँका लोकगीतको मूल्याङ्कन गर्न । तैपनि लोकगीतका सिद्धान्त वा तत्वलाई आधार मानेर यहाँका सङ्कलित लोकगीतहरुलाई विभिन्न कोणबाट मूल्याङ्कन गर्न सकिन्छ ।

यहाँका लोकगीतमा यस क्षेत्रमा बसोबास गर्ने मानिसको जीवनशैली प्रतिबिम्बन भएको छ । विभिन्न जातजाति र धर्म संस्कारका मानिसको जीवनचक्र मुखरित भएको छ । बालकदेखि बृद्धसम्म सबैले बाह्रै महिना लोकगीतबाट रसानन्द लिन्छन् ।

यहाँका लोकगीतमा प्राय कथानक वा विषयवस्तुको प्रयोग भेटिन्छ । विशेष गरी देउसी, भैलो, भजन आदिमा कुनै घटना वा विषयलाई प्राथमिकता दिइएको हुन्छ । कतिपय

लोकगीतमा राजनीतिक एवम् सामाजिक घटना र व्यवहारलाई प्रकट गरिएको छ । घाँसेगीत तथा तीजका गीत यसका उदाहरण हुन् ।

संरचनागत ढङ्गले हेर्दा यहाँका लोकगीतमा कम्तीमा एक हरफदेखि बढीमा गीतको कथानअनुसार धेरै हरफको प्रयोग भएको छ । समग्रमा दुई हरफे लोकगीतको प्रयोग बढी रहेको छ । वर्ण संरचनाको आधारमा हेर्दा यहाँका लोकगीतमा कम्तीमा छ वर्णदेखि बढीमा २९ वर्ण सम्मको प्रयोग भएको छ ।

यहाँका लोकगीतमा स्थायी, अन्तरा पुनरावृत्ति थेगोको प्रयोग व्यापकरूपमा भएको छ । विशेष गरी दोहोरी र झ्याउरे गीतमा यसको प्रवलता रहेको छ । माया हो, साइँली, रेलै सलल, सुनीमाया, हुर्र, अख्वै, ओ होइ आदि थेगोका उदाहरण हुन् । तलको गीत स्थायी, अन्तरा, पुनरावृत्ति र थेगोको प्रयोग भएको नमुना उदाहरण हो ।

मेरो घर यहाँ हैन नयाँगाउँ, यहाँ हैन नयाँगाउँ
माया हो, चौपारीमा बसेर माया लाऊँ
डाँडैको देवी देउराली......................।

लय र भाकाका दृष्टिले यहाँका लोकगीतमा विविधता पाउन सकिन्छ । एउटै गीतलाई विभिन्न लयमा ढालेर गाउन सकिन्छ । तसर्थ यहाँका लोकगीत मुक्तलयप्रधान छन् । केही गीत द्रुत लयका छन् भने केही विलम्बित लयका पनि छन् ।

यस क्षेत्रका लोकगीतमा सरल र सरस भाषाको प्रयोग भएको छ । पद्यात्मकभन्दा गद्यात्मक भाषाको प्रयोग बढी देखिन्छ । अधिकांश गीतमा स्थानीय भाषिकाको प्रभाव बढी छ । कतिपय अवस्थामा प्रतिकात्मक भाषाको प्रयोग पनि भएको छ । वर्णनात्मक, संवादात्मक प्रश्नोत्तरात्मक शैलीमा यहाँ लोकगीत गाइन्छ ।

कथनका दृष्टिकोणले पनि यहाँका लोकगीत सबल नै छन् । एकल लोकगीतमा प्रथम र तृतीयपुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने दोहोरी गीतमा द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यसरी प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग यहाँका लोकगीतमा पाउन सकिन्छ । यहँका केही गीतका सङगीतको आवश्यकता पर्दछ भने केहीमा पर्दैन । यसै गरी केही गीत नृत्यसहित गाइन्छ भने केही चाँहि नृत्यरहित पनि गाइन्छ ।

यसरी विभिन्न रस र अलङ्कारको समेत संयोजन भएका यहाँका लोकगीतमा हार्दिकता, आपसी प्रेम, दुःख-कष्ट, शोषण, सामाजिक अन्याय, अत्याचार, मिलन-बिछोड, आशा-निराशा, आर्थिक, धार्मिक, सांस्कृतिक गतिविधि भक्तिभाव, ईश्वर स्तुति, प्रकृति प्रेम आदि

यावत यथार्थ तथ्यहरू पठित-अपठित जनमानसबाट मौलिकरूपमा प्रकट भएका छन् । यी लोकगीतले पश्चिम गुल्मीको सिङ्गो इतिहास र वर्तमानलाई प्रस्तुत गरेका छन् ।

## ५.१० निष्कर्ष

पश्चिम गुल्मीका लोकगीतमा समग्र लोकजीवनको सजिव चित्रण पाउन सकिन्छ । विविध विषयवस्तुलाई लोकगीतले समेटेका छन् । माया प्रेम, सद्भाव, सामाजिक शोषण, दमन, गरिबी, प्रकृति चित्रण आदिको चर्चा लोकगीतमा भएको छ । छ वर्णदेखि २९ वर्णसम्मका हरफ सिर्जना भएका छन् । लय र गेयका दृष्टिले पनि यी लोकगीत उत्कृष्ट छन् । स्थानीय भाषाशैलीको प्रभाव प्रचुर रहेको छ । जेजस्तो भए तापनि यी गीतमा स्वाभाविकरूपमा विविध रस र अलङ्कारको प्रयोग भएको छ । यस क्षेत्रमा प्रचलित गीत सामाजिक, आर्थिक, सांस्कृतिक, ऐतिहासिक, पौराणिक, राजनीतिक, प्राकृतिक लगायतका विविध भावभूमिबाट हस्तान्तरित भएका छन् । मानव जीवनका यावत तथ्य प्रस्तुत गरिएको छ । प्रस्तुत लोकगीतका गायक तथा सर्जक सोही स्थान विशेषका भएकाले पनि यी गीतमा मौलिकता र स्वच्छन्दताको आभाष मिलेको छ । अन्तत : नेपाली लोकगीतका क्षेत्रमा यस क्षेत्रका लोकगीतले ठूलो योगदान पुऱ्याउन सक्छन् ।

## अध्याय – ६

# उपसंहार एवम् निष्कर्ष

### ६.१ उपसंहार

यस शोधपत्रलाई जम्मा ६ ओटा अध्यायमा विभाजन गरिएको छ । क्षेत्रीय अध्ययन पद्धतिमा आधारित यो शोधपत्रमा गुल्मी जिल्लाको अध्ययन गरिएको छ। गुल्मी जिल्लाको ऐतिहासिक पृष्ठभूमि लगायत त्यहाँको भौगोलिक, राजनीतिक, आर्थिक तथा सामाजिक पक्षलाई केलाउने काम गरिएको छ।

लोकगीतको अध्ययन गर्नु यस शोधकार्यको मूल उद्देश्य भएकोले यस शोधपत्रमा समग्र लोकगीतको सैद्धान्तिक अध्ययन पनि गरिएको छ । सैद्धान्तिक अध्ययनमा परिचय, परिभाषा, तत्व, वर्गीकरण र लोकगीतका विशेषतालाई समेटिएको छ। यी उपशीर्षकमा अध्ययन गर्दा विभिन्न विद्वानका ग्रन्थलाई आधार बनाइएको छ भने नेपालका लोकगीतको अवलोकन समेत गरिएको छ।

गुल्मी जिल्ला लोकसाहित्यको क्षेत्रमा सम्पन्न भएको सन्दर्भमा यस जिल्लाको पश्चिम क्षेत्रमा प्रचलित लोकगीतलाई केन्द्रबिन्दु बनाएर यो शोधकार्यको मूल उद्देश्य पूरा गरिएको छ । यस क्षेत्रका विभिन्न गा.वि.स.मा पुगेर लोकगीतका पारखी सूचकहरूबाट विभिन्न लोकगीत सङ्कलन गरी ती गीतलाई लोकगीतका सिद्धान्तका आधारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ तथापि यहाँका सबै किसिमका लोकगीत लोकगीत सिद्धान्तका घेरामा अटाउन भने सकेका छैनन् ।

यहाँका लोकगीतलाई लोकगीतका पूर्वीय सिद्धान्तका कसीमा दाँजेर अध्ययन मूल्याङ्कन गरिएको छ। सबै किसिमका लोकगीतहरू शास्त्रीय दायरामा अटाउन भने सकेका छैनन् । समग्रमा हेर्दा मौलिकतालाई यहाँका लोकगीतको प्रमुख विशेषता मान्न सकिन्छ।

अन्त्यमा, यस शोधपत्रको निष्कर्ष प्रस्तुत गरिएको छ भने लोकसाहित्यका अध्येतालाई भावी अध्ययनका लागि सुझाव समेत दिइएको छ।

### ६.२ निष्कर्ष

लोकगीत मावन सभ्यताको इतिहासमा अकृत्रिम अभिव्यक्तिमा जीवित रहेको लोकसाहित्यको सर्वश्रेष्ठ विधा हो । व्यक्तिको जीवन भोगाइका क्रममा अन्तर्हृदयबाट उद्घाटित भएको बोलीचालीको शैलीभन्दा केही फरक ढङ्गको लयात्मक झङ्कार नै लोकगीत हो । नेपालमा विक्रमको पन्ध्रौं शताब्दीदेखि यो मौखिक परम्परागत रूपमा

जिउँदै आएको छ । वि.सं. २००३ सालदेखि लिखितरूपमा प्रस्तुत हुन थालेको यो गीतको वि.सं.

२००७ सालपछि अध्ययन अनुसन्धान हुन थालेको हो । हाल लोकगीत नेपालभर विभिन्न भाषामा गाइन्छ भने विदेशमा पनि त्यत्तिकै चर्चामा छ ।

गुल्मी नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलको एउटा पहाडी जिल्ला हो । यसको पूर्वमा स्याङजा र पर्वत, पश्चिममा प्यूठान, उत्तरमा बागलुङ र दक्षिणमा अर्घाखाँची र पाल्पा जिल्ला पर्दछन् । पहाड र बेंसी क्षेत्रमा फैलिएको यस जिल्लालाई राजनीतिकरूपमा तीनओटा निर्वाचन क्षेत्र १३ ओटा इलाका र ७९ ओटा गा.वि.स. मा विभाजन गरिएको छ । परम्परागत सामाजिक जीवनयापन गर्ने यहाँका बासिन्दाको मुख्य पेशा कृषि नै हो । धान, मकै, कोदो, कफि यहाँका कृषि उपज हुन् । यहाँ बाहुन क्षेत्री मगर, गुरुङ, नेवार दशनामी, कामी, दमाई सार्की कुमाल आदि जातजाति बसोवास गर्दछन् भने हिन्दू धर्म यहाँको प्रमुख धर्म हो । मुख्यरूपमा तीज, दसैं, तिहार, चाडलाई बढी र छैंठी, न्वारन, पास्नी, व्रतबन्ध, विवाह, चौरासी पूजा र मृत्यु संस्कारलाई कम महत्व दिइन्छ ।

गुल्मी जिल्ला लोकगीतको भण्डार नै हो । त्यसमा पनि यस जिल्लाको पश्चिमी क्षेत्र लोकगीतमा अग्रस्थानमा रहेको छ । यस क्षेत्रले राष्ट्रियस्तरका लोककलाकार समेत जन्माएको छ ।

पश्चिम गुल्मीमा प्रायः बाह्रै महिना लोकगीत गाइन्छ । चाहे ती गीत वर्षचक्रीय होऊन् वा जीवनचक्रीय नै किन नहोऊन् तिनमा त्यहाँको प्रकृति, सामाजिक, संस्कार, धर्म परम्परा, आर्थिक गतिविधि छचल्किएको पाइन्छ । यस क्षेत्रका बालकदेखि बृद्धसम्म सबैले लोकगीत गाउँछन्, बाजा बजाउँछन्, नाच्छन् पनि । विशेष गरी युवा वर्ग त्यसमा पनि महिलाहरू लोकगीतमा बढी रुचि राख्दछन् । यहाँ हुने जात्रा, मेलापर्व आदिमा लोकगीतका पारखीको बाक्लो उपस्थिति रहन्छ । कुनै न कुनै किसिमका लोकगीतविना यहाँका चाडपर्व सम्पन्न हुँदैनन् ।

यहाँका लोकगीत स्वच्छन्द मौलिक गीत भए तापनि तिनमा काव्यात्मकता रहेको छ । स्थानीय भाषिकाको प्रभाव बढी देखिए तापनि लयात्मकता र गेयात्मकता भरपुर रहेको छ ।

मौलिकता, ऐतिहासिकता, स्वच्छन्दता, सहजता, सरलता, सरसता, परिवर्तनशीलता, प्रश्नोत्तरात्मकता, सामूहिकता, रचनाकारको अज्ञानता यस क्षेत्रका लोकगीतका प्रमुख

विशेषता रहेका छन् । यी गीतले यस क्षेत्रको लोकजीवनका सम्पूर्ण क्षेत्रलाई चिनाउने काम गरेका छन् । यी गीतले गुल्मी जिल्ला लगायत सिङ्गो राष्ट्रका लोकगीतको विकासमा ठूला योगदान पुऱ्याएका छन् । यी लोकगीतको व्यापकता सर्वाधिक छ र कालान्तरसम्म पनि रहिरहने छ ।

प्रस्तुत शोधपत्रमा पश्चिम गुल्मीका २९ ओटा गा.वि.स. का लोकगीतको मात्र अध्ययन गरिएको छ ।

## ६.३. भावी अध्ययनको लागि सुझाव :

गुल्मी जिल्ला लोकसाहित्यको भण्डार हो । यहाँ लोकसाहित्यका विविध विधासँग सम्बद्ध रहेर विशेष अध्ययन अनुसन्धान गर्न सकिन्छ । यसका लागि सम्भावित शोधशीर्षकहरू निम्न लिखित छन् ।

१. पश्चिम गुल्मीका लोकगाथाको अध्ययन,

२. गुल्मी जिल्लाको लोकसाहित्यको अध्ययन,

३. गुल्मीका पूर्वी क्षेत्रका लोकगीतको अध्ययन,

४ लोकगीतका क्षेत्रमा गुल्मी जिल्लाको योगदान, आदि ।

# शोधपत्रमा सङ्कलित लोकगीतका सूचकहरूको सूची

| क्र. सं. | सूचकको नाम थर | उमेर (वर्ष) | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | अमृतबहादुर वि.क. | ६० | मर्भुङ -४, गुल्मी । | |
| २. | उमबहादुर वि.क | ८४ | मर्भुङ -१, गुल्मी । | |
| ३. | कमल अर्याल | ४९ | सिर्सेनी -२, गुल्मी । | |
| ४. | कुसुम भण्डारी | १३ | अर्जै, ठाँटी, गुल्मी । | |
| ५. | केशव के.सी र साथीहरू | ३३ | नयाँगाउँ-३, तोर्त, गुल्मी । | |
| ६. | गोपाल थापा | - | ह्वाङ्दी, गुल्मी । | |
| ७. | चन्द्रलाल गिरी | ७२ | सिर्सेनी -१, गुल्मी । | |
| ८. | ज्ञानबहादुर महत | ५६ | अमरपुर - ८, गुल्मी । | |
| ९. | डिल्लीराज अर्याल | ४५ | अर्खावाङ, गुल्मी । | |
| १०. | ताराप्रसाद लम्साल | २६ | घमिर - २, गुल्मी । | |
| ११. | तेजनारायण अर्याल | ६२ | पौंदीअमराई - ६, गुल्मी । | |
| १२. | तेजमान गिरी | ५४ | मर्भुङ् -१, गुल्मी । | |
| १३. | देवीराम गिरी | ४४ | वाग्ला - २, गुल्मी । | |
| १४. | नारायण गिरी | ९४ | मर्भुङ -१, गुल्मी । | |
| १५. | फर्सबहादुर खड्का | ५५ | दोहोली - ४, गुल्मी । | |
| १६. | विष्णु गौतम र साथीहरू | - | अमरपुर, गुल्मी । | |
| १७. | विष्णु भण्डारी | - | धुर्कोट, गुल्मी । | |
| १८. | भक्तिराम भट्टराई | - | म्यालपोखरी, गुल्मी । | |
| १९. | भीमबहादुर थापा | ८२ | पौंदीअमराई, गुल्मी । | |
| २०. | मतीलाल अर्याल | ५२ | मर्भुङ -२, गुल्मी । | |
| २१. | रामबहादुर श्रीस | ५२ | नेटा, गुल्मी । | |
| २२. | लालमणि भूषाल | ४० | बाँझकटेरी, गुल्मी । | |
| २३. | शिवकला गिरी | ४८ | छापहिले, गुल्मी । | |
| २४. | सीता मुखिया | १२ | अमरपुर, गुल्मी । | |
| २५. | हरिकला चन्द | ५२ | अग्लुङ - ७, गुल्मी । | |
| २६. | हरि पोखेल | ४० | जैसीथोक, गुल्मी । | |

| | | | | |
|---|---|---|---|---|
| | हीरा गिरी | - | पौँदीअमराई - १, गुल्मी । | |

# सन्दर्भ ग्रन्थसूची


अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई,(सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश** ( दो.सं)

काठमाडौं : विद्यार्थी, प्रकाशन प्रा.लि., २०६३ ।

अर्याल, हीरामणि (सम्पा.) **किरण**, गुल्मी : महेन्द्र आदर्श मा.वि., वामीटक्सार, २०३७ ।

आचार्य, गोविन्द, **लोकगीतको विश्लेषण**, काठमाडौं : पैरवी प्रकाशन, २०६२ ।

आचार्य, बाबुराम, **पुराना कवि र कविता**, काठमाडौं : साझा प्रकाशन, २०३४ ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्यकी भूमिका**, प्रायग साहित्य भवन लिमिटेड, इ. १९५७ ।

कन्दङ्वा, काजिमान, **नेपाली जनसाहित्य**, काठमाडौं : रायल नेपाल एकेडेमी, २०२० ।

ज्ञवाली, विष्णुहरि, **नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान** (अप्र.), त्रि.वि. नेपाली स्नातकोत्तर, शोधपत्र, २०५२ ।

जोशी, सत्यमोहन, **लोकगीतका केही झल्का**, प्रगति-वर्ष ३, अङ्क २, २०१२ ।

थापा, धर्मराज, **मेरो नेपाल भ्रमण**, पोखरा : सावित्री थापा, २०१६ ।

................., **गण्डकीका सुसेली**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

थपा, धर्मराज र हंशपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

न्यौपाने, कुसुमाकार, **सालैजो गीतको वर्गीकरण र परिचय**, सिर्जना-३/३, २०४६ ।

पन्त, कालीभक्त, **हाम्रो लोकसांस्कृतिक इतिहास**, स्याङ्जा : लेखक स्वयं प्रकाशक, २०२८ ।

पन्त, देवकान्त(सम्पा.), **डोटेली लोकसाहित्य**, काठमाडौं : नेपाल र एसियाली अध्ययन

संस्थान, २०३२ ।

पन्थी, लक्ष्मी, **गुल्मीमा प्रचलित टुक्का**(अप्र.), त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, २०५६ ।

पन्थी, शशी(सम्पा.) **हाम्रो पुरुषार्थ**, गुल्मी : किरण पुस्तकालय, २०३९ र अन्य संस्करण ।

पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन प्रा.लि. २०५७ ।

पराजुली, ठाकुर, **नेपाली साहित्यको परिक्रमा**, काठमाडौं :विद्या प्रकाशन, २०४५ ।

पराजुली, मोतीलाल, **लोकगीतको संरचना**, कुञ्जिनी- ११:८, २०६० ।

परामर, श्याम, **भारतीय लोकसाहित्य**, दिल्ली : राजकमल प्रकाशन लिमिटेड, इ. १९५४ ।

पोखरेल, बालकृष्ण र अन्य(सम्पा.) **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान्, २०५८ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता प्रकाशन, २०५८ ।

बराल, ईश्वर, **नेपाली लोकगीतका विषयमा**, प्रगति-वर्ष १, अङ्क ५, २०१० ।

बराल, ईश्वर र अन्य(सम्पा.) **नेपाली साहित्यकोश**, काठमाडौं : ने.रा.प्र.प्र., २०५५ ।

भण्डारी, ईश्वरीप्रसाद, **गुल्मीमा प्रचलित गाउँखाने कथा**(अप्र.), त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, २०६० ।

महत, झविन्द्र, **गुल्मी जिल्लाको पश्चिमोत्तर क्षेत्रका लोकगीतको अध्ययन**, त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, २०६० ।

लोहनी, लक्ष्मण, **रोदीघर**(दो.सं), काठमाडौं : रत्न पुस्तक भण्डार, २०२२ ।

शर्मा, दीपककुमार, **गुल्मी जिल्लामा प्रचलित लोकगीतहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (अप्र.), त्रि.वि. नेपाली स्नातकोत्तर शोधपत्र, २०६३ ।

श्रेष्ठ, दयाराम, **प्रारम्भिक कालको नेपाली साहित्य, इतिहास र परम्परा**, काठमाडौं, त्रि.वि.

पाठ्यक्रम विकास केन्द्र, २०२८ ।

सापकोटा, होमनाथ, **फोक्सिङ्ग पञ्चायतमा पाइने लोकसाहित्यको सङ्कलन र वर्गीकरण सर्वेक्षण**, भिलेज प्रोफाइल, २०३९ ।

सुवेदी, राजाराम, **गुल्मीको ऐतिहासिक झलक**, गुल्मी : किरण पुस्तकालय, २०५५ ।

सुवेदी राजेन्द्र र होम सुवेदी, **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा**, काठमाडौं : पाठ्यसामाग्री प्रकाशन, २०५५ ।

स्वर्णलता, **लोकसाहित्य विमर्श,** विकानेर : एन स्मृति प्रकाशन, इ. १९७९ ।

**गुल्मी जिल्ला पार्श्वचित्र**, जि.वि.स.को कार्यालय, गुल्मी, २०५६ ।

**गुल्मी दर्पण**, जि.वि.स. गुल्मी, २०५८ र २०६१ ।

जि.वि.स. गुल्मीद्वारा प्रकाशित विभिन्न स्रोत ।

**मेची देखि महाकाली**, भाग ३, काठमाडौं, श्री ५ को सरकार, सञ्चार मन्त्रालय, सूचना विभाग, २०३१ ।

**वर्ल्ड युनिभर्सिटी इन्साइक्लोपेडया**, भोलुम -६ ।

**शिक्षा ज्योति** स्मारिका : जि.शि.का. गुल्मी, २०५६ ।